# अध्याय - एक (CHAPTER - ONE)

## १. परिचय (INTRODUCTION)

### १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

नेपाल एक कृषि प्रणालीमा आधारित पुरुष प्रधान देश हो । नेपालको जनगणना २०६८ अनुसार पुरुषको भन्दा सदस्यको जनसंख्या बढी रहेको परिप्रेक्ष्यमा ४८.५६ प्रतिशत रहेको पुरुषले ५१.४३ प्रतिशत भएको सदस्य माथि वर्चश्व कायम गरी राखेको पाइन्छ । धेरैजसो सदस्यहरू घरायसी र कृषि काममा व्यस्त बनेका छन् । तर पनि सदस्यहरूको घरमाथिको स्वामित्व ०.८ प्रतिशत छ । त्यस्तै पशुपंक्षी तथा घरपालुवा जनावरमाथिको स्वामित्व ५.४ प्रतिशत छ र जमिन माथिको स्वामित्व ५.३ प्रतिशत रहेको छ । यस्ता सदस्यहरूको जीवनस्तर उकास्नका लागि उनीहरूका प्रत्यक्ष सहभागिताबाट नै उनीहरूको चेतना विकास, आर्थिक, सामाजिक, शैक्षिक स्तरमा परिवर्तन ल्याउन सकिन्छ । यसप्रकारको कार्यमा सहकारीको ठूलो महत्व रहन्छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) ।

सहकारी भनेको त्यस्ता मानिसहरूको संगठन हो । जुन स्वेच्छिक रूपमा एक जुट भई आफ्ना, आर्थिक, सामाजिक आवश्यकता र आकांक्षाको परिपूर्ति, प्रजातान्त्रिक नियन्त्रण प्रणालीमा आधारित पद्धति मार्फत् गर्न चाहन्छन् । यसमा 'म' को सट्टा हामीहरू र 'हाम्रा लागि' आर्थिक तथा सामाजिक उद्यम गरौं भन्ने मुल आदर्श रहेको हुन्छ । सामुहिक प्रयासद्वारा मनव जीवन पद्धतिको हरेक क्षेत्र जस्तो कृषि, घरेलु साना उद्योग तथा मझौला व्यवसायको सञ्चालन तथा प्रवर्द्धन सामुहिक सेवाहरूको विस्तार एवं परिचालन सहकारीको माध्यमबाट हुन सक्छ (पौडयाल, २०६०) ।

मानव सभ्यताको विकास हुनु अघिदेखि नै सहकारिताको भावना विकसित भएको पाईन्छ । कमिला र मौरीले आ-आफ्नो समूहमा आवद्ध रही कार्य गर्ने परिपाटी नै सहकारी विकासको मूल कडी हो । नेपालमा प्राचीन समयदेखि नै सहकारिताको भावना अनुरूप नै सामूहिक रूपमा काम गर्ने प्रथाको विकास हुँदै आएको पाइन्छ । नेपालको पूर्वी भेगमा धर्मभकारी, पर्मा, मध्ये पहाडी क्षेत्र तथा काठमाडौंमा गुठी, पश्चिमी भेगमा ढिकुरी जस्ता सामूहिक क्रियाकलापहरू नै सहकारीको प्राचीन रूप हो (राष्ट्रिय सहकारी विकास बोर्ड, २०६६) ।

आफ्ना निश्चित उद्देश्य, आवश्यकता वा समस्याको समाधानका निम्ति व्यक्तिहरूको सामूहिक संलग्नता, निरन्तर आर्थिक सहभागिता वा पुँजीगत योगदान, प्रजातान्त्रिक ढङ्गबाट समान मान्यताहरूको अवलम्बन गरी इच्छित उद्देश्यको परिपूर्ति, संस्थाको प्रवर्द्धन स्वामित्व र नियन्त्रण व्यक्ति (सदस्य) हरूको आफ्नो आवश्यकता पूरा हुने गरी गरिने एउटा पद्धति नै सहकारी हो । अन्तर्राष्ट्रिय सहकारी महासङ्घ (International Co-operative Alliance/ICA) ले सहकारीलाई परिभाषित गर्दै भनेकोछ -"संयुक्त स्वामित्व र प्रजातान्त्रिक पद्धतिबाट नियन्त्रित व्यक्तिहरूको स्वेच्छिक सहभागिताबाट गठित सङ्गठन जसले उनहिरूको साझा आर्थिक, सामाजिक र सांस्कृति आवश्यकता र आकांक्षाको परिपूर्ति गर्दछ, जसलाई सहकारी भनिन्छ (शर्मा, २०६९) ।

विश्वमा मानव सभ्यताको विकाससँगै सहकारिताको पनि विकास भएको मानिन्छ । तापनि आधिकारिक रूपमा सहकारीको जन्म सन् १८४४ मा बेलायतको रोचडेल भन्ने सहरमा २८ जना कपडा कारखानामा काम गर्ने मजदुरहरूबाट भएको थियो । उनीहरूले एक आपसमा मिलेर सहकारीको भावना अनुरूप उपभोक्ता भण्डार गठन गरेका थिए । यो संस्थाको नाम रोचडेल इक्वाइटेवल पोइनर सोसाइटी (Rochdale Equitable Pioneer Society) थियो । सोही दशकमा खास गरी युरोपमा विभिन्न मुलुकका सहकारिताकै माध्यमबाट आर्थिक स्थर सुधार्ने प्रयास गरिएको थियो । सहकारीतालाई प्रायः कम विकसित मुलुकका विपन्न वर्गसँग जोड्ने गरेको पाए तापनि यसको पहुँच हालको विकसित मुलुकबाट नै भएको पाइन्छ । जहाँ ग्रामीण जनताको जीवनस्तर उकास्नका लागि उनीहरूको प्रत्यक्ष सहभागिताबाट नै उनीहरूको चेतना विकास, आर्थिक विकास, सामाजिक, शैक्षिक स्तरमा परिवर्तन ल्याउन सकिन्छ भन्ने महशुस गरियो । यस प्रकारको कार्यमा सहकारिताको ठूलो भूमिका रहेको थियो (चापागाई, २०६९) ।

सहकारी ऐन, २०४८ अन्तर्गत स्थापना भई सीमित बैंकिङ कारोबार गर्न इजाजत प्राप्त गरेका सहकारी संस्थाहरूले नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको निर्देशनको अधिनमा रही सीमित बैंकिङ कारोबार गर्दै आएका छन् । २०६८ फागुन मसान्तमा यस्ता संस्थाहरूको सङ्ख्या १५ र राष्ट्रिय सहकारी विकास बैंक समेत गरी जम्मा १६ रहेको छ । यी संस्थाहरूको कुल सम्पत्ति/दायित्व २०६८ फागुन मसान्तमा रु.८ अर्ब ८६ करोड ४१ लाख रहेको थियो । यसैगरी २०६८ फागुन समान्तसम्ममा यी संस्थाहरूको निक्षेप सङ्कलन रु.६

अर्ब ४३ करोड १९ लाख पुगेको थियो । यी संस्थाहरूले २०६८ फागुन मसान्त सम्ममा सरकारी धितोपत्र, मुद्दती खाता र अन्यमा गरी रु.८० करोड लगानी गरेका छन् । सहकारी ऐन, २०४८ बमोजिम नै दर्ता भई कारोबार गरिरहेका बचत तथा ऋण सहकारी संस्थाहरूको सङ्ख्या २०६८ पौष मसान्त सम्म १ ०,९९६ पुगेको छ । साथै सदस्य सङ्ख्या१४,८९, ६७१, शेयर पुँजी रु.१४१ ६.७१ करोड, बचत रु. ९४०३.३८ करोड र लगानी रु. ८९३०.८७ करोड पुगेको छ (अर्थ मन्त्रालय, २०६९) ।

मुलुकको कुल ग्राहस्थ उत्पादनमा सहकारी क्षेत्रको योगदान १ प्रतिशत रहेकोमा क्रमशः वृद्धि हुँदै गइरहेको छ । वित्तीय क्षेत्रमा यसको योगदान ७ प्रतिशत पुगेको अनुमान छ । समग्रमा सहकारी क्षेत्रबाट वार्षिक रु.६३ अर्बभन्दा बढीको कारोबार सञ्चालन हुने गर्दछ । विभिन्न क्षेत्रका सहकारी संस्थाको शेयर पुँजी रु.३ अर्ब ६३ करोड पुगेको छ । त्यसैगरी करिब १५ हजारको सङ्ख्यामा विभिन्न तहको जनशक्तिलाई प्रत्यक्ष रोजगारी उपलब्ध गराउने काम गरेको छ भने अप्रत्यक्ष रूपमा विभिन्न पेसा, उद्योग, व्यापार सेवा व्यवसायद्वारा लाखौं व्यक्तिहरूलाई रोजगारी दिने कार्य गरेको छ (कोइराला, २०६६) ।

वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि सहकारीको माध्यमबाट देशको आर्थिक विकास गर्नका लागि विभिन्न प्रयासको थालनी भयो । वि.सं. २०१० सालमा सहकारी विभागलाई योजना विकास तथा कृषि मन्त्रालय अन्तर्गत राखी संस्थागत रूपमा सहकारिताको विकासको सुरुवात भएको हो । यो विभागले कृषकहरूलाई सरलतापूर्वक समयमा ऋण प्रदान गर्नका लागि सहकारी ऋण समितिहरू पनि स्थापना गरियो तर सहकारी सम्बन्धी ऐन नियमको अभाव र दक्ष कर्मचारीको कमीले गर्दा सहकारी विभागले ठोस काम गर्न सकेन । वि.सं. २०११ सालमा श्री ५ को सरकारबाट बाढी पीडित जनतालाई बसोबास बहुमुखी विकास योजना सुरु गर्दा सहकारिताको महशुस गरी देशमा योजनाबद्ध विकासको सरुवातमा सहकारीतालाई पनि समावेश गरियो । वि.सं. २०१३ सालमा चितवन जिल्लामा अमेरिकाको सहयोगमा सञ्चालित विकास योजना अन्तर्गत १३ वटा ऋण सहकारी संस्थाको स्थापना भएका थियो । सहकारिताको विकासको क्रममा वि.सं. २०१६ सालमा सहकारी संस्था ऐन २०१६ जारी भयो । वि.सं. २०१८ सालमा सहकारी संस्था ऐन अनुसार सहकारी संस्था ऐन अनुसार सहकारी संस्था नियमावलीको तर्जुमा भई सहकारी विकसको कोष खडा गरियो । सहकारीलाई व्यवस्थित र संस्थागत रूपमा

सञ्चालन गर्दै लैजानका लागि वि.सं. २०१८ सालमा सहकारी प्रशिक्षण केन्द्रको स्थापना गरियो । सहकारीमा संलग्न जनशक्तिलाई तालिम, शिक्षा, सीप प्रशिक्षण दिने व्यवस्था गरियो (दाहाल, २०५७) ।

वि.सं. २०२० सालमा सहकारी संस्थालाई सरल र सुलभ तरिकाबाट ऋण उपलब्ध गराउन सहकारी बैंकको स्थापना भयो । जुन वि.सं. २०२४ सालमा कृषि विकास बैंकमा परिणत भयो । वि.सं. २०३३ मा गाउँको संस्थागत विकास गर्नका लागि साझा कार्यक्रम अन्तर्गत ३० जिल्लाका हरेक गाउँ विकास समितिमा बहुमुखी सहकारी संस्था स्थापना गरियो । यसै अनुसार वि.सं. २०३६ मा सहकारीतालाई आथिृक मेरुदण्डको रूपमा तत्कालिन संविधानमा समावेश गरिएको थियो । वि.सं. २०४१ सालमा साझा संस्था ऐन जारी भयो । वि.सं. २०४४ सालमा साझा विकास विभागलाई कृषि मन्त्रालयमा गाभी उच्च स्तरीय साझा विकास केन्द्रित समन्वय समिति गठन भयो । वि.सं. २०४८ मा राष्ट्रिय सहकारी विकास बोर्डको गठन भयो । वि.सं. २०५० सालमा राष्ट्रिय सहकारी संस्थाको स्थापना गरियो । यो संघ सहकारी ऐन २०४८ र सहकारी नियमावली २०४९ का आधारमा स्थापना भएको हो । सहकारी ऐन २०४८ ले सहकारी संगठन संस्थालाई स्वतन्त्र रूपमा संचालन गर्नका लागि अनुकूल वातावरण सिर्जना गरेको छ । यसको सशक्त कार्यान्वयनले देश विकासको क्रममा सकारात्मक परिणाम ल्याउन आशा गर्न सकिन्छ (दाहाल, २०५७) ।

सहकारी प्रणालीको माध्यमबाट मुलुकको आर्थिक, सामाजिक तथा सांस्कृति विकास गरी सहकारी संस्थाका सदस्य लगायत आम नागरिकहरू र विशेष गरी आर्थिक, सामाजिक, शैक्षिक रूपमा वञ्चित सदस्य, दलित, जनजाती र पिछडिएका सदस्यको जीवनस्तरमा सुधार गर्न र स्थायी परिवर्तन ल्याउन सकिने प्रचुर सम्भावनाहरू रहेका छन् । यही सहकारीताको माध्यमबाट सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका सदस्यहरूको आफूसँग रहेको सीमित स्रोत साधन र सीपको उपयोग गरी आत्मनिर्भरता हासिल गर्न सक्ने सम्भावना हुनुका साथै आयमूलक तथा रोजगारी मूलक कार्यमा संलग्न भई गरिबी निवारणमा महत्वपूर्ण योगदान देखिन्छ । साथै परिवार, समाज र राष्ट्रका सबै पक्षमा सकारात्मक परिवर्तन ल्याउनका लागि सहकारीको थप विकास तथा विस्तार गरिनुपर्छ । यसै सन्दर्भमा सहकारीले परिवार, समाज र राष्ट्रमा नै सकरात्मक परिवर्तन देखापर्ने महसुस गरी सहकारी संस्थाले सदस्यहरूको आर्थिक र शैक्षिक पक्षमा कस्तो योगदान पुऱ्याउन सक्छ

भन्ने तथ्य पत्ता लगाउन यस अध्ययन काडमाडौं जिल्लाको वडा नं. १४ मा अवस्थित होस्टे हैसे बचत तथा ऋण सहकारी संस्था र संस्थामा आवद्ध सदस्यहरूलाई यस अध्ययनमा समेट्ने प्रयास गरेको छु ।

## नेपालमा सहकारी संस्था सञ्चालन गर्ने कानुनी प्रावधान

देशका कृषक, कालीगढ, कम पूँजीवाला र निम्न आय वर्ग, श्रमिक, भूमिहीन तथा वेरोजगार वा सामाजिक कार्यकर्ताले सर्वसाधारण उपभोक्ताको आर्थिक तथा सामाजिक विकासका लागि पारस्परिक सहयोग र सहकारिताको आधारमा विभिन्न किसिमका सहकारी संस्था र सङ्घहरूको गठन र सञ्चालन सम्बन्धी व्यवस्था गर्न सकिनेछ । जसका लागि कृषि तथा सहकारी नीति शाखाले कृषि सम्बन्धी नीति ऐन नियममा निम्न प्रावधानहरूको व्यवस्था गरेको छ ।

१. प्रारम्भिक सहकारी संस्था खोल्नका लागि कम्तीमा २५ जना व्यक्तिहरू सदस्य हुनुपर्ने ।

२. विषयगत सङ्घ खोल्नका लागि कम्तीमा पाँचवटा प्रारम्भिक सहकारी संस्थाहरू सदस्य भएको हुनुपर्ने ।

३. जिल्ला सहकारी सङ्घ खोल्नका लागि पाँचवटा प्रारम्भिक सहकारी संस्था र पाँचवटा विषयगत सङ्घ सदस्य भएको हुनुपर्ने ।

४. केन्द्रीय सहकारी सङ्घ खोल्नका लागि प्रारम्भिक सहकारी कम्तीमा २५ वटा, विषयगत सङ्घ कम्तमिा पाँचवटा सदस्य भएको हुनुपर्ने ।

५. राष्ट्रिय सहकारी सङ्घका लागि विषयगत सङ्घ, जिल्ला सहकारी सङ्घ र केन्द्रीय सहकारी सङ्घ गरी कम्तीमा १५ वटा सङ्घ संस्थाहरू सदस्य भएको हुनुपर्ने ।

६. एउटै जिल्लामा एकभन्दा बढी जिल्ला सहकारी सङ्घ, एकै प्रकृतिका विषयगत सङ्घ र एकै प्रकृतिका केन्द्रीय सहकारी सङ्घ गठन गर्न सकिने छैन ।

७. यस्ता सङ्घ वा संस्था दर्ता गर्नका लागि संस्था वा सङ्घको दुई प्रति विनियमहरू, कार्ययोजना तथा सदस्यहरूले लिन कबुल गरेको शेयरको विवरण सङ्कलन गरी रजिष्ट्रार समक्ष दरखास्त दिनुपर्ने हुन्छ ।

८. यस ऐन अन्तर्गत बनेका नियमहरूको अधिनमा रही संस्था वा सङ्घले आफ्नो कार्य सञ्चालन गर्न विनियम बनाउन सक्नेछ । यसरी बनाएको विनियम रजिष्ट्रारले स्वीकृत गरेपछि लागु हुनेछ ।

९. प्रत्येक सङ्घ वा संस्थाको सञ्चालन तथा व्यवस्थापन सो संस्था वा सङ्घको विनियम बमोजिम हुनेछ ।

१०. विनियममा संस्था वा सङ्घको नाम, ठेगाना, कार्यक्षेत्र, उद्देश्य सञ्चालन विधि तथा तोकिए बमोजिमका अन्य विवरणहरू खुलाइएको हुनुपर्ने छ ।

११. विनियमको संशोधन सम्बन्धित सङ्घ वा संस्थाको साधारण सभामा उपस्थित सदस्यहरूको दुई तिहाई बहुमतले गर्न सक्ने छ ।

१२. प्रत्येक संस्था वा सङ्घले दर्ता भएको मितिले तिन महिनाभित्र प्रारम्भिक साधारण सभा गराउनु पर्ने र प्रत्येक आर्थिक वर्षको समाप्त भएको ६ महिनाभित्र प्रत्येक संस्था वा सङ्घले वार्षिक साधारण सभा गराउनु पर्ने हुन्छ ।

१३. साधारण सभाले सञ्चालन समिति, लेखा समिति, उप समिति, समितिको सदस्यको निष्काशन वा समितिको विघटन, उपसमितिहरूको चयन कर्मचारी तथा सल्लाहकारको नियुक्ती गर्नेछ (कृषि तथा सहकारी नीति शाखा, २०६५) ।

सहकारी प्रणालीको माध्यमबाट मुलुकको आर्थिक सामाजिक तथा सांस्कृतिक विकास गरी, सहकारी संस्थाका सदस्य लगायत आम नागरिकहरू र विशेष गरी आर्थिक, सामाजिक, शैक्षिक रूपमा वञ्चित दलित जनजाति र पिछडिएका सदस्यहरूको जीवनस्तरमा सुधार गर्न र स्थायी परिवर्तन ल्याउन सकिने प्रचुर सम्भावनाहरू रहेका छन् । सहकारीको माध्यमबाट सदस्यहरूले आफूसँग रहेको सीमित स्रोत, साधन र सीपको उपयोग गरी आत्मनिर्भर बन्ने प्रयास हुनुका साथै सदस्यहरू आयमूलक तथा रोजगारीमूलक कार्यमा सहकारीका माध्यमबाट सहभागी भएका कारण ग्रामीण गरिबी निवारणमा महत्त्वपूर्ण योगदान देखिन्छ साथै परिवार, समाज र राष्ट्रका सबै पक्षमा सकारात्मक परिवर्तन ल्याउनका लागि सहकारीको थप विकास तथा विस्तार गरिनु पर्दछ (तिम्सिना, २०६९) ।

## १.२ समस्याको कथन (Statement of the Problem)

कुल जनसंख्याको आधा भन्दा धेरै रहेका सदस्यको योगदान विना राष्ट्रको आर्थिक विकास गर्न सकिँदैन । पुरुषहरूको भन्दा सदस्यहरूको कृषि र घरायसी क्षेत्रमा योगदान धेरै भएता पनि सदस्यहरूको कामको योगदानलाई राष्ट्रिय आयमा समावेश गरिएको छैन । ग्रामीण क्षेत्रमा पिछडएर रहेका गरीब किसान, भूमिहिन मजदुर र सदस्यको लागि यथेष्ट रूपमा संस्थागत ऋण सुविधा त्यस्तै उत्पादनका नयाँ नयाँ प्रविधिहरू उपलब्ध हुन सकेका छैनन् । जसले गर्दा ग्रामीण किसानहरू तथा सदस्यहरू पुरानै प्रविधिबाट कृषि कार्य गर्न बाध्य छन् ।

साहु महाजनबाट ऋण लिएता पनि चर्को व्यजका कारण उत्पादित क्षेत्रमा खर्च गर्न नजान्नाले ऋण समस्यको रूपमा रहेको छ । यिनै समस्याहरू समाधान गर्नका लागि विभिन्न सहकारी संस्थाहरूले चेतनामुलक, सीपमुलक र शिक्षा सम्बन्धि तालिमको व्यवस्था गरेको पाइन्छ । कृषिजन्य वस्तुहरूको उत्पादन, उत्पादित वस्तुहरूको विक्रि वितरण जस्ता कार्यक्रमहरू सहकारीबाट संचालित हुने गरेको पाइन्छ । तर दुर्भाग्यवस यस्ता सहकारीहरू लक्षित वर्गका लागि नभएर संभ्रान्त वर्गका मानिसहरूको इसारामा चलिरहेको छ । सन् १९९२ को सहकारीता ऐनलाई राजनीतिज्ञ र केही पहुँच भएका व्यक्तिहरूले प्रभावकारी तरिकाबाट नदिएका कारण १० वर्षको अवधिमा सहकारी कार्यक्रमको गति जम्मा ४.५ प्रतिशतले अगाडि वढेको पाइन्छ ।

ग्रामीण पिछडिएका गरिव किसान, भूमिहिन, कृषि मजदुरहरू र सदस्यहरूको लागि यथेष्ट रूपमा संस्थागत ऋण सुविधा, उत्पादनको नयाँ प्रविधिहरू उपलव्ध हुन सकेको छैन कृषि तथा ग्रामीण क्षेत्र अशिक्षा, अज्ञानता र रुढीगत संस्कारले व्याप्त छ । ग्रामिण किसानहरू पुरानै प्रविधिबाट कृषिकार्य गर्न बाध्य छन् । जसबाट उनीहरूलाई आफ्नो उत्पादनले वर्षभरी उपभोग खर्च धान्न तथा न्यूनतम आवश्यकता पुरा गर्न नसकी साहुमहाजनबाट चर्को व्यजदरमा ऋण लिई परिवार धान्नु पर्ने बाध्यताले विदेशतिर पलायन हुने प्रविधी वृद्धि भइरहेको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ ले अर्थतन्त्रको विकासमा सरकारी, सहकारी र निजी क्षेत्रको महत्वपूर्ण भूमिकालाई स्वीकार गर्दै सहकारीलाई अर्थतन्त्रको एउटा खम्बाको रूपमा स्वीकार गरेको छ । सहकारीको संख्यात्मक वृद्धि तिव्र छ । देशका ७५ वटै जिल्लामा

सहकारीको सेवा पुऱ्याइएको छ । तर अति विपन्न समुदायलाई सहकारीमा आवद्ध गरी आर्थिक मूल धारमा प्रवेश गराउने कुरामा अझै समस्या रहेको छ । यस्ता अति पिन्न समुदायका मानिसहरूमा चेतनाको अभावको कारण चर्को ब्याजदरमा ऋण लिनुपर्ने बाध्यता, ऋण लिएर उत्पादनशील क्षेत्रम खर्च गर्न नजान्नाले दिनप्रतिदिन आर्थिक अवस्था खस्कँदै गएको अवस्था, शिक्षाको कमी, वचत गर्ने बानी नहुनु, नेतृत्व गर्न नसक्ने, आत्मविश्वास कम हुनु, हिनताबोध हुनु सामाजिक सम्मान नहुनु, जस्ता समस्या अझ पनि समाजमा विद्यमान छ । यस्ता प्रकारका मानिसहरूलाई सहकारीमा आवद्ध गराउन सकेमा आर्थिक विकास हुनुका साथै उक्त मानिसको जीवनमा सकारात्मक परिवर्तन ल्याउन टेवा पुग्ने देखिन्छ । त्यसैले यो अध्ययन नल्लु गा.वि.स. ललितपुर स्थित सहकारी संस्थाले सदस्यहरूको आर्थिक तथा उनीहरूका बालबालिकाको शैक्षिक अवस्थाको अध्ययन गर्न यो अनुसन्धान लक्षित रहनेछ । त्यसैले यो अध्ययन नल्लु गा.वि.स. ललितपुरमा अवस्थित होस्टे हैसे बचत तथा ऋण सहकारी संस्थाले सदस्यहरूको आर्थिक तथा उनीहरूका बालबालिकाको शैक्षिक अवस्थाको अध्ययन गर्न यो अनुसन्धान लक्षित रहेको छ ।

## १.३ अध्ययनको उद्देश्यहरु (Objectives of the Study)

यस अध्ययनको साधारण उद्देश्य सहकारी संस्थाले सदस्यहरूको आर्थिक र उनीहरूका बालबालिकाहरूको शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु रहेको छ भने यसका विशिष्ट उद्देश्य निम्न लिखित रहेका छन् ।

१. सहकारी संस्थाको वर्तमान अवस्थाको पहिचान गर्नु ।

२. सहकारी संस्थामा संलग्न भएका र नभएका सदस्यको आर्थिक अवस्थाको तुलनात्मक विश्लेषण गर्नु ।

३. सहकारी संस्थामा संलग्न तथा असंलग्न सदस्यहको पारिवारिक शैक्षिक अवस्था पत्ता लगाउनु ।

## १.४ अनुसन्धान प्रश्नहरू (Research Questions)

यस अध्ययनमा नल्लु गा.वि.स. ललितपुरमा रहेको होस्टे हैसे बचत तथा ऋण सहकारी संस्थामा संलग्न हुने र नहुने सदस्यहरूका आर्थिक तथा शैक्षिक अवस्था कस्तो रहेको छ भन्ने कुरालाई आधार मानि निम्नलिखित प्रश्नको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१. सहकारी संस्थाले सदस्यहरूलाई प्रवाह गरेको ऋणको अवस्था कस्तो छ ?

२. सहकारी संस्थामा संलग्न सदस्यहरूको आर्थिक अवस्था कस्तो छ ?

३. सहकारी संस्थामा संलग्न सदस्यहका बालबालिकाहरूको शैक्षिक अवस्था कस्तो छ ?

४. सहकारी संस्थामा संलग्न सदस्यहरूले तालिम पाएका छन् ?

५. सहकारी संस्थामा संलग्न सदस्यहरूको समस्या के-के छन् ?

६. सहकारी संस्थामा संलग्न नभएका सदस्यहको आर्थिक अवस्था कस्तो रहेको छ ?

७. सहकारी संस्थामा संलग्न नभएका सदस्यहरूको बालबालिकाहरूको शैक्षिक अवस्था कस्तो छ ?

## १.५ अध्ययनको महत्व (Significance of the Study)

सहकारी प्रत्येक वर्ग, समुदाय र क्षेत्रका व्यक्तिलाई सामुहिक भावनाका साथ व्यक्तिगत उन्नति, प्रगतिमा अगाडि बढाउने लक्ष्य बोकेर स्थापना भएको विशुद्ध सामाजिक संस्था हो । समाजमा रहेका विभिन्न प्रकारका असमानता टाई सबै सदस्यहरूलाई एकताको सूत्रमा आवद्ध गराई राष्ट्र निर्माणमा सबैको उपस्थिति र सक्रियता बढाउने स्वच्छ अभियान हो । यसको माध्यमबाट जनतामा परिवर्तित समय अनुरूपको सशक्तिकरण आउँछ । आजको राष्ट्रनिर्माणको लागि कुनै एक दुई वर्गको सहभागिताले केही नहुने भएकोले सबैले संवदनशील भएर आ-आफ्नो उपयोग गरी आ-आफ्नो ठाउँबाट, घर समुदायबाट विकासको सूत्रपात गराउने संस्था भनेका सहकारी हो । यसले स्वावलम्बन र समानतालाई बढावा दिँदै प्रजातन्त्रलाई सुदृढ पार्दछ । म को सट्टा हामीहरू र सुखीको लागि आर्थिक तथा सामाजिक उद्यम गरौं भन्ने मुल आदर्श रहेको सहकारी संस्थामा बचत तथा ऋणको माध्यमबाट ग्रामीण क्षेत्रमा समेत वितीय परिचालन भई बैंक सम्म पहुँच नभएका समुदायहरूको पहुँच र सामता वृद्धि हुनका साथै लैङ्गिक हिंसा जस्ता सामाजिक विकृति कम गर्न सहकारी संस्थाहरू खासगरी सदस्य सहकारी संस्थाहरू सहायक सिद्ध भएका छन् । मानव सभ्यताको विकास हुनु अघि देखि नै सहकारीताको भावनाको विकास भएको पाइन्छ (सुवेदी, २०५७) ।

नल्लु गा.वि.स. ललितपुरमा सञ्चालित होस्टे हैसे बचत तथा ऋण सहकारी संस्थाले सदस्यहरूको आर्थिक शैक्षिक अवस्था सुधार गर्न विभिन्न आयमुलक तथा सीप विकास कर्यक्रम सञ्चालन गरिएको छ । यस अध्ययनबाट उक्त संस्थाले सदस्यको जीवनस्तर

सुधार्न के कस्ता कार्यक्रम गरिरहेको छ ? कसरी संचालन गरिएको छ ? यसबाट के के उपलब्धी हासिल गरिएको छ ? समस्या के-के रहेका छन् ? भन्ने कुराको अध्ययन गर्नाले सहकारी संस्थाहरूमा आफूमा भएको कमी कमजोरीहरूको सुधार र परिमार्जन गर्दै अगाडि बढ्न सहयोग हुने आशा राखिएको छ । त्यसको साथसाथै सदस्यहरूको शैक्षिक र आर्थिक पक्षमा भएका सकारात्मक सुधारहरूले सहकारीको पहुँच नपुगेका ठाउँमा सहकारी कार्यक्रम सञ्चालन गर्न र यससँग संलग्न भए नभएका सदस्यका लागि सहकारी सम्बन्धी ज्ञानको विस्तार गर्नु थप अध्ययन अनुसन्धान गर्न सहयोग मिल्नेछ । यस अध्ययनको महत्वहरूलाई वुँदागत रूपमा यस प्रकार उल्लेख गरिएको छ ।

१. सहकारी संस्थामा सरिक नभएका सदस्यहरूका लागि सहकारी सम्बन्धी ज्ञानको विस्तार गर्न सहयोग गर्नेछ ।
२. सहकारी सम्बन्धी नीति निर्माताको लागि नीति निर्माण गर्न सहयोग मिल्नेछ ।
३. सहकारी सम्बन्धी थप अध्ययन अनुसन्धानको लागि सहयोग गर्नेछ ।
४. यस अध्ययनसँग सरोकार राख्ने व्यक्तिहरूका लागि अध्ययन सामग्री बन्नेछ ।

## १.६ अध्ययनको सीमा (Limitations of the Study)

अनुसन्धान आफैमा एक जटिल र महत्वपूर्ण कार्य हो । यसको लागि धेरै समय, श्रम र आर्थिक पक्षको आवश्यकता पर्छ । यसर्थ तोकिएको शिर्षकको सम्पूर्ण पक्षलाई अध्ययन गर्न नसकिने हुँदा यसको निश्चित क्षेत्र निर्धारण गरी सीमितिकरण गर्न आवश्यक पर्ने भएकोले यस अध्ययनलाई नल्लु गा.वि.स. ललितपुरमा अवस्थित होस्टे हैसे बचत तथा ऋण सहकारी संस्थामा आवद्ध सदस्यहरूलाई मात्र सीमित गरिएको छ । यस अनुसन्धानमा निम्न सीमाहरू रहेका छन् ।

१. यस अध्ययनमा नल्लु गा.वि.स. ललितपुरलाई मात्र लिइने छ ।
२. यस अध्ययनमा नल्लु गा.वि.स. ललितपुरमा अवस्थित होस्टे हैसे बचत तथा ऋण सहकारी संस्थालाई मात्र लिइने छ ।
३. यस अध्ययनमा नल्लु गा.वि.स. ललितपुरमा अवस्थित होस्टे हैसे बचत तथा ऋण सहकारी संस्थामा संलग्न भएका र नभएका सदस्यको घरपरिवारलाई मात्र लिइनेछ ।

४. यस अध्ययनमा सहकारी संस्थाले सदस्यहरूलाई कसरी ऋण वितरण गर्दछ भन्ने विषयवस्तुलाई लिईएको छ ।

५. यस अध्ययनमा सहकारी संस्थामा संलग्न भएका र नभएका सदस्यहरूको घरपरिवारको आर्थिक पक्षको मात्र अध्ययन गरिएको छ ।

६. यस अध्ययनमा सहकारी संस्थामा संलग्न भएका र नभएका सदस्यहरूका बालबालिकाहरूको शैक्षिक अवस्थाको मात्र अध्ययन गरिएको छ ।

७. उक्त बालबालिकाहरू निजी र सरकारी कुन विद्यालयमा अध्ययनरत छन् भन्ने कुरालाई मात्र लिईएको छ ।

८. तथ्याङ्क संकलन गर्दा प्रश्नावली र अवलोकन साधनहरूको मात्र प्रयोग गरिएको छ ।

९. यस अध्ययनमा ६० वर्ष मुनिका सदस्यलाई मात्र समावेश गरिएको छ ।

१०. प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षलाई सम्पूर्ण देशको सन्दर्भमा सामान्यीकरण गर्न सकिदैन ।

## १.७ अध्ययनको संगठन (Organization of the Study)

यस अध्ययनलाई ५ अध्यायमा विभाजन गरिएको छ । अध्याय एकमा परिचय, पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनमा सीमा, अनुसन्धान प्रश्न र अध्ययनको संगठन राखिएको छ । अध्याय दुईमा पूर्वसाहित्यको पुनरावलोकन राखिएको छ । अध्याय तीनमा अध्ययन विधि, अनुसन्धान ढाँचा, नमूना छनोट, तथ्याङ्कका श्रोतहरू, तथ्याङ्क संकलनका औजारहरू, तथ्याङ्कको विश्लेषण र अध्ययन क्षेत्रको परिचय रहेको छ । चौथो अध्यायमा तथ्याङ्कको प्रस्तुतीकरण, विश्लेषण र सारांश राखिएको छ र अध्याय पाँचमा, निष्कर्ष र सुझावहरू राखिएको छ । त्यसपछि अनुसूचीहरू तथा सन्दर्भ सूचीहरू राखिएको छ ।

## १.८ मुख्य शब्दावलीको परिभाषा (Definition of the Key Terms)

मुख्य शब्दावलीहरूलाई निम्न रूपमा परिभाषित गरिएको छ -

**सहकारी संस्था** - इच्छुक व्यक्तिले पैसा बचत गर्न वा बैकको सानो अंश

**जनसंख्या** - अनुसन्धानको लागि छनोट गरिएको सम्पूर्ण मानिस तथा वस्तुहरूको समूह

**नमूना** - ठूलो जनसंख्याबाट छनोट गरिएको प्रतिनिधिमुलक समूह

**वार्षिक आम्दानी** - एक वर्ष भरिमा प्राप्त गरेको आम्दानी

**वार्षिक खर्च** - एक वर्ष भित्रमा गरिएको खर्च

**साक्षरता** - पढेलेखेको मानिसहरूको समूह विद्यालय गएका मानिसहरूको समूह

**निरक्षरता** - पढ्न लेख्न नआउने विद्यालय नगएका मानिसहरूको समूह

**बेरोजगारी** - काम गर्ने इच्छा र चाहना हुँदाहुँदै पनि काम नपाएको अवस्था

**गरिबी** - आफ्नो आधारभूत आवश्यकता पुरा गर्न नसक्ने अवस्था नै गरिबी हो ।

# अध्याय - दुई (CHAPTER - TWO)

## २. सन्दर्भ साहित्यको पुनरावलोकन (REVIEW OF RELATED LITERATURE)

यस अध्ययनमा अनुसन्धान शीर्षकसँग सम्बन्धित विभिन्न पाठ्यपुस्तक, जर्नल, अनुसन्धान प्रतिवेदन लगायत अन्य अप्रकाशित अभिलेखहरूको पुनरावलोकन गरिएको । यसका साथै सहकारी संस्थाको इतिहास, नेपालमा सहकारी संस्थाको स्थापना र विकास सम्बन्धी विभिन्न लेख रचना तथा अनुसन्धानकर्ताहरूको अनुसन्धानको समीक्षा गरिएको ।

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of Theoretical Literature)

कोइराला (२०६६) काअनुसार सहकारी भावनाको सुरुवातमा सन् १८४४ मा बेलायतको म्यानचेष्टर सहर नजिकै रकडेल समाजमा (Rochadale Society) भएको थियो । जसमा २८ जना युवाहरू, जो विभिन्न कारखानामा मजदुर थिए । उनीहरूले १/१ पाउण्ड रकम जम्मा गरेर सोही पुँजीबाट उपभोक्ता भण्डार खोलेका थिए । सहकारी संस्थाको सफल सञ्चालनार्थ रकडेल समाजले केही नियमहरू बनाई कारखानाका मालिक र वितरकहरूको एकाधिकारलाई चुनौती दिँदै यस संस्थाले बेलायतका गल्ली गल्लीमा उपभोक्ता सहकारी पसल सञ्चालन गऱ्यो । सहकारीमा देखिएको सकारात्मक स्थापना गर्नु थियो । उक्त महासङ्घले सहकारीका प्रवर्तक र पथप्रदर्शक रकडेल सोसाइटीको सो सम्बन्धी मान्यतालाई आत्मसाथ गर्दै सहकारीका नियमहरूमा सन् १९६६ मा समय सापेक्ष परिमार्जन गऱ्यो । कलकारखानाहरूमा श्रमिकको रूपमा काम गरेका Robert Owen लाई आधुनिक सहकारिताको जन्मदाता मानिन्छ ।

पौडेल (२०६६) काअनुसार सहकारी भनेको त्यस्ता मानिसहरूको सङ्गठन हो जुन स्वेच्छिक रूपमा भै आफ्नो आर्थिक, सामाजिक, शैक्षिक आवश्यकता र आकांक्षाको परिपूर्ति, प्रजातान्त्रिक नियन्त्रण प्रणालीमा आधारित पद्धति मार्फत गर्न चाहन्छन् । यसमा 'म' को सट्टा हामीहरू र हाम्रा लागि आर्थिक र सामाजिक उद्यम गरौं भन्ने मूल आदर्श रहेको हुन्छ । सामूहिक प्रयासद्वारा मानव जीवन पद्धतिको हरेक क्षेत्र जस्तो कृषि घरेलु साना उद्योग तथा मझौंला व्यवसायको सञ्चालन तथा प्रवर्द्धन सामूहिक सेवाहरूको विस्तार एवम् परिचालन सहकारीको माध्यमबाट हुन सक्छ ।

बाँस्कोटा (२०६५) काअनुसार छिमेकी राष्ट्र भारतमा सहकारीको आधुनिक आन्दोलन सन् १९०४ को सहकारी ऐन लागु भएपछि सुरु भएको मान्न सकिन्छ भने चीनमा आधुनिक कृषि सहकारी सन् १९१२ मा सुरु भएको मानिन्छ। त्यसबेला चीन कृषि प्रधान देश थियोा। यथेष्ट स्रोत र साधनको सम्भावना भए पनि त्यसलाई कृषि वा उद्योगमा प्रयोग गर्न सकिएको थिएन। देश गरिबीको कुचक्रमा जेलिएको थियो। चीनको संविधानको धारा ३४ मा अन्य कुराको साथसाथै सहकारिताको बारेमा निम्न कुरा उल्लेख भएको छ। The government shall guide the peasan'ts step to organize various forms of labour, mutual aid and production co-operation according to the principle of voluntary of mutual benefit and every stePs of the agrarian reform should be linked up with reviving and development agriculture production. यही आधारमा चीनको सहकारी अगाडि बढ्न थाल्यो।

राष्ट्रिय योजना आयोग (२०६८) काअनुसार दिर्घकालीन योजनाको अभावमा सहकारी क्षेत्रको योजनाबद्ध विकास हुन सकेको छैन। सहकारी ऐन, नियम तथा मापदण्डहरूको समय सापेक्ष सुधार र परिमार्जन हुन नसकेको कारणबाट नियमन तथा अनुगमन प्रभावकारी हुन सकेको छैन। अपर्याप्त संगठन संरचना, दक्ष तथा आवश्यक जनशक्तिको कमि र न्यून साधन स्रोतका कारण सहकारी भित्रको समयानुकूल प्रवर्द्धन हुन सकेको छैन। सहकारी संघ संस्थाहरमा उद्यमशिलताको अभाव हुनाका साथै व्यावसायिक नेतृत्व विकासमा पहल हुन सकेको छैन। एकातर्फ सबै प्रारम्भिक संस्थाहरू सम्बन्ति संघमा आवद्ध भइ नसकेको र अर्कोतर्फ व्यवसायिक क्षमताको अभाव एवं कमजोर भौतिक तथा आर्थिक स्थितिका कारण सहकारी संघहरूले प्रारम्भिक सहकारी संस्थाहरको प्रवर्द्धनमा प्रभावकारी भूमिका निर्वाह गर्न सकेका छैनन्। सहकारी शिक्षा, सूचना र तालिमको अप्रयाप्तताले सहकारी संस्थाहरूको व्यवस्थापकीय ज्ञान र क्षमता सुदृढ हुन सकेको छैन।

कृषि विकास बैंक (२०५४) काअनुसार सहकारी संस्थाको गठन दर्ता तथा कार्य सञ्चालनमा व्यवस्थित बनाउन तत्कालीन श्री ५ को सरकारबाट वि.सं.२०१३ सालमा कार्यकारी आदेश जारी भई अस्थार्य कानुनको व्यवस्था गरायो। यसै बमोजिम पहिलो ऋण सहकारी संस्था चितवन जिल्लामा राप्ती दुन बहुमुखी विकास योजना अन्तर्गत वि.सं.२०१३ सालमा गठन भई सहकारी आन्दोलनको सूत्रपात गरियो। यस ऋण सहकारी संस्थाको सफलताले पुऱ्याएको योगदानबाट प्रोत्साहित भई सहकारीको कार्य प्रकृति ऋण लगानी कारोबारमा

मात्र सीमित नराखी बहुमुखी प्रकृति (ऋण, कृषि सामग्री आपूर्ति, कृषि उत्पादन खरिद बिक्री) मा भएको पाइन्छ । पहिलो योजनाको अन्तमा सहकारी सङ्घसंस्थाको सङ्ख्या ३७८ पुगेको थियो । जसमध्ये ३ वटा दुग्ध उत्पादक सहकारी संस्था थिए ।

राष्ट्रिय सहकारी विकास बोर्ड (२०६६) काअनुसार दसौं योजना (२०५९/०६०-२०६३/०६४) मा सहकारी तथा निजी क्षेत्रको समेत सहभागितामा कृषिजन्य वस्तुहरूमा आधारित उद्योग एवं व्यवसायको प्रवर्द्धन गर्दै आन्तरिक बजार विकासको साथसाथै निर्यात प्रवर्द्धन गर्ने उद्देश्य लिएको थियो । त्यसैगरी एघारौं त्रिवर्षीय योजना (२०६४/०६५-२०६६/६७) मा सहकारी मार्फत गरिबी निवारण नै मुख्य योजनाको रूपमा लिइएको थियो । गाउँ-गाउँमा सहकारी घर-घरमा रोजगारीमूलक नारा दिइएको छ । यसरी पहिलो प्राथमिकता र दोस्रो प्राथमिकतामा समूहलाई सहकारीकरण गर्ने, सरलीकरण गर्ने, पिछडिएको सदस्य दलित तथा आदिबासीको उत्थान गर्ने गरी गरिबी निवारण कार्यक्रमलाई नै प्राथमिकतामा जोड दिएको छ ।

राष्ट्रिय योजना आयोग (२०६८) काअनुसार बाह्रौं त्रिवर्षीय योजना (२०६७/०६८-२०६९/७०) मा सहकारिताको माध्यमबाट आम जनताको श्रम, सीप, पुँजी तथा स्रोतलाई सामूहिक हितका लागि सङ्गठित रूपमा परिचालित गरी आर्थिक सम्बृद्धि, सामाजिक रूपान्तरण र समन्यायिक विकासको आधारशीला तयार गर्ने उद्देश्य लिइएको थियो साथै देशको समग्र आर्थिक विकासमा योगदान गर्न र पर्याप्त रोजगारी सिर्जना गर्नका लागि निजी क्षेत्र तथा समुदाय सहकारी क्षेत्रको साझेदारी/सहभागिता हुने अवसरको सिर्जना गर्ने र निजी तथा सामुदायिक/सहकारी क्षेत्रको हित सुनिश्चित गर्दै साझेदारीहरूका बीचमा जोखिम प्रतिफलको उचित हिस्सा वितरण हुने व्यवस्था मिलाउने कार्यलाई जोड दिइएको छ ।

राष्ट्रिय योजना आयोग (२०६८) काअनुसार समुदायमा छरिएर रहेका स्रोत र साधनलाई एकत्रित गरी राष्ट्रिय पुँजीमा वृद्धि गर्न तथा सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरण गर्दै समतामूलक समाजको निर्माणमा सहकारीताले सहयोग पुऱ्याउँछ । स्वरोजगार सिर्जना गर्दै मुलुकमा शान्ति कायम राख्न एवं विकास निर्माणमा सहकारी पद्धति अनिवार्य भएको कुरा सरकारका विगतका नीति तथा कार्यक्रमहरू मार्फत मुखारित हुँदै आएको छ । हालसम्म १८ हजार भन्दा बढी प्रारम्भिक सहकारी संस्था मार्फत प्रत्यक्ष रूपमा ३० लाख भन्दा बढी व्यक्तिहरू सहकारीतामा आवद्ध भएको, ५० हजार व्यक्तिहरूले प्रत्यक्ष

रोजगारी प्राप्त गरेका विश्वास गरिएको छ । मुलुकमा उत्पादन वित्तीय तथा सहकारीको माध्यमबाट ग्रामीण क्षेत्रमा समेत वित्तिय परिचालन भई बैंकसम्मपहुँच नभएका संस्थाहरू खासगरी सदस्य सहकारी संस्थाहरू सहायक सिद्ध भएका छन् ।

कृषि विकास बैंक (२०५४) काअनुसार पहिलो पञ्च वार्षिय योजना (२०१३/०१४-२०१७/०१८) मा सहकारी संस्थाको गहन दर्ता तथा कार्य सञ्चालनमा व्यवस्थित बनाउन तत्कालीन श्री ५ को सरकारबाट वि.सं. २०१३ सालमा कार्यकारी आदेश जारी भई अस्थाई कानुनको व्यवस्था गरायो । यसै बमोजिम पहिलो ऋण सहकारी संस्था चितवन जिल्लामा राप्ती दुन बहुमुखी विकास योजना अन्तर्गत वि.सं. २०१३ सालमा गठन भई सहकारी आन्दोलनको सूत्रपात गरियो । यस ऋण सहकरी संस्थाको सफलताले पुऱ्याएको योगदानबाट प्रोत्साहित भई सहकारीको कार्य प्रकृति ऋण लगानी कारोबारम मात्र सीमित नराखी बहुमुखी प्रकृति (ऋण, कृषि सामग्री आपूर्ति, कृषि उत्पादन खरिद बिक्री) मा भएको पाइन्छ । पहिलो योजनाको अन्तमा सहकारी संघसंस्थाको संख्या ३७८ पुगेको थियो । जसमध्ये ३ वटा दुग्ध उत्पादक सहकारी संस्था थिए ।

## २.२ पूर्व अध्ययनको पूनरावलोकन (Review of Previous Studies)

तिमल्सिना (२०७०) काअनुसार सहकारी ऐन २०४८ र नियमावली २०४९ आएपछि नेपालमा सहकारीको विकासले राज्यबाट केही पाएको अनुभूति गर्न पाए पनि त्यसको कार्यन्वयन भने पुरानै परम्परामा रहेको छ । मुल रूपमा नेपाली प्रकाशक संयन्त्रको कार्यशैली तथा अस्थिर राजनीतिकको सिकारका कारण सहकारीमा दुरगामी सिर्जनात्मक काम हुन सकेनन् । ऐनले परिकल्पष्ना गरेका सहकारी विकास बोर्ड, राष्ट्रिय सहकरी संघ तथा अन्य विषयगत सहकारीता संघ लगायत सहकारी आन्दोलनका निकायहरू मूलतः राजनीतिक अस्थिरताको प्रभावमा नै परिरहे ।

भट्टराई (२०७०) काअनुसार सहकारीता समूहका व्यक्तिहरू मिलेर सामूहिक हितका लागि स्थापित व्यवसायिक संस्था हो । यो यस्तो संस्था हो, जसमा समान आर्थिक, सामाजिक, सांस्कृतिक आवश्यकता आकांक्षा भएका व्यक्तिहरू सदस्य रहेका हुन्छन् । सहकारितामा सदस्यहरूको समान स्वामित्व स्थापित हुन्छ भने यसबाट योगदानका आधारमा समानुपातिक रूपमा फाइदा लिएका हुन्छन् । सहकारीतामा दुई वा सो भन्दा बढी

मानिसहरू स्वेच्छाले समान स्तरमा आर्थिक हित प्रवर्द्धन गर्ने उद्देश्य रहेको हुन्छ । देश विकासको क्रममा सानो तिनो आर्थिक क्षमतालाई एकिकृत गरी सामुहिक प्रयासद्वारा कृषि विकास, घरेलु इलम र उद्योगधन्दाहरूको प्रवर्द्धन एवं सामुदायिक सेवाहरूको विस्तार र परिचालन गरी सहकारी क्षेत्रले राष्ट्रको आर्थिक विकासमा महत्वपूर्ण दिन सक्छ ।

अधिकारी (२०६७) काअनुसार कपिलवस्तु जिल्लाको मोतिपुर गा.वि.स.मा साना किसान सहकारी संस्था लिमिटेड सञ्चालित रहेको छ । यस सहकारीमा संलग्न साना किसानहरू सामाजिक, शैक्षिक र आर्थिक रूपले बढी नै सक्षम, उन्नतिशीलता विकसित भएका छन् । कार्यक्रमले मानिसहरूमा चेतना अभिवृद्धि गरेको छ । किसानहरू आफ्नो खर्च पूरा गरी बचतमा वृद्धि गर्न सक्षम भएका छन् । यस क्षेत्रमा कार्यक्रमबाट आर्थिक उत्थान भई गरिबी निवारणमा सहयोग पुगेको छ । कार्यक्रमबाट यस क्षेत्रमा संचालित साना किसानहरू जीवनका सबै पक्षहरूमा निकै प्रभावित छन् । समग्रमा यस क्षेत्रमा सञ्चालित साना किसान र सदस्यहरूका लागि बढी प्रभावकारी र आयमूलक भएको तथ्य अध्ययनबाट प्रमाणित भएको छ ।

कोइराला (२०६६) काअनुसार "सहकारी संस्थाः राष्ट्रको आर्थिक, सामाजिक, शैक्षिक विकासका अपरिहार्यता" शीर्षकको अध्ययनमा सहकारी प्रत्येक वर्ग, समुदाय र क्षेत्रका व्यक्तिलाई सामूहिक भावनाका साथ व्यक्तिगत उन्नति, प्रगतिमा अगाडि बढाउने लक्ष्य बोकेको आयको विशुद्ध सामाजिक संस्था हो । समाजमा विद्यमान विभिन्न प्रकारका असमानताहरूलाई हटाई सबै सदस्यहरूलाई एकताको सूत्रमा आवद्ध गराई राष्ट्र निर्माणमा सबैको उपस्थिति र सक्रियता बढाउने स्वच्छ अभियान हो । यसको माध्यमबाट जनतामा परिवर्तन समय अनुरूपको सशक्तिकरण आउँछ । सहकारी क्षेत्रबाट अर्थतन्त्रलाई पुग्ने प्रमुख योगदानलाई मुर्तरूप दिन यसमा विद्यमान समस्या र चुनौतीलाई कम गरी अझ बढाउन निजी, सार्वजनिक र सहकारी क्षेत्र सकारात्मक सोचका साथ प्रयासरत रहनु पर्ने हुन्छ । समृद्ध आधुनिक र न्यायपूर्ण नेपाल निर्माणका लागि आर्थिक विकासले प्रमुख भूमिका खेल्दछ । आर्थिक विकासका विभिन्न पाटोहरू हुन्छन् जसमध्ये सहकारी प्रमुख अङ्गको रूपमा दुई खुट्टा मध्ये एक भनी स्वीकार गरिएको सोह्रैआना समय सान्दर्भिक हो ।

ओझा (२०६४) काअनुसार "विरेन्द्र नगरपालिकामा रहेका साना सहकारी संस्थाका सदस्यको सामाजिक र आर्थिक अवस्थाको सिंहावलोकन" शीर्षकमा अध्ययन गरिए अनुसार साना

किसान तथा व्यवसायिहरू एक आपसमा बसेर अन्तरक्रिया गर्ने, समस्या र भावना साटासाट गर्ने वातावरण बनेको छ । मुख्य उपलब्धी यो छ की गरिब र भूमिहीन मानिसहरूले आफूलाई एक्लो र कमजोर महशुस गरेका छैनन् । समाजमा देखा परेका विभेदका विषयवस्तुहरूलाई यस्ता संस्थाहरूले धेरै हदसम्म न्यून गर्दै लगेका छन् । जस्तैः लैङ्गिक असमानता, जातिगत भेदभाव, सामन्ति मनोवृतिमा परिवर्तन देखा परेको छ । यस्ता सहकारी संस्थाका माध्यमबाट सदस्यहरूको सामाजिक आर्थिक क्रियाकलापमा सहभागिता बढाउने अवसर पाएका छन् । विभिन्न किसिमका सीपमूलक तालिमले दक्षजनशक्ति उत्पादन गरी आत्मनिर्भर गराएको छ । साधारण जनताहरूमा नियमित बचत गर्ने बानीको विकास भएको छ । स्थानीय स्रोत सङ्कलनबाट नै आवश्यकताहरूको परिचालन भएको छ । पारिवारिक बचत र लगानी दरमा वृद्धि हुँदै गएको छ । पूँजीको अभावमा खेर गएको जनशक्तिले रोजगारीका लागि उत्प्रेरणा भएको छ ।

अर्याल (२०६२) काअनुसार साना किसान विकास सहकारी संस्था लि. ले स्थानीय कृषकहरूको आर्थिक अवस्थामा पारेको प्भाव शिर्षकमा गरिएको अध्ययन अनुसार-धादिङ जिल्लाको भूमीस्थगान गा.वि.स.मा सञ्चालित साना किसान सहकरी संस्था लि. ले छोटो समयमा नै सदस्य संख्यामा वृद्धि, बचत संकलन र ऋण प्रवाहमा वृद्धि गराउनका साथै धेरै मात्रामा सदस्यहरूलाई समेट्न सफल भएको थियो । सहभागी किसानतहरूमा सरसफाईमा वृद्धि, सानो सुखी परिवार बनाउने प्रवृत्तिमा, आधुनिक उपचार गर्ने प्रवृत्तिमा तुलनात्मक रूपले विकास हुनुका साथै साक्षरतामा पनि वृद्धि भएको थियो । सहभागी किसानहरूलाई सस्तो व्याजदरमा संस्थात शाख सुविधा उपलब्ध गराएकाले उत्पादनमूलक कार्यमा सक्रिय भई बढी आम्दानी गर्न सक्षम भएका, सिपमूलक तामिले रोजगारीमा वृद्धि भएको र किसानहरू दुरूपयोग रोक्ने कार्यमा सक्रिय हुँदै आएका थिए । यस कार्यक्रममा समूह निर्माण समय-समयमा बैठक बस्नुपर्ने, बचत गर्नुपर्ने बाध्यता, सामूहिक र व्यक्तिगत जमानत जस्ता कारणले पद्धतिगत जटिलताहरू रहेको पाइएता पनि समग्रमा यस कार्यक्रमले स्थानीय साना किसानहरमा सकारात्मक प्रभाव पारेको थियो ।

Gurung (2002) को "A economic impact of micro credit project for women in Nepal" शिर्षकमा गरिएको अध्ययन अनुसार वि.सं. २०५२ सालमा परियोजनाको रूपमा प्रारम्भ भएको सूक्ष्म ऋण परियोजना ग्रामीण गरिबी निवारण गर्नुका साथै सदस्य

सशक्तिकरणको सर्वाधिक महत्वपूर्ण कार्यक्रमको रूपमा रहेको थियो । यसले सदस्यहरूलाई कर्जा प्रवाह र समूह बचतमा उत्प्रेरित गराएर ग्रामीण सदस्यहरूको आम्दानी र जीवनस्तरमा वृद्धि गराउनुका साथै सदस्यहरूलाइ उत्पादनशील बनाउने, उत्पादित वस्तुको बजार व्यवस्थापन गर्ने, साना तथा घरेलु उद्योग सम्बन्धी तालिम दिने, सामाजिक तथा सामुदायिक विकास कार्यक्रम जस्ता कार्यक्रमहरू एकैपटक अगाडि ल्याएको थियो । यसले सदस्यहरूको जीवनस्तरमा सुधार, उनीहरूको आत्मम्मानमा वृद्धि, चेतनामा वृद्धि, आफ्नो निर्णय गर्न सक्ने क्षमता वृद्धि, सीप र क्षमतामा वृद्धि र नेतृत्व गर्न सक्ने हुनुका साथै बैंक तथा वित्तीय सम्बन्धीको ज्ञानमा समेत वृद्धि तिव्र गतिले भएको थियो ।

ADB/N (1998) ऋण प्राप्त गर्नुपर्ने साना किसान विकास कार्यक्रमको प्रथम विन्दु जसबाट सहकारी संस्था कार्यक्रलमे साना किसाना विकास परिवारमा विभिन्न सामाजिक तथा सामुदायिक सेवाहरू जुटाउने मञ्चको रूपमा कार्य गरेको छ । यसका साथै कार्यक्रमहरूमा साक्षरता, परिवार नियोजन, शिशु स्याहार सदस्य विकासलाई समेटेको छ । यस परियोजनाले वृक्षारोपण, सिंचाई, सामुदायिक भवन आदि मार्फत सामुदायिक सम्पत्तिको सिर्जना पनि भइरहेको छ ।

## २.३ पूर्व अध्ययनको समीक्षा (Implications of the Review for the Study)

नेपालमा साना किसान विकास कार्यक्रमको मूल्यांकन तथा अध्ययन आन्तरिक र बाह्य निकायहरूमा नै भइरहेका छन् । यो कार्यक्रम सम्बन्धी मूल्यांकन अध्ययनबाट देहाय बमोजिमका निष्कर्ष प्राप्त भएका छन् ।

राट्रिय योजना आयोग (२०६८) काअनुसार समुदायमा छरिएर रहेका स्रोत र साधनलाई एकात्रित गरी राष्ट्रिय पूजीमा वृद्धि जर्न तथा सदस्यहरूको आर्थिक, समाजिक तथा सांस्कृतिक रूपान्तरण गर्दै समानतामुलक समाजको निर्माणमा सहकासितालृ सहयोग पुऱ्याउछ भन्ने कुरा उल्लेख गरिएको छ । कृषि विकास वैकं (२०५४) का अनुसार पहिलो पञ्चपर्षिकय योजना (२०१३/१४/–२०१७/१८) मा सहकारी संस्ताको गहन दर्ता तथा कार्य सञ्चालनमा व्यस्थित बनाउन तत्कालिन श्री ५ को सरकारबाट वि.सं. २०१३ सालमा कार्यकारी आदेश जारी भई अस्थायी कानुनको व्यवस्था गराइयो । यसै बमोजिम पहिलो ऋण सहकारी संस्था चितवन, जिल्ला राप्ती दुन बहुमुखी विकास योजना अर्न्तगत वि.सं

२०१३ सालमा गइन भई सहकारी आन्दोलोनको सूत्रपात गरियो भन्ने कुरा उल्लेख गरिएको छ ।

कोइराला (२०६६) काअनुसार सहकारी भावनाको सुरुवातमा सन १८४४ मा बेलायतको मेनचेष्टर नजिकै रकडेल समाजमा (Rochadale Society) भएको थियो । जसमा २८ जना युवकहरू, जो विभिन्न कारखानामा मजदुर थिए उनीहरूले एक एक पाउण्ड एकमा जम्मा गरेर सोहि पूँजीबाट उपभोक्ता भण्डार खोलेका थिए । तीन बर्षीय अन्तिरिम योजना (२०६४/६५–२०६६/६७) का अनुसार सहकारीको मुलभुत सिद्धान्तको आत्मसात गर्दै यी संस्थाहरूले आफ्नो गतिविधिको संचालनको क्रममा कूल राष्ट्रिय अर्थतन्त्रमा सहकारिताको योगदान १ प्रतिशत, वित्तिय क्षेत्रमा सहकारिताको योगदान ७ प्रतिशत यसबाट प्रत्यक्ष रोजगारी संख्या १५ हजार सहकारी कर्मीलाई तालिम ३० हजार रहेको छ ।

भट्टराई (२०७०) का अनुसार सहकारिता समूहका व्यक्तिहरू मिलेर सामूहिक हितका लागि स्थापित संस्था हो । यो यस्तो संस्था हो, जसमा समान आर्थिक, सामाजिक, सांस्कृतिक आवश्यकता आकाङ्क्षा भएका व्यक्तिहरू सदस्य रहेका हुन्छन् (अधिकारी, २०६७) का अनुसार कपिलवस्तु जिल्लाको मोतीपुर गा.वि.स.मा साना किसान सहकारी संस्था लिमिटेड सञ्चालित रहेको छ । यस सहकारीमा साना किसानहरू सामाजिक, शैक्षिक र आथिृक रूपले बढी नै सक्षम, उन्नतीशील भएका छन् भन्ने कुरा उल्लेख गरेका छतन् । तिमल्सिना, (२०७०) का अनुसार ऐन २०४८ र नियमावली २०४९ आएपछि नेपालमा सहकारीको विकासले राज्यबाट केही पाएको अनुभूति गर्न पाए पनि त्यसको कार्यान्वयन भने पुरानै परम्परा रहेको छ ।

राष्ट्रिय योजना आयोग (२०६८) काअनुसार समुदायमा छरिएर रहेका स्रोत र साधनलाई एकत्रित गरी राष्ट्रिय पूँजीमा वृद्धि गर्न तथा सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरण गर्दै समतामुलक समाजको निर्माणमा सहकारीताले सहयोग पुऱ्याउँछ । स्वरोजगार सिर्जना गर्दै मुलुकमा शान्ति कायम राख्न एवम् विकास निर्माणमा सहकारी पद्धति अनिवार्य भएको कुरा सरकारका विगतका नीति तथा कार्यक्रमहरू मार्फत मुखारित हुँदै आएको छ । हालसम्म १८ हजार भन्दा बढी प्रारम्भिक सहकारी संस्थामार्फत प्रत्यक्ष रूपमा ३० लाख भन्दा बढी व्यक्तिहरू सहकारितामा आवद्ध भएको, ५० हजार व्यक्तिहरूले


प्रत्यक्ष रोजगारी प्राप्त गरेको विश्वास गरिएको छ । परिचालन भई बैंकसम्म पहुँच नभएका संस्थाहरू खासगरी महिला सहकारी संस्थाहरू सहायक सिद्ध भएका छन् ।

## २.४ अनुसन्धान अन्तर (Research Gap)

यस अध्ययनमा साहित्यको पुनरावलोकन र यस अध्ययनको बिचमा अनुसन्धान अन्तर यस प्रकार रहेको छ । साहित्यको पुनरावलोकनमा नमूना छनोट विधिको माध्यमबाट सिमित जनसंख्याबाट तथ्याङ्क संकलन गरिएको छ भने यस अनुसन्धानमा सहकारीमा संलग्न हुने सदस्यहरूलाई सम्भावनायुक्त नमूना छनोट विधिबाट सबैको प्रतिनिधित्व हुने गरी वास्तविक र यथार्थ तथ्याङ्क संकलन गरिएको छ । साहित्यको पुनरावलोकनमा प्रश्नावलीको मात्र प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ तर यस अध्ययनमा सहकारीमा संलग्न सदस्यहरूको पारिवारिक, आर्थिक तथा शैक्षिक अवस्था र सहकारीको वर्तमान अवस्थाको बारेमा लक्षित समूह छलफलको माध्यमबाट सत्य र यथार्थ तथ्याङ्क प्रस्तुत गरिएको छ । यस अध्ययनको साहित्यको पुनरावलोकनमा सहकारीमा संलग्न सदस्यहरूको आर्थिक तथा शैक्षिक क्षेत्रको बारेमा अध्ययन गरिएको छ । उल्लेखित अन्तरहरूको आधारमा साहित्यको पुनरावलोकन र यस अध्ययनको बिचमा अन्तर छुट्याउन सकिन्छ ।

## २.५ अवधारणात्मक ढाँचा (Conceptual Framework)


यस अध्ययनका लागि प्रयोग गरिएको अवधारणात्मक ढाँचा यस प्रकार उल्लेख गरिएको छ ।




*स्रोत : तिम्सिना २०६९*

## २.६ कार्यात्मक अवधारणा (Functional Framework)

सहकारी संस्थामा संलग्न भएका र नभएका सदस्यहरूको आर्थिक स्थिति तथा उनीहरूका बालबालिकाहरूको शैक्षिक अवस्थाको अवधारणाको संरचना यसप्रकार रहेको छ । यस संरचनामा सहकारीमा संलग्न भएका र नभएका सदस्यहरूको आर्थिक र उनीहरूका बालबालिकाहरूको शैक्षिक अवस्थामा सम्बन्धित विभिन्न पक्षलाई समेटिएको छ ।



# अध्याय - तीन (CHAPTER - THREE)

## ३. अनुसन्धान विधि (RESEARCH METHODOLOGY)

यस खण्डमा अध्ययनले समावेश गर्ने अनुसन्धान ढाँचा, तथ्याङ्कका स्रोतहरू, जनसंख्या, नमूना, तथ्याङ्क नमूना छनोट रणनीति, संकलनका साधनहरू, तथ्याङ्क संकलनका तरिका, तथ्याङ्क संकलनका प्रक्रिया र तथ्याङ्क विश्लेषण तरिका उल्लेख गरिएको छ ।

### ३.१ अध्ययनको ढाँचा (Research Design)

यो अध्ययन व्याख्यात्मक, विश्लेषणत्मक तथा तुलनात्मक (Descriptive, Analytical and Comparatively) ढाँचामा आधारित छ । नल्लु गा.वि.स. ललितपुरमा अवस्थित होस्टे हैसे बचत तथा ऋण सहकारी संस्थाले स्थानीय सदस्यको आर्थिक स्थिति तथा उनीहरूको बालबालिकाहरूको शैक्षिक क्षेत्रमा पारेको प्रभावको अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्यांकको संकलन सहकारीका अध्यक्ष, सहकारीमा संलग्न सदस्यहरू र संलग्न नभएका सदस्यहरू आदिलाई नमूना छनोट गरी अन्तर्वार्ता, प्रश्नावली र अवलोकनको माध्यमबाट सूचना संकलन गरिएको छ । द्वितीय तथ्यांकको संकलन पनि विभिन्न स्रोतबाट संकलन गरी तिनीहरूको विश्लेषण तालिका, वृत्तचित्र, रेखाचित्रद्वारा प्रस्तुत गरिएको भएकाले यस अध्ययनमा प्रयोग गरिएका तथ्याङ्कको स्वरूप गुणात्मक र परिणात्मक खालको रहेको छ ।

### ३.२ तथ्याङ्कका स्रोत (Sources of Data)

यस अनुसन्धानमा तथ्यांक संकलनका लागि प्राथमिक र द्वितीय स्रोतहरूलाई उपयोग गरिएको छ ।

#### ३.२.१ प्राथमिक तथ्यांक (Primary Data)

प्राथमिक तथ्यांकका स्रोतका रूपमा यस अध्ययन क्षेत्रका सदस्यहरू रहेका छन् । यो अध्ययनमा नल्लु गा.वि.स. ललितपुरमा अवस्थित होस्टे हैसे बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष र त्यसमा संलग्न सदस्यहरू र संलग्न नभएका सदस्यहरू नै प्राथमिक स्रोत हुन् ।

### ३.२.२ द्वितीय तथ्यांक (Secondary Data)

अध्ययन कार्यलाई प्रभावकारी बनाउन द्वितीय स्रोतहरूमा सम्बन्धित क्षेत्र वा विषयसँग सम्बन्धित संस्था, कृषि तथा सहकारी मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय सहकारी विकास बोर्ड, सदस्य बालबालिका तथा समाज कल्याण मन्त्रालय, पूर्व प्रकाशित लेख रचनाहरू, पत्रपत्रिका, पुस्तक, पस्तिका तथा यस सम्बन्धमा गरिएका अध्ययन अनुसन्धान लगायत होस्टे हैसे बचत तथा ऋण सहकारी संस्थाबाट प्रकाशित तथा अप्रकाशित तथ्यांकको सहयोग लिईएको छ ।

## ३.३ जनसंख्या, नमूना आकार र नमूना छनोट रणनीति (Population, Sample Size and Sampling Strategy)

यस अध्ययनका लागि जनसंख्या र जसबाट छनोट गरिएको नमूनाको आकार तथा छनोट प्रकृया यसप्रकार उल्लेख गरिएको छ ।

### ३.३.१ जनसंख्या (Population)

यो अध्ययन ललितपुर जिल्लाको नल्लु गा.वि.स. मा सम्पन्न गरिएको छ । यस गा.वि.स. को कुल जनसंख्या २,७६१ रहेको छ । त्यसमध्ये महिलाको जनसंख्या १,३७१ र पुरुषको जनसंख्या १,३९० रहेको छ । यस गा.वि.स. मा रहेको ३ वटा सहकारीहरू मध्ये वडा नं. १, २ र ३ लाई समेटि स्थापना गरिएको होस्टे हैसे सहकारी संस्था रहेको छ । त्यसैले यस सहकारी संस्थामा संलग्न वडा नं. १ का २२० जना वडा नं. २ का १८० जना र वडा नं. ३ का २६० जना घर परिवार रहेका छन् । यो कुल जनसंख्या ६६० हुन्छ । उक्त वडाहरूमा सहकारीमा संलग्न नभएका घरधुरीहरू क्रमशः ११०, १६० र ३१२ गरी जम्मा ५८२ रहेका छन् । त्यसैले यस अध्ययनको जनसंख्या ६६० + ५८२ = १,२४२ हो ।

### ३.३.२ नमूनाको आकार (Sampling Size)

नमूना छनोटमा परेका ललितपुर जिल्लाको नल्लु गा.वि.स. को वडा नं. १, २ र ३ बाट होस्टे हैसे सहकारीमा संलग्न घरपरिवारबाट १०० र सहकारीमा असंलग्न परिवारबाट १००

गरी जम्मा २०० घरपरिवारलाई अध्ययनमा समावेश गरिएकोले यस अध्ययनको नमूना आकार १६.१० प्रतिशत हो ।

### ३.३.३ नमूना छनोट रणनीति (Sampling Strategy)

१. यस अध्ययनमा नल्लु गा.वि.स. ललितपुरलाई उद्देश्यमूलक नमूना छनोट विधिको आधारमा छनोट गरिएको छ । किनकी अध्ययनकार्ताको स्थायी बसोबास भएको यस क्षेत्रमा सहकारी सम्बन्धि कुनै पनि अध्ययन अनुसन्धान नभएकाले यस क्षेत्रलाई नमूनाको रूपमा छनौट गरिएको थियो ।

२. सहकारी संस्थाहरू जर्गेना बचत तथा ऋण सहकारी संस्था, प्रगतिशिल बचत तथा ऋण सहकारी संस्था र होस्टे हैसे बचत तथा ऋण सहकारी संस्थालाई सामान्य सम्भावनायुक्त नमूना छनोट प्रणाली अन्तर्गत चिट्ठा प्रणालीबाट छनोट गरिएको थियो ।

३. यस अध्ययनमा नमूना छनोटमा परेका सहकारीमा संलग्न कुल ६६० सदस्यहरू मध्ये समानुपातिक प्रतिनिधित्व हुने गरी सामान्य सम्भावना युक्त नमूना छनोट विधि अन्तर्गत चिट्ठा प्रणालीबाट १०० जनालाई छनोट गरिएको छ ।

४. नमूना छनोट होस्टे हैसे सहकारीमा संलग्न नभएका घरपरिवार ५८२ बाट समानुपातिक प्रतिनिधित्व हुने गरी सामान्य सम्भावनायुक्त नमूना छनोट विधि अन्तर्गत चिट्ठा प्रणालीबाट १०० घरपरिवार अर्थात् १७.१८ प्रतिशतलाई छनोट गरिएको थियो ।

५. नमूना छनोटमा परेका सहकारीमा संलग्न र समहकारीमा असंलग्न हुनेको छनोट वडागत रूपमा समानुपातिक विधिको प्रयोग गरी धेरै हुनेबाट धेरै र थोरै हुनेबाट थोरै छनोट गरिएको थियो जसलाई निम्न तालिकाबाट देखाइएको छ ।

**वडागत रूपमा नमूना छनोट**

| वडा नं. | सहकारीमा संलग्न घरपरिवारका सदस्य संख्या | सहकारीमा संलग्नबाट नमूना छनोटमा परेका घरपरिवारको सदस्य संख्या | नमूना छनोट प्रणाली | सहकारीमा असंलग्न कुल घरपरिवार संख्या | सहकारीमा असंलग्नबाट नमूना छनोटमा परेका घरपरिवार संख्या | नमूना छनोट प्रक्रिया |
|---|---|---|---|---|---|---|
| १ | २२० | ३३ | १५.०० | ११० | १९ | १७.२७ |
| २ | १८० | २७ | १५.०० | १६० | २७ | १६.८७ |
| ३ | २६० | ४० | १५.३८ | ३१२ | ५४ | १७.३० |
| जम्मा | ६६० | १०० | १५.१५ | ५८२ | १०० | १७.१८ |

## ३.४ तथ्याङ्क संकलनका औजारहरू (Tools of Data Collection)

यस अध्ययनमा आवश्यक पर्ने तथ्यांक संकलन गर्न प्रश्नावली र अवलोकन जस्ता औजारहरू प्रयोग गरिएको छ । जुन निम्नानुसार छन् ।

### ३.४.१ प्रश्नावली (Questionnaire)

अध्ययनलाई पूर्णता प्रदान गर्नका लागि संरचित प्रश्नावलीको प्रयोग गरिएको छ । संरचित प्रश्नावलीको प्रयोग सहकारी संस्थमा संलग्न सदस्यहरूको शैक्षिक अवस्था, परिवारको आकार, सहकारीमा संलग्न सदस्य संख्या, आम्दानी, खर्च आदिका बारेमा सूचना संकलनको लागि गरिएको छ । साथै सहकारी संस्थामा संलग्न भएका सदस्य र संलग्न नभएका सदस्यहरूको आर्थिक र उनीहरूका बालबालिकाहरूको शैक्षिक अवस्थाका बारेमा तिनै सदस्यहरूसँग प्रश्नावलीको माध्यमबाट तथ्यांक संकलन गरिएको छ । जसलाई अनुसूचि १ मा देखाइएको छ ।

### ३.४.२ अवलोकन फाराम (Observation Form)

यस अध्ययनको उद्देश्यलाई पुरा गर्न अध्ययनकर्ता स्वयम् र होस्टे हैसे बचत ऋण सहकारी संस्थाका अध्यक्षलाई लिएर सहकारी संस्थामा संलग्न भएका र नभएका नमूना छनोटमा परेका सदस्यको घरधुरीमा प्रत्यक्ष गएर उनीहरूले बस्दै गरेको घरको अवस्था, सरसफाइ, खानेपानीको अवस्था, शौचालयको अवस्था, बालबालिकाको सरसफाई, बोलीचाली आदि कुराहरूको बारेमा प्रत्यक्ष रूपमा अवलोकन गरिएको छ । जुन अनुसूचि २ मा देखाइएको छ ।

### ३.४.३ छलफल निर्देशिका (Discussion Guideline)

सहकारी संस्थाहरूको आर्थिक लगानीका स्रोतहरू बचत स्रोतहरू खर्चका माध्यमहरू र सहकारीको उपलब्धिहरूमा प्रभाव पार्ने तत्वहरूको सहकारीका कमि कमजोरी पत्ता लगाई यसलाई अझ उद्देश्यमुलक वा प्रभावकारी बनाउन आवश्यक पर्ने उपायहरूको संकलनका लागि नमूना छनोटमा परेका सहकारी र सहकारीसँग प्रत्यक्ष सरोकार राख्ने व्यक्तिहरूसँग छलफल गरी आवश्यक तथ्याङ्क संकलन गर्नका लागि छलफल निर्देशिका तयार गरिएको थियो । यसलाई अनुसूची ३ मा राखिएको छ ।

## ३.५ तथ्याङ्क संकलन प्रविधि (Technique of Data Collection)

यस अध्ययनका लागि तथ्यांक संकलन गर्न निम्न विधिहरको प्रयोग गरिएको छ ।

### ३.५.१ अन्तर्वार्ता (Interview)

यस अध्ययनमा प्राथमिक तथ्यांक संकलनका लागि प्रविधिका रूपमा प्रश्नावलीको माध्यमबाट अर्न्तवार्ता अर्न्तगत प्रत्यक्ष व्यक्तिगत अर्न्तवार्ता विधिलाई प्रयोग गरिएको छ । यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने प्राथमिक तथ्यांक संकलन गर्न प्रश्नावली लिएर अध्ययनकर्ता स्वंयम अध्ययन क्षेत्रमा गई सहकारीमा संलग्न र असंलग्न भएका नमूना छनोटमा परेका सदस्यसँग आमनेसामने बसी प्रश्न उत्तरका माध्यमबाट तथ्यांक संकलन गर्न प्रत्यक्ष व्याक्तिगत अर्न्तवार्ता (Direct Personal Interview) गरिएको छ ।

### ३.५.२ प्रत्यक्ष अवलोकन (Direct Observation)

यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने तथ्यांक संकलन गर्नका लागि मिति २०७३/९/१२ गते उक्त सहकारी संस्थाको अध्यक्षको सहयोगमा नमूना छनोटमा परेका सदस्यको घरको अवस्था कस्तो छ ? खानेपानीको अवस्था कस्तो छ ? सौचालयको अवस्था कस्तो छ ? आदिको बारेमा अनुसन्धानकर्ता स्वयम्को उपस्थितिमा प्रत्यक्ष अवलोकन गरिएको थियो ।

### ३.५.३ लक्षित समूह छलफल (Focus Groups Discussion)

यस अध्ययनको उद्देश्य पुरा गर्ने सिलसिलामा अध्ययनकर्ता स्वयं उपस्थित भई आफ्नो अध्ययन क्षेत्रमा नल्लु गा.वि.स. वडा नं. ३ का छनोटमा परेका सहकारी संस्थाका सदस्यहरूबाट ४/४ जना गरी जम्मा १६ जनाको समूहलाई अध्ययनकर्ता स्वयम्ले छलफल गरी उनीहरूको उत्तर टिपोट गरिएको थियो । यस टिपोटको उत्तर विश्लेषण गरी त्यसबाट तथ्याङ्क संकलन गरियो ।

## ३.६ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण (Presentation & Analysis of Data)

यस अध्ययनमा आवश्यक तथ्यांक संकलन गरिसकेपछि तथ्यांहरूलाई विभिन्न तालिकामा प्रस्तुत गर्दै व्यवस्थित रूपमा व्याख्या तथा विश्लेषण गरिएको छ । यस अध्ययनमा संख्यात्मक तथा गुणात्मक दुवै खाले तथ्यांकहरू समावेश भएकाले तिनीहरूको तुलनात्मक प्रस्तुतिको लागि तालिकाको निर्माण गरिएको छ भने निष्कर्ष निकालेर सुझावहरू पेश गर्न सजिलो होस भनी औषतको गणना गरिएको छ ।

## अध्याय-चार (CHAPTER-FOUR)

## ४. तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण (INTERPRETATION AND ANALYSIS OF DATA)

प्रस्तुत अनुसन्धानबाट प्राप्त गरेको तथ्याङ्कहरूलाई अर्थपूर्ण बनाइएको छ । प्रारम्भमा संकलन गरिएका तथ्याङ्कबाट कुनै ठोस सुचना प्राप्त नहुने हुँदा उक्त तथ्याङ्कलाई विश्लेषण गरिी स्पष्ट पारिएको छ ।

### ४.१ ललितपुर जिल्लाको परिचय (An Introduction to Lalitpur District)

विश्वका अन्य भूपरिवेष्ठित र पहाडी मुलुकहरूको तुलनामा नेपाल ज्यादै नै पछाडि परेको मुलुक हो । सर्वाङ्गीण विकासको लागि नेपाललाई विगतमा ५ विकास क्षेत्र, १४ अञ्चल र ७७ जिल्लामा विभाजन गरिएको थियो । ललितपुर जिल्ला यिनै ७७ जिल्लामध्ये राजधानी काठमाडौं उपत्यकाको एक महत्वपूर्ण जिल्ला हो । यसको पूर्वमा काभ्रे पलाञ्चोक, पश्चिममा काठमाडौं, उत्तरमा काठमाडौं र भक्तपुर, दक्षिणमा मकवानपुरको बीचमा रहेको छ । ललितपुर जिल्लाको कूल क्षेत्रफल ३८५ वर्ग किलोमिटर छ । त्यसमध्ये भु-उपयोगको दृष्टिकोणमा कृषियोग्य क्षेत्रफल १५२.९६ वर्ग किलोटिर, जंगल १५२.५३ कि.मी. र अन्य ८०.५१ वर्ग कि.मी. रहेको छ । कूल क्षेत्रफल मध्ये क्रमशः कृषि योग्य जमिन ४०%, वनजंगल ४०% र अन्य जमिन २०% छ । कृषियोग्य जमिन सिंचित क्षेत्र ४९.५७ वर्ग कि.मी. देखिन्छ । आकाशे पानीको भरमा १०३.३९ वर्ग कि.मी. निर्भर रहेको छ र यसबाहेक ८८.६८ वर्ग कि.मी. जमिनमा सिंचाईको संभाव्य देखिन्छ । यस जिल्लामा २३ वटा गा.वि.स.हरू, १ उपमहानगरपालिका ३ नगरपालिका पर्दछन् । यस जिल्लालाई १३ वटा इलाका क्षेत्र र ३ संसदीय निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ (जि.वि.स., २०७३) ।

#### ४.१.१ भौगोलिक अवस्था (Geographic Situation)

ललितपुर जिल्ला मध्यपश्चिमाञ्चल क्षेत्रमा रहेको छ । यो क्षेत्रगत हिसावले पहाडी क्षेत्रमा परे पनि यस क्षेत्रमा हिमाली क्षेत्र पनि पर्दछ । नेपालको मान चित्रमा ललितपुर जिल्लाको फैलावट २६°२२' देखि २८°५०' उत्तरी अक्षांश र ८५°१४' देखि ८५°२६' पूर्वी देशान्तरसम्म रहेको छ । यस जिल्ला समुद्री सतहदेखि ४५७ मिटर उचाई देखि २८३१ मिटरसम्म रहेको

छ । यस जिल्लाले नेपालको करिब ०.२६६% भूभाग ओगटेको छ । यस जिल्लाको भू-धरातल मध्ये करिब एक तिहाई भाग उपत्यका भित्र र दुई तिहाई पहाड तथा दुर्गम क्षेत्रमा पर्दछ । यस जिल्लामा दुर्गम स्थानहरूमा ठुलादुर्लुङ, कालेश्वर, प्यूटार, माल्टा, आश्राङ, गिम्दी, चन्दनपुर आदि पर्दछन् । ललितपुर जिल्लाको पूर्वमा काभ्रेपलाञ्चोक, पश्चिममा काठमाडौं, उत्तरमा भक्तपुर र दक्षिणमा मकवानपुर जिल्लाहरूसँग सिमाना जोडिएको छ । यस जिल्लाको क्षेत्रफल ३८५ वर्ग कि.मी. रहेको छ (जि.वि.स., २०७३) ।

### ४.१.२ सामाजिक अवस्था (Social Condition)

ललितपुर जिल्लालाई विविध जातजाति भाषाभाषी र धर्मको केन्द्रको रूपमा लिइन्छ । सांस्कृतिक विविधताले भरिपूर्ण ललितपुर जिल्लालाई मन्दिरहरूको शहर पनि भनिन्छ । यहाँ असंख्य मात्रामा मठमन्दिर, पाटी पौवा र गुम्बाहरू जस्ता सांस्कृतिक सम्पदाहरू रहेको छ । नेवार, ब्राम्हण, क्षेत्री, तामाङ, क्रिश्चियन, जनजाति आदि मुख्य रूपमा बसोबास गर्दछन् भने मच्छिन्द्रनाथ जात्रा, कृष्ण जात्रा विशेष मनाइन्छ । त्यसैले ललितपुर जिल्लालाई ऐतिहासिक कला र संस्कृतिबाट धनी मानिन्छ (जि.वि.स., २०७३) ।

### ४.१.३ शैक्षिक अवस्था (Educational Staus)

शैक्षिक प्रशासनको संगठनात्मक स्वरूपमा तल्लो तहको निकायका रूपमा जिल्ला शिक्षा कार्यालय स्थापना गरिएको छ । वि.सं. २०१६ सालमा नेपालका ३२ ओटा प्रशासकीय जिल्लालाई २८ ओटामा विभाजन गरी जिल्ला स्कुल निरीक्षक कार्यालय स्थापना गरिएको थियो । वि.सं. २०१६ सालमा नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरिएपछि वि.सं. २०१८ सालमा ७ ओटा डिभिजन इन्पेक्टर अफिसको सट्टा १४ ओटा अञ्चल शिक्षा अधिकारीको कार्यालय स्थापना गरियो भने वि.सं. २०१९ सालमा ७५ ओटै जिल्लामा जिल्ला शिक्षा निरीक्षक अफिस खडा गरियो । यसै क्रममा वि.सं. २०२७ सालमा अञ्चल शिक्षा अधिकारी कार्यालय खारेज गरी २९ जिल्लामा जिल्ला शिक्षा अधिकारी र बाँकी जिल्लामा जिल्ला शिक्षा निरीक्षक कायम गरियो । राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ सँगै पाँचओटा क्षेत्रीय शिक्षा निर्देशनालय र ७५ ओटा जिल्ला शिक्षा कार्यालयहरू कायम गरी त्यसमा हालसम्म निरन्तरता दिइएको छ (जि.वि.स., २०७३) ।

### ४.१.४ आर्थिक अवस्था (Economic Condition)

ललितपुर जिल्ला एउटा उप-महानगरपालिका हो । यस जिल्लाको मानिसहरूको मुख्य पेशा भनेको व्यापार, नोकरी, व्यवसाय, कृषि नै हो । व्यापारमा यिनीहरू भाडा, पसल, लुगा पसल, किराना पसल, पर्यटकीय क्षेत्र भएकोले हस्त कलाको सामानहरूको यसले बढी मात्रामा रहेको छ । नोकरीमा यिनीहरू सरकारी देखि निजी स्तरको काम गर्दछ । कृषि अन्तर्गत मकै, धान, तरकारी आदि रहेको छ । यो एक उपमहानगरपालिका भईकन पनि यसमा धेरै पिछडिएको गा.वि.स. हरू रहेको छ । जसमा मानिसहरू कृषिमा मात्र निर्भर रहेका छन् । शहरी क्षेत्रमा भने धेरै किसिमको व्यवसायहरू संचालन गरी आत्मनिर्भर बनेका छन् । यहाँ मुर्तिकला, वास्तुकला र विभिन्न कला कृतिहरूका समानहरू निर्यात हुन्छन् ( जि.वि.स., २०७३) ।

### ४.१.५ जनसाङ्ख्यिकी अवस्था (Demographic Condition)

२०६८ सालको जनगणना अनुसार ललितपुर जिल्लाको जम्मा कुल जनसंख्या २,५४,३०८ रहेको छ जसमध्ये पुरुष १,३०,५५६ (५१.३३%) र महिला १,२३,७५२ (४८.६६%) रहेको छ । यस जिल्लाको कुल घरधुरी ६२,८९३ र जनसंख्या वृद्धिदर ३.५५ प्रतिशत प्रति वर्ष रहेको छ । लैङ्गिक अनुपात १०४.३१ रहेको छ । यस जिल्लाको जनघनत्व ८५९.८५ कि.मी. रहेको छ भने औषत परिवार संख्या ४.९० रहेको छ । यहाँको जनसंख्या नेपालको जनसंख्याको १.४६ प्रतिशत रहेको छ । साथै यहाँको शहरी जनसंख्या १,६२,९९१ छ भने ४१ वटा गा.वि.स. हरूको जनसंख्या १,७३,६३६ रहेको छ (जि.वि.स., २०७३) ।

## ४.२ नल्लु गा.वि.स. को परिचय (Introducdtion of Nallu VDC)

नेपालको मान चित्रमा ५ विकास क्षेत्र १४ अञ्चल, ७७ जिल्ला रहेका छन् । ललितपुर जिल्लामा अवस्थित विभिन्न गा.वि.स.हरू मध्ये नल्लु गा.वि.स. पनि एक हो । यस गा.वि.स. मा सदरमुकाम ललितपुर पाटकदेखि २५ क.मी. टाढा छ । यो गा.वि.स. को वरिपरि हेर्दा डाँडै डाँडा छ । बिचमा उबडखाबड जमिनमा खेती गरिन्छ । यहाँ अधिकतम तापक्रम २३.६ डिग्री छ भने न्यूनतम तापक्रम १०.७ डिग्री सेल्सियस रहेको छ । यहाँको मुख्य खेती मकै, कोदो, फापर, जौ, भट्सान, केराउ, आलु र थोरै मात्रामा धान र गहुँ पनि लगाइन्छ । फलफूल खेतीमा नास्पाति, ओखर, सन्तुला, कफि खेती गरिन्छ । यहाँको

वनजंगलमा काइयो, पैयू, कटुस, सल्ला, चिलाउने, उत्तिस आदि पाइन्छ । यहाँको जंगलमा बाघ, भालु, बनेल, चितुवा जस्ता जनावर लगायत नेपालमा मात्र पाइने चरा काँडे भ्याकुर, कालिज, तित्रा, बट्टाई, ढुकुर जस्ता पक्षीहरू रहेको छ । यस गा.वि.स. मा तामाङ जातिको बाहुल्यता ९४ प्रतिशत रहेको छ (जि.वि.स., २०७३) ।

### ४.२.१ नल्लु गा.वि.स.को भौगोलिक अवस्था (Geographical Situation of Nallu VDC)

नल्लु गा.वि.स. ललितपुर जिल्लाको क्षेत्र नं. ३ अन्तर्गत पर्दछ । यो ललितपुर उपत्यका देखि २५ कि.मी. टाढा छ । गाडीमा १:३० घन्टा लाग्छ । यस गा.वि.स. को फैलावट २७°३२' देखि ५८°२२' उत्तरी अक्षांश र ८५°२२' देखि ४७°०६' पूर्वी देशान्तरसम्म फैलिएको छ । भार्देव, फुलचोकी, लेले यो गा.वि. सँग जोडिएको छ ।

### ४.२.२ सामाजिक अवस्था (Social Condition)

नल्लु गा.वि.स. का धेरै जसो मानिसहरू कृषि पेशामा संलग्न रहेका छन् । यस गा.वि.स. का केही मानिसहरू जागिरे, केही व्यापार व्यवसाय र प्रायः मानिसहरूले आफ्नो आय स्रोतको मध्यम कृषिलाई मानेका छन् । यहाँको सामाजिक संरचना विभिन्न जात जाति तथा समुदाय मिलेर बनेको छ । यस गा.वि.स. का धेरै मानिसहरू हिन्दु धर्म मान्ने गर्दछन् र कोही कोही बौद्ध र क्रिश्चियन पनि रहेका छन् । यहाँका मानिसहरू धेरै मात्रामा तामाङ्ग भएकाले तामाङ भाषा र ब्राम्हण, क्षेत्रीहरू नेपाली भाषा बोल्ने गर्दछन् । जातिगत रूपमा यहाँको अवस्था हेर्दा तामाङ ९४ प्रतिशत लगभग ब्राम्हण क्षेत्री ४ प्रतिशत र दलित २ प्रतिशत बसोबास गर्दछन् ।

### ४.२.३ शैक्षिक अवस्था (Educational Condition)

नल्लु गा.वि.स. को साक्षरता दर राम्रो मान्नु पर्छ । तहगत हिसावले केहि व्यक्तिहरूले स्नातक सम्म अध्ययन गरेको छ । यस गा.वि.स.मा १० कक्षासम्मका विद्यालय ३ वटा रहेको छ । उच्च शिक्षाको लागि सदरमुकाम पाटन जानु पर्ने हुन्छ । महिला पुरुष बराबर मात्रामा विद्यालय गएको पाइए पनि महिला साक्षरता दर पुरुषको तुलनामा कम रहेको छ । यहाँ अशिक्षित व्यक्तिहरूको लागि प्रौढ शिक्षा सञ्चालनमा रहेको छ ।

### ४.२.४ आर्थिक अवस्था (Economic Condition)

यस गा.वि.स. को आम्दानीको प्रमुख स्रोत कृषि, पशुपालन र रोजगारी हो । कृषि तर्फ मकै, धान, कोदो, अलैची हो भने पशुपालन तर्फ गाई, भैंसी, बाखा, गोरु आदि छन् । रोजगारी तर्फ शिक्षक निजामति कर्मचारी र सुरक्षा निकायतर्फ आवद्ध रहेका छन् । वैदेशिक रोजगारीमा पनि छन् ।

### ४.२.५ जनसाङ्ख्यिकीय अवस्था (Demographic Condition)

नल्लु गा.वि.स. को जनसाङ्ख्यिकीय अवस्था हेर्दा राष्ट्रिय जनगणना २०६८ को अनुसार कुल जनसंख्या २७६१ रहेको छ । जसमा पुरुषको संख्या १३९० र महिलाको संख्या १३७१ रहेको छ । यहाँको कुल घरधुरी संख्या ५४७ रहेको छ ।

## ४.३ नमूना छनोटमा परेको सहकारी संस्थाको परिचय (Introduction of Sampled Co-operative)

सहकारी संघ संस्थाहरूको स्थापनापछि नेपाल सरकारले सहकारी संघ संस्थाहरूको स्थापना र सञ्चालन सम्बन्धी कार्य गर्न वि.सं. २०१३ मा कार्यकारी आदेश जारी गरियो । उक्त आदेशको प्रयोग गरी चितवन जिल्लामा वि.सं. २०१३ चैत २० गते नेपालमा पहिलो सहकारी संस्थाको रूपमा बखान सहकारी संस्थाको स्थापना भयो । उक्त आदेश जारी भए पछि सहकारी संस्थाहरूको स्थापना गर्ने कानूनी आधार निर्माण हुन पुग्यो । त्यसपछि क्रमशः सहकारी सस्था ऐन २०४१, साझा संस्था नियमावली २०४३, सहकारी ऐन २०४८ र सहकारी नियमावली २०४९ बमोजिम सहकारी विभागले सहकारी संघसंस्थाहरूको दर्ता नियम तथा प्रवर्द्धन लगायतका कार्यहरू गर्दै आएको छ । वि.सं. २०४६ सालमा प्रजातन्त्रको पुनस्थापना पश्चात सहकारी संघ संस्थाहरूलाई जनताकै सक्रियतामा नयाँ सोच र मान्यता नुसार सहकारी अभियानलाई अगाडि बढाउनु पर्ने आवश्यकता महसुस भई सहकारी ऐन २०४८ तर्जुमा भई लागू गरियो ।

सहकारी ऐन २०४८ जारी भएपछि नेपालमा सहकारी मूल्य, मान्यता भावना तथा सिद्धान्त अनुसार सहकारी संस्थाहरूको स्थापना र संचालन हुने कानूनी आधार निर्माण भयो । खुला र प्रजातान्त्रिक वातावरणमा स्थानीय स्तरमा उत्पादन उद्यमशिलता र नेतृत्व विकास गरी

सदस्यहरूको आर्थिक सामाजिक तथा सांस्कृतिक विकासका लागि सहकारी संघ संस्थाहरूको प्रवर्द्धन नियमन र विकास गर्ने कार्यमा नेपाल सरकारको आधिकारिक निकायको रूपमा कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत यो विभाग क्रियाशिल रहेको छ ।

होस्टे हैसे बचत तथा ऋण सहकारी संस्थाले तिनै सदस्यहरूलाई समुहमा आवद्ध गराई सामुहिक धितो जमानत, बाचत, सेवाको आधारमा र धितो नराखिकन सरल र सस्तो व्ययजदरमा ऋण उपलब्ध गराउदै आएको छ । यस सहकारी संस्थामा सहभागी हुन निम्न लिखित प्रक्रिया पुरा गर्नु पर्ने रहेको छ (शर्मा, २०६९) ।

१. नेपाली नागरिक हुनुपर्ने ।

२. विवाहित हुनुपर्ने ।

३. ६० वर्षभन्दा कम उमेर समूहको हुनुपर्ने ।

४. कम्तीमा चार जनाको समूह बनाएर आएमा मात्र सदस्यता दिइने ।

५. प्रवेश गर्दा कम्तिमा पनि अङ्कित मूल्य बराबरको १० वटा शेयर किन्नु पर्ने (एक शेयर बराबर रू १००) ।

६. मासिक रूपमा रू ५० देखि १००० सम्म बचत गर्नुपर्ने ।

यस संस्थाको संरचनात्मक प्रक्रिया गाउँ वडा र गा.वि.स.मा गरी तीन तहको रहेको छ । यसले सञ्चालन गर्ने कार्यक्रमहरू सदस्यहरूमा केन्द्रित र गाउँघर केन्द्रित हुन्छन् ।

### ४.३.१. उद्देश्यहरू (Objectives)

यस सहकारी संस्थाका उद्देश्यहरू अध्ययन सर्वेक्षण गर्दाको समयमा यस प्रकार रहेको पाइयो ।

१. बचत गर्ने बानी अभिवृद्धि गराई बचत परिचालनलाई प्रोत्साहित दिने ।

२. सदस्यहरूको आर्थिक तथा सामाजिक स्तर उठाउने ।

३. सदस्यहरूको निर्णय गर्ने क्षमतामा वृद्धि गर्ने तथा प्रजातान्त्रिक प्रक्रियामा सहभागी हुने अवसर बढाउने ।

४. सदस्यहरूलाई आफ्नो विकास आफैँ गर्नुपर्छ भन्ने भावनाको विकास गराउने ।

५. स्थानीय स्तरमा विभिन्न उत्पादित वस्तु तथा सामग्रीहरूको बजारको व्यवस्था गर्ने ।

६. सदस्य र बालविकास कार्यक्रमलाई निरन्तरता प्रदान गराउने ।

७. विभिन्न सहकारी तथा गैरसहकारी सङ्घसंस्थाहरूसँग सु-सम्बन्ध स्थापना गरी सदस्यहरूलाई सेवा सुविधा प्रदान गर्दै लैजाने (शर्मा, २०६९) ।

### ४.३.२ कार्यहरू (Functions)

यस सहकारी संस्थाले गर्ने कार्यहरू अध्ययन सर्वेक्षणका क्रममा निम्नअनुसार पाइयो ।

१. सदस्यहरूको नेतृत्व विकास गरी निर्णय लिन सक्ने क्षमताको वृद्धि गराउने ।

२. स्थानीय स्तरमा उत्पादित विभिन्न हस्तकला सीप विकास लगायत घरेलु उत्पादन सामग्रीको खरिद विक्रीको व्यवस्था गर्ने ।

३. सदस्यहरूको आय आर्जन बढाउन तरकारी खेती, पशुपालन व्यवसाय गर्नेलाई उत्पादित दूध र तरकारी बजारको खरिद विक्रीको व्यवस्था गर्ने ।

४. उद्योग धन्दाको लागि आवश्यक औजारहरू र रसायन खरिद विक्री गर्ने ।

५. व्यापार व्यवसायमा सघाउ पुऱ्याउन विभिन्न कार्य सञ्चालन गर्ने ।

६. छोरा छोरीमा विद्यमान भेदभाव हटाउने खालका कार्यक्रम सञ्चालन गर्ने ।

७. बाल विकास, बाल वृद्धि, बाल वचावटसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्दै लैजाने ।

८. बाल विवाह, बहुविवाह नियन्त्रण गर्दै लैजाने ।

९. सामुदायिक विकासका लागि कार्य क्षेत्रभित्र बसोबास गरेका जनताहरूलाई शुद्ध खानेपानी व्यवस्था, स्वास्थ्य सरसफाईको जनचेतना जगाउने तथा प्राथमिक स्वास्थ्य उपचारको व्यवस्था तथा लागु पदार्थ विरूद्ध सदस्य अभियानहरू सञ्चालन गर्ने ।

१०. संस्थाका सदस्यहरूलाई आयआर्जन गर्न विनाधितो समूहगत ऋणको व्यवस्था गर्दै लैजाने ।

११. सम्भव भएका स्थानहरूमा वातावरण संरक्षण र वन विनाश रोक्न लगाउने अभिप्रायले गोबरग्याँस प्लान्ट स्थापना गर्ने अभिप्रेरित गर्ने ।

१२. सदस्यहरूमा भएको अन्धविश्वास तथा रूढिवादी प्रथाहरू हटाउन प्रयास गर्दै लैजान ।

१३. निरक्षर सदस्यहरूलाई साक्षर बनाउन सदस्य साक्षरता कार्यक्रम, चेलीबेटी कक्षा सञ्चालन तथा सहुलियत दरमा कानुनी सहायता सेवाहरू उपलब्ध गराउने ।

१४. विभिन्न सरकारी तथा गैर-सरकारी सङ्घ संस्थाहरूसँग सु-सम्बन्ध स्थापना गरी संस्था मार्फत उपलब्ध सेवाको प्रयोग गर्ने ।

१५. विभिन्न तालिम तथा गोष्ठी सञ्चालन गरी सदस्यहरूलाई हरेक सामाजिक क्रियाकलापमा सहभागी गराई अग्रसर गराउने ।

१६. सदस्यहरूलाई आय वृद्धि गराउने सामूहिक कर्जाको व्यवस्था, सामूहिक बचत सङ्कलन तथा संस्थाबाटै सदस्यहरूलाई कर्जा प्रदान गर्ने ।


१७. सदस्यहरूलाई उत्प्रेरणा जगाई विभिन्न कार्यान्वयन गर्न सक्रिय बनाउने सदस्यहरूलाई सहकारीबारे चेतना गराउने (शर्मा, २०६९) ।

## ४.४ सहकारी संस्थाको वर्तमान अवस्था (Present Condition of Co-operative)

नल्लु गा.वि.स. र त्यस आसपासको क्षेत्रमा क्रियाशिल भई लोककल्याण र चरित्रको विकास गर्न होस्टे हैसे वचत तथा ऋण सहकारी संस्थाको स्थापना वि.सं. २०६३ सालमा भएको हो । ध्येय, विचार र मन मिल्नेहरू बिच सामिप्यता विकास गर्दै उन्नत र परिपूर्ण मानवीय जिवन जिउने विकल्पका रूपमा यो सहकारी संस्थाको स्थापना भएको आज १० वर्ष पुरा भएको छ । वि.सं. २०६३ सालमा २० जना सहकर्मीहरू मिलेर दैनिक १ रूपैया बचत गर्न कार्यबाट सुरु भएको यो सहकारी संस्थाको सदस्यको संख्या १० वर्षमा ५०७ जना पुगेको छ र अहिले दिनको ३५ रुपियाँ बचत गर्ने गरेका छन् । कार्यालय व्यवस्थापन र प्रभावकारी बनाउनको लागि कार्यालयमा प्रबन्धक, लेखापाल, कम्प्युटर अपरेटर गरी ३ जना कर्मचारीहरू कार्यरत रहेका छन् भने बचत संकलनको रूपमा २ जना कार्यरत छन् । वचतलाई जोड दिनको लागि मासिक बचत, दैनिक बचत, खुत्रुके बचत, बाल बचत गरी ४ किसिमका बचत कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

### ४.४.१ संस्थाको सङ्गठनात्मक ढाँचा (Organizational Structure of Institution)

होस्टे हैसे बचत तथा ऋण सहकारी संस्था लि. को सङ्गठनात्मक चार्ट निम्न अनुसार छ ।



### ४.४.२ सहकारी संस्थाका कार्यक्रमहरू (Programme of Co-operative)

१. आँखा शिविर कार्यक्रम

२. स्वास्थ्य कार्यक्रमहरू

३. टोल सरसफाई कार्यक्रम (सदस्य र बालबालिकाद्वारा)

४. सीपमूलक तालिम

५. तरकारी खेती

६. नियमित बचत कार्यक्रम

७. रक्तदान कार्यक्रम

### ४.४.३ सीप तथा आयमूलक तालिम (Skillfull and Income Training)

यस संस्थाबाट २०७२ चैत मसान्तसम्म दिइएका सीप तथा आयमूलक तालिमको विवरण र तालिम लिनेको सङ्ख्याको तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१**

**नमूना छनोटको सीपमूलक तालिमको विवरण- २०७२**

| क्र.सं. | तालिमका विवरण | हालसम्म प्राप्त गर्नेका सङ्ख्या |
|---|---|---|
| १ | उद्घोषक तालिम | ८८ |
| २ | अचार बनाउने तालिम | २५ |
| ३ | क्रिस्टल, धुप तथा मैनबत्ति बनाउने तालिम | ६७ |
| ४ | सिलाईकटाइ तालिम | ७३ |
| ५ | ब्यूटिसियन तालिम | २२ |
| ६ | सामान्य तरकारी खेती सम्बन्धी तालिम | १२ |
| ७ | कुखुरा पालन सम्बन्धी तालिम | ९ |
| जम्मा | | २९९ |

स्रोत : अध्ययन सर्वेक्षण-२०७३

यस सहकारी संस्थाले स्थापना भएदेखि आ.व.२०७२/०७३ को अषाढ मसान्तसम्म जम्मा २९९ जनालाई सीपमूलक तालिम दिएको पाइएको थियो । जसमा उद्घोषक तालिम ८८ जनाले, अचार बनाउने तालिम २५ जनाले, क्रिस्टल, धुप तथा मैनबत्ति बनाउने तालिम ६७

जनाले, सिलाईकटाइ तालिम ७६ जनाले, ब्यूटिसियन तालिम २२ जनाले, सामान्य तरकारी खेती सम्बन्धी तालिम १२ जनाले र कुखुरा पालन सम्बन्धी तालिम ९ जनाले प्राप्त गरेको पाइएको थियो ।

### ४.४.४ चेतनामूलक तालिम (Awarness Training)

यस सहकारी संस्थाले सहकारीमा संलग्न सदस्यहरूलाई विभिन्न चेतनामूलक तालिम प्रदान गरेको पाइयो । चेतनामूलक तालिममा सहकारी शिक्षा, नेतृत्व विकास तालिम, कानुनी सचेतना, सदस्य हिंसा सम्बन्धी तालिम, मानव अधिकार, प्रजनन् स्वास्थ्य सम्बन्धी तालिमहरू प्रदान गरेको पाइयो । यस सहकारी संस्थाबाट वि.सं. २०७२ चैत मसान्तसम्म दिइएका शिक्षा तथा आयमूलक तालिमको विवरण र तालिम लिनेको सङ्ख्यालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२**

**नमूना छनोटको चेतनामूलक तालिमको विवरण- २०७२**

| क्र.सं. | तालिमका विवरण | वर्षमा कति जनालाई दिइने |
|---|---|---|
| १ | सहकारी आधारभूत तालिम | २० |
| २ | सहकारी शिक्षा | ४० |
| ३ | नेतृत्व विकास तालिम | ९ |
| ४ | कानुनी सचेतना | १० |
| ५ | सदस्य हिंसा सम्बन्धी तालिम | २५ |
| ६ | बालबालिका सम्बन्धी हकअधिकार | १५ |
| ७ | मानव अधिकार | १८ |
| ८ | प्रजनन स्वास्थ्य | ५० |
| ९ | स्वास्थ्य सम्बन्धी तालिम | १०० |

स्रोत : अध्ययन सर्वेक्षण-२०७३

माथिको तालिकामा सहकारीले दिने शिक्षा तथा चेतनामूलक तालिम सम्बन्धी विवरण देखाइएको छ । यस्ता चेतनामूलक तालिमहरू वार्षिक रूपमा तोकिएको सङ्ख्यालाई दिने व्यवस्था रहेको पाइयो । जसमा सहकारी आधारभूत तालिम वर्षमा २० जनालाई, सहकारी

शिक्षा तालिम वर्षमा ४० जनालाई, नेतृत्व विकास तालिम ९ जनालाई, कानुनी सचेतना तालिम १० जनालाई, बालबालिकाको हकअधिकार सम्बन्धी तालिम १५ जनालाई, मानव अधिकार सम्बन्धी तालिम १८ जनालाई प्रजनन स्वास्थ्य सम्बन्धी तालिम ५० जनालाई स्वास्थ्य सम्बन्धी तालिम वर्षमा १०० जनालाई दिने गरेको पाइएको थियो ।

## ४.५ सहकारी संस्थाले स्थानीय समुदायहरूमा प्रवाह गरेको ऋणको आकार (Size of the Loan Advanced in Local Co-operative Shareholders)

ग्रामीण क्षेत्रमा संस्थागत साख सुविधाको अभावका कारण ग्रामीण जनताहरू साहु महाजनहरूसँग चर्को ब्याजमा ऋण लिन बाध्य हुनु परेको अवस्था रहेको छ । यस अवस्थामा सुधार ल्याई, सदस्यहरूको आर्थिक तथा सामाजिक जीवनस्तरमा अभिवृद्धि गर्न, ग्रामीण क्षेत्रको गरिबी न्यूनीकरण गर्न र देशको आर्थिक विकासमा नै टेवा पुऱ्याउनका लागि यो सहकारीको स्थापना भएको थियो । यस सहकारीले सामूहिक धितो जमानत, व्यक्तिगत धितो जमानत र विनाधितोमा पनि सस्तो ब्याजदरमा ऋण सुविधा दिँदै आएको छ । यस सहकारी संस्थाले आवद्ध सदस्यहरूरलाई ऋण लगानीका लागि १७ प्रतिशत व्याजदर र बचतमा १२ प्रतिशत व्याजदर दिने गरेको छ । सदस्यहरूलाई वितरण गर्ने ऋणको अवधि कम्तिमा ३ महिना देखि बढीमा १ वर्ष सम्म रहेको छ ।

### ४.५.१ सदस्यहरूमा ऋण वितरणको अवस्था (Condition of Loan Distribution on the Members)

यस सहकारी संस्थाको सदस्यता प्राप्त गरी सकेपछि विभिन्न तालिमहरू जस्तै आधारभूत तालिम, सहकारी शिक्षा तालिम र नेतृत्व विकास जस्ता तालिमहरू यस संस्थले दिने गरेको पाइयो । यस संस्थाले शेयर सदस्यहरूलाई दिने गरेको ऋण बचत, शेयर र सामूहिक धितो जमानतको आधारमा दिने गरेको पाइयो । यसरी ऋण दिँदा बचत र शेयर रकममा १०० प्रतिशत थपेर ऋण दिने र उनै सदस्यको समूहको जम्मा बचत हरेर सामूहिक जमानतको आधारमा पनि ऋण दिने गरेको पाइयो । यस संस्थाले विशेष गरी कृषि, व्यापार, शिक्षा, स्वास्थ्य, वैदेशिक रोजगार, सदस्यको नाममा जग्गा खरिद गर्न र घर बनाउन जस्ता विभिन्न उद्देश्यको आधारमा ऋण दिने गरेको पाइयो ।

**तालिका ४.३**

**नमूना छनोटको साँवा, ऋण, बाँकीको अवस्था- २०७२**

| आ.व. | साँवा | ऋण | असुली | बाँकी |
|---|---|---|---|---|
| २०७२/७३ | रु.५७,४१,९७० | रु.५१,०७,९०४ | रु. ४५,९१,३८२ | रु.५१,६५,२२ |

स्रोत : लेखापरीक्षण प्रतिवेदन, (२०७२/७३)

माथिको तालिका अनुसार आ.व. २०७२/७३ मा सहकारीमा आवद्ध सदस्यहरूले ऋण रु. ५१,०७,९०४ लिएको देखियो । जसमा रु.४५,९१,३८२ असुली र रु.५१,६५,२२ बाँकी रहको प्रतिवेदनले देखाएको छ ।

### ४.५.२ ऋण वितरणको क्षेत्रगत विवरण (Sectorwise Profile of Loan Distribution)

यस सहकारी संस्थाले कृषि, व्यापार, शिक्षा, स्वास्थ्य, वैदेशिक रोजगार, सदस्यको नाममा जग्गा खरिद गर्न र घर बनाउनका लागि ऋण दिने गरेको पाइयो । कृषि अन्तर्गत मौसमी तथा बेमौसमी तरकारी खेती पर्दछ । व्यापारमा सदस्यहरूले गर्ने सामान्य खालका किराना पसल, कपडाको फेन्सी पसल, तरकारी बिक्री केन्द्र, होटलहरू पर्दछन् । वैदेशिक रोजगार भन्नाले नेपालको सीमाभन्दा बाहिर रहेर काम गर्ने बुझिन्छ । यस सहकारी संस्थाले आ.व. २०७१/०७२ मा वितरण गरेको ऋणको विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.४**

**नमूना छनोटको ऋण वितरणको क्षेत्रगत विवरण- आ.व.२०७१/०७२**

| क्र.सं. | विवरण | लगानी गरिएको रकम (रु.मा) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | २२,५४,७२१ | ४४.१४ |
| २ | शिक्षा | १५,३७,८७० | ३०.११ |
| ३ | स्वास्थ्य | ५,१८,९८५ | १०.१६ |
| ४ | व्यापार | १,१९,७०९ | २.३४ |
| ५ | वैदेशिक रोजगार | १,५७,३७५ | ३.०८ |
| ६ | जग्गा खरिद | २,१३,५३४ | ४.१८ |
| ७ | घर बनाउन | ३,०५,७१० | ५.९८ |
| जम्मा | | ५१,०७,९०४ | १०० |

स्रोत : अध्ययन सर्वेक्षण-२०७३

माथिको तालिका ४.४ मा सहकारी संस्थाले सदस्यहरूलाई दिँदै आएको ऋण वितरणलाई क्षेत्रगत रूपमा देखाइएको छ । उक्त तालिका अनुसार आ.व. २०७१/०७२ मा जम्मा रु.५१,०७,९०४ ऋण वितरण गरेकोमा कृषि क्षेत्रमा रु.२२,५४,७२१ वा जम्मा वितरणको ४४.१४ प्रतिशत ऋण वितरण गरेको पाइयो । त्यसैगरी शिक्षामा रु.१५,३७,८७० स्वास्थ्यमा रु.५,१८,९८५ व्यापारमा रु.१,१९,७०९ वैदेशिक रोजगारमा रु.१,५७,३७५ जग्गा खरिदमा रु.२,१३,५३४ र घर बनाउनमा रु.३,०५,७१० वितरण गरेको पाइयो । जसको प्रतिशत क्रमशः ३०.११, १०.१६, ३.०८, ४.१८, ५.९८ रहेको छ । सबैभन्दा धेरै ऋण व्यापारमा ४४.१४ प्रतिशत र सबैभन्दा थोरै कृषिमा २.३४ प्रतिशत लगानी गरेको पाइयो ।

## ४.६ नमूना छनोटमा परेका सदस्यहरूको उमेरगत, जातीय र धार्मिक विवरण (Age, Caste, Religious Profile of Sampled Member)

अध्ययन क्षेत्रमा रहेको सहकारीमा संलग्न भएका र नभएका सदस्यहरूको अध्ययन सर्वेक्षण गर्दाको समयमा रहेको उमेर समूह, जातिगत विवरण र धार्मिक विवरणलाई निम्नअनुसार देखाइएको छ ।

### ४.६.१ नमूना छनोट सदस्यहरूको उमेरगत पारिवारिक जनसंख्या (Age-wise Family Population of Sampled Members)

परिवारको आकारले मानिसको सामाजिक आर्थिक तथा शैक्षिक स्तरमा प्रभाव पार्ने गर्छ । परिवारको आकार ठूलो भएमा त्यसले विभिन्न समस्याहरू र अभावको सृजना गर्दछ । विभिन्न अध्ययनहरूले ठूलो परिवारको तुलनामा सानो परिवार सुखी र खुसी भएको तथ्य पुष्टि गरेको छ । यस अध्ययनका लागि नमूना छनोटमा परेका सहकारीमा संलग्न र असंलग्न सदस्यहरूको परिवारको जनसंख्यालाई तलको तालिकामा देखाइएको छ ।

## तालिका ४.५

## नमूना छनोट सदस्यको उमेगत पारिवारिक जनसंख्या– २०७२

| क्र.सं. | उमेर समूह | सहकारीमा संलग्न | | सहकारीमा असंलग्न | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ०–१० | २४ | २४ | २६ | २६ |
| २ | १०–२० | २२ | २२ | १९ | १९ |
| ३ | २०–३० | १७ | १७ | १६ | १६ |
| ४ | ३०–४० | १५ | १५ | १४ | १४ |
| ५ | ४०–५० | १० | १० | १२ | १२ |
| ६ | ५०–६० | ७ | ७ | ९ | ९ |
| ७ | ६० देखि माथि | ५ | ५ | ४ | ४ |
| जम्मा | | १०० | १०० | १०० | १०० |

स्रोत : अध्ययन सर्वेक्षण-२०७३

तालिका ४.५ अनुसार नमूना छनोटमा परेका सहकारीमा संलग्न र असंलग्न सदस्यको पारिवारिक जनसंख्यालाई देखाइएको छ । जसमा सहकारीमा संलग्न सदस्यको पारिवारिक कूल जनसंख्याबाट १०० र सहकारीमा संलग्न नभएका सदस्यको पारिवारिक कूल जनसंख्याबाट १०० लिइएको छ । सहकारीमा संलग्न र असंलग्न सदस्यको पारिवारिक जनसंख्यालाई विभिन्न उमेर समूहमा विभाजन गरी देखाइएको छ । सहकारीमा संलग्न सदस्यका घर परिवारको ० देखि १० बर्ष सम्म २४ जना, १० देखि २० बर्ष २२ जना, २० देखि ३० बर्ष सम्म १७ जना ३० देखि ४० बर्ष सम्म १५ जना, ४० देखि ५० बर्षका १० जना, ५० देखि ६० का ७ जना र ६० भन्दा माथिका ५ जना रहेको पाइयो । त्यसैगरी सहकारीमा संलग्न नभएका सदस्यका घरपरिवारको जनसंख्या ० देखि १० बर्ष सम्म २६ जना, १० देखि २० बर्ष सम्म १९ जना, २० देखि ३० बर्ष सम्म १६ जना, ३० देखि ४० बर्ष सम्म १४ जना, ४० देखि ५० बर्ष सम्म १२ जना, ५० देखि ६० बर्ष ९ जना र ६० बर्ष भन्दा माथिका ४ जना रहेको पाइयो । नमूना छनोटमा परेका सदस्यहरूको पारिवारिक जनसंख्यालाई हेर्दा सबै भन्दा धेरै जनसंख्या ० देखि १० बर्ष उमेर समूहका पाइयो भने सबै भन्दा कम ६० बर्ष भन्दा माथिको जनसंख्या रहेको पाइयो ।

### ४.६.२ उमेर समूह (Age Group)

नमूना छनोटमा परेका सहकारी संस्थामा संलग्न भएका र नभएका १०० जना सदस्यहरूको (२० वर्ष तल, २०-३० वर्ष, ३०-४० वर्ष, ४०-५० वर्ष र ५० वर्ष माथिका) उमेर समूहको आधारमा, अध्ययन सर्वेक्षण गर्दाको समयमा प्राप्त सदस्यहरूको उमेर समूह विवरणलाई निम्नअनुसारको तालिकामा देखाइएको छ ।

**तालिका ४.६**

**नमूना छनोटको उत्तरदाताको उमेर समूह-२०७२**

| क्र.सं. | उमेर समूह (वर्ष) | संलग्न सदस्य | असंलग्न सदस्य | जम्मा सदस्य | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २० भन्दा तल | १४ | १० | २४ | १२ |
| २ | २०-३० | २४ | ३० | ५४ | २७ |
| ३ | ३०-४० | ३४ | २४ | ५८ | २९ |
| ४ | ४०-५० | २२ | १६ | ३८ | १९ |
| ५ | ५० भन्दा माथि | ६ | २० | २६ | १३ |
| जम्मा | | १०० | १०० | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण-२०७३

माथिको तालिका अनुसार नमूना छनोटमा परेका जम्मा १०० जना सदस्यहरू मध्ये २० वर्षभन्दा कम उमेर भएका सहकारीमा संलग्न १४ जना, असंलग्न १० जना गरी जम्मा २४ जना १२ प्रतिशत, २०-३० वर्ष उमेर समूहका संलग्न २४ जना र असंलग्न ३० जना गरी जम्मा ५४ जना २७ प्रतिशत, ३०-४० वर्ष उमेर समूहका संलगन ३४ जना र असंलग्न २४ जना गरी जम्मा ५८ जना २९ प्रतिशत, ४०-५० वर्ष उमेर समूहका संलग्न २२ र असंलग्न १६ गरी जम्मा ३८ जना १९ प्रतिशत र ५० वर्षभन्दा माथिका संलग्न ६ र असंलग्न २० गरी जम्मा २६ जना १३ प्रतिशत रहेको पाइयो । जहाँ सबैभन्दा बढी ३०-४० उमेर समूहका ५८ जना र सबैभन्दा कम २० वर्षभन्दा कम उमेर समूहका २४ जना रहेको पाइयो ।

### ४.६.३ जातिगत विवरण (Castwise Profile)

ललितपुरमा विविध जातजातिहरूका मानिसहरूको बसोबास रहेको पाइए तापनि प्रमुख जातिहरूमा ब्राह्मण, क्षेत्री, नेवार, कामी, मगर बसोबास गरेको पाइयो । अध्ययन क्षेत्रमा नमूना छनोटमा परेका सहकारीमा संलग्न भएका र नभएका सदस्यहरूको अध्ययन सर्वेक्षण गर्दाको पाइएको जातिगत विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.७**

**नमूना छनोटको उत्तरदाताको जातिगत विवरण-२०७२**

| क्र.सं. | जात | संलग्न सदस्य | असंलग्न सदस्य | जम्मा सदस्य | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | तामाङ | ५४ | ४४ | ९८ | ४९ |
| २ | ब्राम्हण, क्षेत्री | २६ | ३४ | ६० | ३० |
| ३ | जनजाति | १६ | २२ | ३८ | १९ |
| ४ | अन्य | ४ | - | ४ | २ |
| जम्मा | | १०० | १०० | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण-२०७३

माथिको तालिकामा नमूना छनोटमा परेका सदस्यहरूको जातीय स्वरूपलाई देखाइएको छ । जसमा तामाङ सहकारीमा संलग्न ५४ जना र असंलग्न ४४ जना गरी जम्मा ९८ जना ४९ प्रतिशत रहेको पाइयो । त्यसैगरी ब्राह्मण/क्षेत्री संलग्न २६ जना र असंलग्न ३४ जना गरी जम्मा ६० जना ३० प्रतिशत, जनजाति संलग्न १६ जना र असंलग्न २२ गरी जम्मा ३८ जना १९ प्रतिशत र अन्य संलग्न ४ जना २ प्रतिशत रहेको पाइयो । जातीय आधारमा सबै जातिको सहभागिता लगभग उस्ताउस्तै रहेको पाइए तापनि सबैभन्दा धेरै तामाङ र सबैभन्दा कम अन्य जातिहरू रहेका पाइयो ।

### ४.६.४ धार्मिक विवरण (Religious Profile)

ललितपुर जिल्लाको नल्लु गा.वि.स. मा विभिन्न धर्मावलम्बी रहेको पाइए तापनि यहाँका मुख्य धर्म हिन्दु, बौद्ध र क्रिश्चियन रहेका छन् । नमूना छनोट परेको सहकारीमा संलग्न

भएका र नभएका सदस्यहरुको अध्ययन सर्वेक्षण गर्दाको समयमा पाइएको धार्मिक विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.८**

**नमूना छनोटको उत्तरदाताको धर्म सम्बन्धी विवरण-२०७२**

| क्र.सं. | धर्म | संलग्न सदस्य | असंलग्न सदस्य | जम्मा सदस्य | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | हिन्दु | ९० | ८२ | १७२ | ८६ |
| २ | बौद्ध | १० | ६ | १६ | ८ |
| ३ | क्रिश्चियन | ० | १२ | १२ | ६ |
| | जम्मा | १०० | १०० | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण-२०७२

तालिका ४.८ अनुसार नमूना छनोटमा परेका सदस्यहरू मध्ये ८६ प्रतिशत हिन्दु धर्म मान्ने, ८ प्रतिशत बौद्ध धर्म मान्ने र क्रिश्चियन धर्म मान्ने ६ प्रतिशत रहेको पाइयो । धार्मिक रूपमा सबैभन्दा धेरै हिन्दु धर्म मान्ने रहेको पाइयो भने सबैभन्दा कम क्रिश्चियन रहेको पाइयो ।

### ४.६.५ शौचालयको अवस्था (Situation of the Toilet)

नमूना छनोटमा परेका सहकारी संस्थामा आवद्ध भएका र नभएका गरी १०० घरधुरी स्थानीय सदस्यहरूको शौचालयको अवस्थालाई अवलोकन गरिएको छ । जसमा शौचालयको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.९**

**नमूना छनोटको शौचालयको अवस्था-२०७२**

| शौचालय | संलग्न सदस्यका घरपरिवार | | असंलग्न सदस्यका घरपविार | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| आधुनिक | ६४ | ६४ | ४६ | ४६ |
| परम्परागत | ३६ | ३६ | ५४ | ५४ |
| जम्मा | १०० | १०० | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका ४.९ मा सहकारीमा आवद्ध भएका र नभएका सदस्यको घरपरिवारको शौचालयको अवस्थालाई प्रस्तुत गरिएको छ । सहकारीमा आवद्ध भएका ६४ प्रतिशतले सदस्यका घरपरिवारले आधुनिक शौचालय  र परम्परागत शौचालय ३६ प्रतिशत सदस्यका घरपरिवारले प्रयोग गरेको पाइयो भने आवद्ध नभएका ४६ प्रतिशत सदस्यका घरपरिवारले आधुनिक शौचालय र परम्परागत शौचालय ५४ प्रतिशतले मात्र प्रयोग गरेको पाइयो । जसको परिणाम आवद्ध भएका समुदायहरूको शौचालयको अवस्था नै राम्रो रहेको मानिन्छ ।

### ४.६.६ खानेपानीको अवस्था (Situation of Drinking Water)

खानेपानी मानिसहरूको आधारभूत आवश्यकता हो । मानिसहरूको स्वास्थ्यमा खानेपानीको ठूलो प्रभाव परेको हुन्छ । त्यसैले नमूना छनोटमा परेका जम्मा १०० सदस्यको घरपरिवारलाई लिइएको छ । सहकारीमा आवद्ध भएका र नभएका सदस्यहरूको घरपरिवारको खानेपानीको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१०**

**नमूना छनोटको खानेपानीको अवस्था-२०७२**

| विवरण | संलग्न सदस्यको घरपरिवार | | असंलग्न सदस्यको घरपरिवार | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| धारा | ७० | ७० | ६६ | ६६ |
| कुँवा | ३० | ३० | ३४ | ३४ |
| जम्मा | १०० | १०० | १०० | १०० |

स्रोत : अध्ययन सर्वेक्षण, २०७३

माथिको तालिकामा नमूना छनोटमा परेका सहकारी संस्थामा आवद्ध भएका र नभएका सदस्यहरूको घरपरिवारको खानेपानीको अवस्थालाई देखाइएको छ । सहकारीमा आवद्ध ७० प्रतिशत सदस्यका घरपरिवारले धारा र ३० प्रतिशतले इनार प्रयोग गरेको पाइयो । त्यसरी नै सहकारीमा आवद्ध नभएका ६६ प्रतिशत सदस्यहरूको घरपरिवारले धारा र ३४ प्रतिशतले इनार प्रयोग गरेको पाइयो ।

### ४.६.७ पेशागत विवरण (Occupational Profile)

नमूना छनोटमा परेका सहकारीमा संलग्न भएका र नभएका जम्मा १०० जना सदस्यहरू कृषि, जागिर/नोकरी, व्यापार, ज्याला मजदुरी, उद्यमी र गृहिणी पेसामा संलगन रहेको पाइयो । कृषिमा मौसमी तथा बेमौसमी तरकारी खेती र कुखुरापालन पर्दछन् । जागिर/नोकरी भन्नाले सरकारी वा व्यक्तिगत रूपमा सञ्चालित फर्महरूमा काम गर्ने र सहकारीबाट सञ्चालित कार्यक्रममा काम गर्ने, व्यापार भन्नाले सामान्य खालका खुद्रा पसल, कपडाको फेन्सी पसल, तरकारी बिक्री केन्द्र, होटलहरू पर्दछन् । ज्याला/मजदुरी भन्नाले दैनिक रूपमा पैसा पाउने जस्तै घर बनाउने काममा, कृषिमा, भारी बोक्ने कामहरू पर्दछन् । उद्यमी भन्नाले आफैंले लगानी गरी आफ्नो मात्र स्वामित्व रही साना तथा घरेलु उद्योग सञ्चालन गरेका र गृहिणी भन्नाले घरभित्रको काममा मात्र सीमित रहेकालाई बुझिन्छ । अध्ययन सर्वेक्षण गर्दाको समयमा प्राप्त सदस्यको पेशागत विवरणलाई निम्न तालिकाबाट देखाइएको छ ।

**तालिका ४.११**

**नमूना छनोट सदस्यहरूको पेसागत अवस्था-२०७२**

| क.सं. | पेसा | संलग्न भएका सदस्य | | संलग्न नभएका सदस्य | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | कृषि | ४० | ४० | ५२ | ५२ |
| २ | व्यापार | २६ | २६ | १६ | १६ |
| ३ | जागिर/नोकरी | २० | २० | ६ | ६ |
| ४ | ज्याला/मजदुरी | ६ | ६ | १२ | १२ |
| ५ | गृहणी | २ | २ | - | - |
| ६ | उद्यमी | ६ | ६ | १४ | १४ |
| जम्मा | | १०० | १०० | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण-२०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका नमूना छनोटमा परेका सहकारीमा संलग्न भएका र नभएका सदस्यहरूको पेसागत अवस्थालाई हेर्दा संलग्न भएका सदस्यहरू भन्दा संलग्न नभएका सदस्यहरू गृहिणी (घरको कामकाजमा व्यस्त) पेसामा बढी रहेको पाइएको थियो ।

जसको प्रतिशत क्रमशः ४० र २६ रहेको छ भने असंलग्न सदस्यहरू जागिर/नोकरी, व्यापार जस्ता अन्य पेसामा पनि उत्तिकै मात्रामा पनि संलग्न रहेको पाइयो जसको प्रतिशत क्रमशः ५२, र १६ रहेको पाइयो ।

## ४.७ सहकारी संस्थामा संलग्न भएका र नभएका सदस्यहरूको आर्थिक अवस्था (Economic Condition of Involved and Non-involved Sampled Members)

यस अध्ययनको मुख्य विषय अथवा उद्देश्य भनेको सहकारीमा संलग्न भएका र नभएका सदस्यहरूको आर्थिक अवस्थाको बारेमा अनुसन्धान गर्नु हो । यसका लागि तिनै सदस्यहरूको भूमि वितरणको अवस्था आम्दानी, खर्च, बचत र अन्य कुरालाई निम्नअनुसार देखाइएको छ ।

### ४.७.१ भूमि स्वामित्व (Land Ownership)

यहाँ भूमिको वितरणलाई रोपनीको आधारमा वर्गीकरण गरिएको छ । भूमिको वितरण भन्नाले सदस्यहरूले आफ्नो स्वामित्वमा प्रयोग गरेको जग्गाको मात्रा हो । अध्ययन क्षेत्रमा भूमिको वितरणको अवस्था कस्तो छ भन्ने सम्बन्धमा गरिएको अध्ययनमा, अध्ययन सर्वेक्षण गर्दाको समयमा प्राप्त विवरणलाई तलको तालिकाद्वारा स्पष्ट पारिएको छ ।

**तालिका ४.१२**

**नमूना छनोटको भूमिका वितरणको मात्रा-२०७२**

| क.सं. | भूमिको मात्रा (रोपनी) | संलग्न भएका सदस्य | | संलग्न नभएका सदस्य | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | भूमिहीन | ६ | ६ | २२ | ११ |
| २ | २-३ | ३० | ३० | २४ | २४ |
| ३ | ३-४ | २६ | २६ | ३० | ३० |
| ५ | ४-५ | २२ | २२ | १४ | १४ |
| ६ | ५-६ | १६ | १६ | १० | १० |
| जम्मा | | १०० | १०० | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण-२०७३

माथिको तालिकामा सदस्यहरूको आफ्नो स्वामित्व वा आफ्नो नाममा भएको जग्गाको विवरण देखाइएको छ । नमूना छनोटमा परेका सदस्यहरूको जग्गा सम्बन्धी विवरण हेर्दा संलग्न भएका सदस्यहरूमा भूमिहीन ३ जना रहेका थिए भने सबैभन्दा धेरै हुने २ देखि ३ रोपनीसम्म जग्गा हुने ३० जना रहेका छन् । संलग्न नभएका तर्फ भूमिहीन २२ जना र सबैभन्दा धेरै जग्गा हुने ३० जनाको २ देखि ३ रोपनीसम्म रहेको पाइएको थियो ।

### ४.७.२ आम्दानीको अवस्था (Condition of Income)

यस होस्टे हैसे बचत तथा ऋण सहकारी संस्थामा संलग्न भएका सदस्य र संलग्न नभएका सदस्यहरूको घरपरिवारको स्रोतगत आम्दानी र तहगत आम्दानीको अवस्थालाई देखाइएको छ ।

### १. स्रोतका आधारमा घरपरिवारको वार्षिक आम्दानी (Sourcewise Annual Income of Family)

नमूना छनोट परेका सहकारीमा संलग्न भएका र नभएका सदस्यहरूको घरपरिवारले जागिर/नोकरी, व्यापार, ज्याला/मजदुरी, उद्यमी र कृषि पेसामा संलग्न भई आम्दानी गरेको पाइयो । उल्लेखित पेसाबाट अध्ययन सर्वेक्षण गर्दाको समयमा सदस्यहरूको घरपरिवारले प्राप्त गरेको आम्दानीलाई स्रोतको आधारमा तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१३**

**नमूना छनोटको आधारमा घरपरिवारको वार्षिक आम्दनी-२०७२**

| क.सं. | आम्दानीको स्रोत | संलग्न घरपरिवार | | असंलग्न घरपरिवार | |
|---|---|---|---|---|---|
| | | जम्मा आम्दानी (रु.मा) | प्रतिशत | जम्मा आम्दानी (रु. मा) | प्रतिशत |
| १ | कृषि+नोकरी | १६,४६,४०० | ५१.३९ | ९,१७,११४ | ५२.६६ |
| २ | कृषि + व्यापार | ४,७१,६९९ | १४.७२ | ३,१७,३४० | १८.२२ |
| ३ | ज्याला/मजदुरी | ८,१९,५८५ | २५.५८ | ३,८५,९१६ | २२.१८ |
| ४ | जागिर/नोकरी | १,७८,५१३ | ५.५७ | १,२०,८९१ | ५.९४ |
| ५ | उद्यमी | ८७,५२० | २.७४ | - | - |
| जम्मा वार्षिक आम्दानी | | ३२,०३,७१७ | १०० | १७,४१,२६१ | १०० |
| प्रति घरपरिवारको औसत आय | | ६४,०७४.३४ | | ३४,८२५.२२ | |

स्रोत : स्थलगत सर्वेक्षण-२०७३

नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरूको घरपरिवारको वार्षिक जम्मा आम्दानी रु. ३२,०३,७१७ रहेको र प्रति घरपरिवार औसत आम्दानी रु.६४,०७४.३४ रहेको पाइयो भने सहकारीमा संलग्न नभएका सदस्यहरूको घरपरिवारको वार्षिक जम्मा आम्दानी रु.१७४१२६१ र प्रति घरपरिवार औसत आम्दानी रु. ३४,८२५.२२ रहेको पाइयो । संलग्न सदस्यहरूको घरपरिवारले कृषि+नोकरी, कृषि+व्यापार, ज्याला/मजदुरी, जागिर/नोकरी, उद्यमीबाट क्रमशः ५१.३९, १४.७२, २५.५८, ५.५७ र २.७४ प्रतिशत आम्दानी गरेको पाइएको थियो भने संलग्न नहुने सदस्यहरूको घरपरिवारले क्रमशः, ५२.६६, १८.२२, २२.१८ र ६.९४ प्रतिशत आम्दानी भएको र उद्यमी पेसा गर्ने घरपरिवार नभएकाले यस पेसाबाट आम्दानी नभएको पाइयो । सहकारीमा संलग्न सदस्यहरूको घरपरिवारको सबैभन्दा बढी आम्दानी कृषिबाट र सबैभन्दा कम उद्यमी भएको छ भने संलग्न नहुने सदस्यहरूको घरपरिवारको सबैभन्दा बढी आम्दानी कृषि र सबैभन्दा कम आम्दानी उद्यमीबाट भएको पाइएको थियो ।

## २. घरपरिवारको तहगत वार्षिक आम्दानी (Levelwise Annual Income of Family)

नमूना छनोटमा परेका सहकारीमा संलग्न भएका र संलग्न नभएका सदस्यहरूको घरपरिवारले विभिन्न स्रोतबाट आम्दानी प्राप्त गरेको पाइयो । अध्ययन सर्वेक्षण गर्दाको समयमा प्राप्त वार्षिक आम्दानी विवरणलाई ० देखि ५० हजार, ५० हजार देखि १ लाख, १ लाखदेखि १ लाख ५० हजार, १ लाख ५० हजारदेखि २ लाख र २ लाखभन्दा माथिको श्रेणीमा विभाजन गरी, त्यस आम्दानी श्रेणीमा पर्ने सदस्यको घरपरिवार सङ्ख्या र प्रतिशतलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१४**

**नमूना छनोट घरपरिवारको तहगत वार्षिक आम्दानी-२०७२**

| क.सं. | वार्षिक आय (रु,०००) | संलग्न घरपरिवार | | असंलग्न घरपरिवार | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | ०-५० | ३२ | ३२ | ७२ | ७२ |
| २ | ५०-१०० | २४ | २४ | १२ | १२ |
| ३ | १००-१५० | २० | २० | ८ | ८ |
| ४ | १५०-२०० | १८ | १८ | ४ | ४ |
| ५ | २०० भन्दा माथि | ६ | ६ | ४ | ४ |
| जम्मा | | १०० | १०० | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण-२०७३

तालिका ४.१४ मा सहकारीमा संलग्न भएका र नभएका सदस्यहरूको घरपरिवारको वार्षिक आम्दानीलाई देखाइएको छ । तालिका अनुसार संलग्न भएका सदस्यको घरपरिवारको रु. ० देखि ५० हजार आम्दानी हुने ३२ घरपरिवार रहेको पाइयो । त्यसैगरी रु. ५० हजार देखि १ लाख सम्म आम्दानी हुने २४ घरपरिवार, रु. १ लाख देखि १ लाख ५० हजार सम्म आम्दानी हुने २० घरपरिवार, रु. १ लाख ५० हजार देखि २ लाख सम्म आम्दानी हुने १८ घरपरिवार र रु. २ लाख भन्दा माथि आम्दानी हुने ६ घरपरिवार रहेको पाइयो । सहकारीमा संलग्न नहुनेहरूको रु.० देखि ५० हजार सम्म आम्दानी हुने ३६ घरपरिवार, रु.५० देखि १ लाख सम्म आम्दानी हुने १२ घरपरिवार, रु.१ लाख देखि १ लाख ५० हजार सम्म आम्दानी हुने ८ घरपरिवार, रु.१ लाख ५० हजार देखि २ लाख सम्म आम्दानी हुने ४ घरपरिवार र रु.२ लाख भन्दा बढी आम्दानी हुने ४ घरपरिवार रहेको पाइयो ।

### ३. सहकारीबाट ऋण लिई संचालित व्यावसायहरू (On Going Enterprises Taking Loan from Co-operative)

सहकारी संस्थामा संलग्न भएका सदस्यहरूले विभिन्न व्यावसायहरू संचालन गर्दै आएका छन् । जसका लागि सहकारीले ऋण वितरण गरेको पाइएको छ । त्यस्ता व्यावसायहरूमा बाखा पालन, तरकारी खेती, मौरी पालन, खुद्रा तथा किराना पसल, कपडा पसल, फलफूल खेती र कुखुरा पालन रहेका छन । आफूसँग भएको थोरै पूँजीले मात्र व्यवसाय संचालन गर्न

गाह्रो हुने तथा लगानी नहुने सदस्यका लागि सहकारी संस्थाले ऋण वितरण गर्दै आएको पाइन्छ । यसरी ऋण लिई संचालित व्यावसायहरू निम्न रहेका छन् ।

१. व्यापार

२. कुखुरा पालन

३. ब्यूटिपार्लर

४. क्रिस्टल, धुप तथा मैनबत्ति

५. सिलाईकटाइ

## १. सहकारीबाट ऋण लिई संचालित व्यावसायको बार्षिक आम्दानी (Income of On Going Enterprises Taking Loan from Co-operative)

नमूना छनोटमा परेका सहकारीमा संलग्न भएका सदस्यहरूले व्यापार, ब्यूटिपार्लर, क्रिस्टल, धुप तथा मैनबत्ति, सिलाईकटाइ, कृषि, कुखुरा पालन आदि व्यावसाय सहकारीबाट ऋण लिई संचालन गरेको पाइन्छ । यसरी सहकारी संस्थाबाट ऋण लिइ संचालित व्यावसायको आम्दानीलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१५**

**होस्टे हैसे सहकारीबाट ऋण लिई संचालित व्यावसायको वार्षिक आम्दानी- २०७२**

| क.सं. | व्यावसाय | आम्दानी (रु. मा) | प्रतिशत |
|---|---|---|---|
| १ | व्यापार | २,०५,००० | १८.२२ |
| २ | कुखुरा पालन | ३,००,००० | २६.६६ |
| ३ | ब्यूटिपार्लर | १,५०,००० | १३.३३ |
| ४ | क्रिस्टल, धुप तथा मैनबत्ति | १,१०,००० | ९.७७ |
| ५ | सिलाईकटाइ | १,३०,००० | ११.५५ |
| ६ | तरकारी खेती | २,३०,००० | २०.४४ |
| | जम्मा | ११,२५,००० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण-२०७३

माथिको तालिकामा सहकारी संस्थाबाट ऋण लिई संचालित व्यावसायको आम्दानीलाई देखाइएको छ । सहकारी संस्थाबाट ऋण लिई व्यापार, कुखुरा पालन, ब्यूटिपार्लर, क्रिस्टल, धुप तथा मैनबत्ति, सिलाईकटाइ, तरकारी खेती आदि व्यावसाय गरेको पाइयो । जसको

वार्षिक आम्दनी क्रमशः रु. २ लाख ५ हजार, ३ लाख, १ लाख ५० हजार, १ लाख १० हजार, १ लाख ३० हजार र २ लाख ३० हजार रहेको पाइयो । जम्मा आम्दानी ११ लाख २५ हजार रहेको पाइयो ।

### ४.७.३ खर्चको अवस्था (Condition of Expenditure)

यस होस्टे हैसे बचत तथा ऋण सहकारी संस्थामा संलग्न भएका सदस्यहरू र संलग्न नभएका सदस्यहरूको घरपरिवारको क्षेत्रगत खर्च र तहगत खर्चलाई तल देखाइएको छ ।

#### १. घरपरिवारको क्षेत्रगत वार्षिक खर्च (Sectorwise Annual Expenditure of Family)

नमूना छनोटमा परेका सहकारीमा संलग्न भएका सदस्य र संलग्न नभएका सदस्यहरूको घरपरिवारले विभिन्न क्षेत्रमा आफ्नो आम्दानी खर्च गरेको पाइयो । उनीहरूले उपभोग, शिक्षा, स्वास्थ्य, चाडपर्व र अन्य क्षेत्रमा खर्च गर्ने गरेको पाइयो । उनीहरूको आम्दानीबाट वर्षमा कुन-कुन क्षेत्रमा कति खर्च गर्दा रहेछन् भनि गरिएको अध्ययन अनुसार अध्ययन सर्वेक्षण गर्दाको समयमा प्राप्त विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१६**

**नमूना छनोटको क्षेत्रगत रूपमा घरपरिवारको वार्षिक खर्च-२०७२**

| क्र.सं. | खर्चका विवरण | संलग्न घरपरिवार | | असंलग्न घरपरिवार | |
|---|---|---|---|---|---|
| | | खर्च रकम रु.मा | प्रतिशत | खर्च रकम रु. मा | प्रतिशत |
| १ | उपभोग | १०,८२,९४६ | ३९.५० | ५,८९,५५७ | ३९.८८ |
| २ | शिक्षा | ६,५९,८१६ | २४.०६ | २,४६,५६१ | १६.६७ |
| ३ | स्वास्थ्य | २,३७,५४६ | ८.६६ | २,५२,३८२ | १७.०८ |
| ४ | चाडपर्व | ५,४५,२३५ | १९.८९ | २,१२,६८४ | १४.३८ |
| ५ | अन्य | २,१५,६६७ | ७.८८ | १,७७,३३८ | ११.९९ |
| जम्मा खर्च | | २७,४१,२१० | १०० | १४,७८,५२२ | १०० |
| औसत प्रति घरपरिवार खर्च | | ५४,८२४.२ | | २९,५७०.४४ | |

स्रोत : स्थलगत सर्वेक्षण-२०७३

माथिको तालिका अनुसार सहकारीमा संलग्न भएका र नभएका सदस्यहरूको घरपरिवारको वार्षिक खर्च विवरण देखाइएको छ । संलग्न घरपरिवारको जम्मा खर्च रु.२७,४१,२१० र प्रति घरपरिवार वार्षिक औसत खर्च रु. ५४,८२४.२ रहेको पाइयो भने संलग्न नभएका सदस्यहरूको घरपरिवारको जम्मा खर्च रु.२९,५७०.४४ र प्रति घरपरिवार वार्षिक औसत खर्च रु. २९,५७०.४४ रहेको पाइयो । सहकारीमा संलग्न सदस्यहरूको घरपरिवारले उपभोग, शिक्षा, स्वास्थ्य, चाडपर्व र अन्यमा क्रमशः, ३९.५०, २४.०६, ८.६६, १९.८९, ७.८८ प्रतिशत रकम खर्च गरेको पाइयो भने संलग्न नहुने सदस्यहरूको घरपरिवारले क्रमशः ३८.८८, १६.६७, १७.०८, १४.३८, ११.९९ प्रतिशत खर्च गरेको पाइयो ।

## २. घरपरिवारको तहगत वार्षिक खर्च (Levalwise Annual Expenditure of Family)

नमूना छनोटमा परेका सदस्यका घरपरिवारले विभिन्न क्षेत्रमा खर्च गरेको पाइयो । अध्ययन सर्वेक्षण गर्दाको समयमा प्राप्त वार्षिक खर्च विवरणलाई रु. ० देखि ३० हजार, रु. ३० देखि ६०, रु. ६० देखि ९०, रु. ९० देखि १२० र रु. १२० भन्दा माथिको श्रेणीमा विभाजित गरी त्यस खर्च श्रेणीमा पर्ने सदस्य संख्या प्रतिशतलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१७**

**नमूना छनोटको आधारमा घरपरिवारको वार्षिक खर्च विवरण-२०७२**

| क्र.सं | वार्षिक खर्च (रु.000) | संलग्न सदस्य | | असंलग्न सदस्य | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ० - ३० | ३० | ३० | ४६ | ४६ |
| २ | ३० - ६० | २६ | २६ | ३४ | ३४ |
| ३ | ६० - ९० | १८ | १८ | १० | १० |
| ४ | ९० - १२० | २० | २० | ६ | ६ |
| ५ | १२० भन्दा माथि | १० | १० | ४ | ४ |
| | जम्मा | १०० | १०० | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण-२०७३

माथिको तालिकामा नमूना छनोटमा परेका सदस्यका घरपरिवारको तहगत खर्चलाई देखाइएको छ । सहकारीमा संलग्न सदस्यका घरपरिवारहरूमा वार्षिक रु.० देखि ३० हजार

सम्म खर्च गर्ने ३० घरपरिवार, त्यसैगरी रु. ३० देखि ६० हजार सम्म २६ घरपरिवार, रु. ६० देखि ९० हजार सम्म १८ घरपरिवार, रु. ९० देखि १२० हजार सम्म २० घरपरिवार, रु. १२० हजार देखि माथि खर्च गर्ने १० घरपरिवार रहेको पाइयो । सहकारीमा असंलग्न हुने घरपरिवारहरूमा वार्षिक रु. ० देखि ३० हजार सम्म खर्च गर्ने ४६ घरपरिवार, त्यसैगरी रु. ३० देखि ६० हजार सम्म ३४ घरपरिवार, रु. ६० देखि ९० हजार सम्म १० घरपरिवार, रु. ९० देखि १२० हजार सम्म ६ घरपरिवार, रु. १२० हजार देखि माथि खर्च गर्ने ४ घरपरिवार रहेको पाइयो ।

### ३. सहकारी संस्थाबाट ऋण लिई संचालित व्यावसायको बार्षिक खर्च (Expenditure of on Going Enterprises Taking Loan from co-operative)

नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरूले सहकारीबाट ऋण लिई संचालित व्यावसायको कुल आम्दानी रु.११,२५,००० रहेको पाइयो । उक्त संचालित व्यवसायको खर्चको विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१८**

**सहकारी संस्थाबाट ऋण लिई संचालित व्यावसायको बार्षिक खर्च-२०७२**

| क्र.सं. | व्यावसाय | खर्च (रु.मा) | प्रतिशत |
|---|---|---|---|
| १ | व्यापार | १,६५,००० | २२.७० |
| २ | कुखुरा पालन | २,००,००० | २७.४० |
| ३ | ब्यूटिपार्लर | १,००,००० | १३.६९ |
| ४ | क्रिस्टल, धुप तथा मैनबत्ति | ६०,००० | ८.२१ |
| ५ | सिलाईकटाइ | ७५,००० | १०.२८ |
| ६ | तरकारी खेती | १,३०,००० | १७.८० |
|  | जम्मा | ७,३०,००० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण-२०७३

माथिको तालिकामा सहकारीबाट ऋण लिई संचालित व्यावसायको खर्चलाई देखाइएको छ । जस अन्तर्गत व्यापार, कुखुरा पालन, ब्यूटिपार्लर, क्रिस्टल, धुप तथा मैनबत्ति, सिलाईकटाइ, तरकारी खेतीमा क्रमशः रु.१,६५,०००, रु.२,००,०००, रु.१,००,०००, रु.६०,०००,

रु.७५,००० र रु.१,३०,००० खर्च गरिएको छ । सबैभन्दा बढी खर्च व्यापारमा देखियो भने सबैभन्दा कम खर्च क्रिस्टल, धुप तथा मैनबत्तिमा देखियो ।

### ४.७.४ तहगत वार्षिक बचत (Levelwise Annual Income)

सहकारीको मान्यता अनुसार बचत भन्नाले आम्दानीबाट खर्च गर्ने रकममा कटौती गरी जम्मा गरेको रकम नै बचत हो । नमूना छनोटमा परेका सहकारीमा संलग्न भएका र नभएका सदस्यहरूको घरपरिवारले आफ्नो आम्दानीबाट वार्षिक रूपमा कति बचत गर्दा रहेछन् भनि अध्ययन गरिएको थियो । अध्ययन सर्वेक्षणको समयमा प्राप्त वार्षिक बचतको विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१९**

**नमूना छनोट घरपरिवारको वार्षिक बचत-२०७२**

| क्र.सं. | वार्षिक बचत (रु.मा) | संलग्न घरपरिवार | | असंलग्न घरपरिवार | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | १०००–५००० | १५ | ३० | २५ | ५० |
| २ | ५०००–१०००० | १३ | २६ | १२ | २४ |
| ३ | १००००–१५००० | ९ | १८ | ६ | १२ |
| ४ | १५०००–२०००० | ६ | १२ | ४ | ८ |
| ५ | २००००–२५००० | ३ | ६ | २ | ४ |
| ६ | २५००० माथि | ४ | ८ | १ | २ |
| जम्मा | | ५० | १०० | ५० | १०० |
| जम्मा वार्षिक बचत | | ४,६२,५०७ | २१.५१ | २६२७३९ | १६.१८ |
| प्रतिघरपरिवार औसत वार्षिक बचत | | ९२,५०.१४ | | ५२५४.७८ | |

स्रोत : स्थलगत सर्वेक्षण-२०७३

माथिको तालिका अनुसार वार्षिक बचत रु.१००० देखि ५००० सम्म बचत गर्ने संलग्न भएका घरपरिवारहरू ३० प्रतिशत र संलग्न नभएका घरपरिवारहरू ५० प्रतिशत रहेको पाइयो । वार्षिक रु.५००० देखि १०,००० सम्म बचत गर्ने घरपरिवार २६ प्रतिशत र संलग्न

नहुने घरपरिवार २४ प्रतिशत रहेको पाइयो । यसरी बचत विवरणलाई तुलनात्मक रूपमा हेर्दा सहकारीमा संलग्न हुनेको भन्दा नहुने घरपरिवारको बचत कम पाइयो । यसो हुनुको कारण आफ्नो आम्दानी नहुनु, बचत गर्नुपर्दछ भन्ने चेतनाको कमी रहेको पाइयो । सहकारीमा संलग्न भएका घरपरिवारहरूको जम्मा वार्षिक बचत रु.४,६२,५०७ र प्रति घरपरिवार औसत बचत रु.९२५०.१४ रहेको पाइयो भने सहकारीमा संलग्न नहुने सदस्यहरूको घरपरिवारको वार्षिक बचत रु.२६२७३९ र प्रति घरपरिवार वार्षिक औसत बचत रु. ५,२५४.७८ रहेको पाइयो । सहकारीमा संलग्न सदस्यहरूको घरपरिवारले आफ्नो जम्मा आम्दानीको २१२.५१ प्रतिशत बचत गरेको पाइयो र संलग्न नहुने सदस्यका घरपरिवारले १६.१८ प्रतिशत मात्र बचत गरेको पाइयो ।

### ३. सहकारी संस्थाबाट ऋण लिई संचालित व्यावसायको बचत (Saving of On Going Enterprises Taking Loan from Co-operative)

नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरूले सहकारीबाट ऋण लिई संचालन गरेको व्यावसायको कूल खर्च रु.९,५०,००० रहेको छ भने जम्मा आम्दानी रु.१७,८०,०००० रहेको पाइयो । त्यसैगरी उक्त संचालित व्यावसायको वचतलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२०**

**सहकारी संस्थाबाट ऋण लिई संचालित व्यावसायको बचत-२०७२**

| क्र.सं. | व्यावसाय | वार्षिक बचत (रु.मा) | प्रतिशत |
|---|---|---|---|
| १ | व्यापार | ४०,००० | १०.१३ |
| २ | कुखुरा पालन | १,००,००० | २५.३२ |
| ३ | ब्यूटिपार्लर | ५०,००० | १२.६६ |
| ४ | क्रिस्टल, धुप तथा मैनबत्ति | ५०,००० | १२.६६ |
| ५ | सिलाईकटाइ | ५५,००० | १३.९२ |
| ६ | तरकारी खेती | १,००,००० | २५.३१ |
| | जम्मा | ३,९५,००० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण-२०७३

माथिको तालिकामा सहकारीबाट ऋण लिई संचालित व्यावसायको बचतलाई देखाइएको छ जसमा सबैभन्दा बढी बचत कुखुरापालन र तरकारी खेतीबाट रु.१,००,००० भएको पाइयो भने सबैभन्दा कम बचत व्यापारबाट रु.४०,००० भएको पाइयो ।

### ४.७.५ ऋणका स्रोतहरू, ऋण लिनुको उद्देश्य र ब्याजदर सम्बन्धी प्रतिक्रिया (Sources of Loan , Objective of Loan and Response to Interest Rate)

नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरूले सहकारीमा संलग्न हुनु अघि र पछि ऋणका स्रोतहरू, ऋण लिनुको उद्देश्य र ब्याजदर सम्बन्धी प्रतिक्रियालाई छुट्टाछुट्टै शीर्षकमा देखाइएको छ ।

### १. नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरूको ऋणका स्रोतहरू (Sources of Loan for Sampled Mamber)

नमूना छनोटमा परेका सदस्यरुको सहकारीमा संलग्न हुनुभन्दा अघि र पछि ऋणका पाइयो । उक्त सदस्यहरूको अध्ययन सर्वेक्षण गर्दाको समयमा प्राप्त ऋण लिने स्रोतको विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२१**

**सहकारीमा प्रवेश गर्नु अघि र पछिका ऋणका स्रोतहरू-२०७२**

| क.सं. | ऋणका स्रोतहरू | प्रवेश गर्नु अघि | | प्रवेश गरे पछि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | सहकारी संस्था | - | - | ७० | ७० |
| २ | बैंक | १६ | १६ | १० | १० |
| ३ | साहुमहाजन | ७० | ७० | १२ | १२ |
| ४ | अन्य | १४ | १४ | ८ | ८ |
| जम्मा | | १०० | १०० | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण-२०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका सहकारीमा संलग्न सदस्यहरूले सहकारी संस्थाको स्थापना हुनुभन्दा अघि सबैभन्दा बढी साहुमहाजनबाट ७० प्रतिशतले ऋण लिने गरेको पाइयो । बैंक तथा वित्तीय संस्थाबाट १६ प्रतिशत र अन्य (छिमेकी वा नातागोता) बाट १४

प्रतिशत ऋण लिने गरेको पाइयो भने यस संस्थाको स्थापना पश्चात अन्य (छिमेकी वा नातागोता) बाट जम्मा ८, साहुमहाजनबाट १२ बैंकबाट १० प्रतिशत ऋण लिने गरेको पाइयो भने सबैभन्दा बढी सहकारी संस्थाबाट ७० प्रतिशत ऋण लिने गरेको पाइयो ।

## २. ऋणका विभिन्न स्रोतका लागि व्याजदर (Interest Rate for Various Sources of Loan)

नमूना छनोटमा परेका सहकारीमा संलग्न भएका र नभएका सदस्यहरूले यस संस्थामा संलग्न हुनुभन्दा अघि विभिन्न क्षेत्रबाट ऋण लिने गरेको पाइएको छ । ऋणको स्रोत अनुसार व्याजदरमा फरक पर्ने हुनाले सहकारी र अन्य स्रोतको व्याजदर सम्बन्धि व्यवस्थालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२२**

**नमूना छनोट सदस्यको व्याजदर सम्बन्धी व्यवस्था–२०७२**

| क.स. | ऋणका स्रोत | व्याजदर (प्रतिशतमा) |
|---|---|---|
| १ | सहकारी | १७ |
| २ | वैक तथा अन्य वित्तिय संस्था | १४ |
| ३ | साहुमहाजन | २४ |
| ४ | अन्य | २३ |

स्रोत : स्थलगत सर्वेक्षण-२०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा रहेका सहकारीमा संलग्न सदस्यहरूले सहकारी संस्था स्थापना हुनु भन्दा गघि विभिन्न स्रोतबाट ऋण लिने गरेको पाइएको छ । ऋणको स्रोत अनुसार व्याजदरमा फरक रहेको पाइएको छ । सहकारीबाट ऋण लिदा १७ प्रतिशत वैक तथा अन्य वित्तिय संस्थाबाट १४ प्रतिशत, साहुमहाजन बाछ २४ प्रतिशत र अन्य छिमेकी इष्टमित्रबाट २३ प्रतिशत व्याजदरले ऋण लिने गरेको पाइएको थियो ।

## ३. सहकारी संस्थाबाट ऋण लिनुको उद्देश्य (Objective of Taking Loan from Co–operative)

यस सहकारी संस्थाले व्यापार, शिक्षा, स्वास्थ्य, वैदेशिक रोजगार, कृषि, सदस्यको नाममा जग्गा खरिद गर्न र सदस्यको नाममा घर बनाउन लागि ऋण दिने गरेको पाइयो  अध्ययन क्षेत्रका नमूना छनोटमा परेका सदस्यहरूले कुन-कुन उद्देश्यका लागि कतिले ऋण लिँदा रहेछन् भन्ने कुराको अध्ययन गरिएको थियो जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२३**

**ऋण लिनुको उद्देश्य सङ्ख्या प्रतिशत-२०७२**

| क्र.सं. | ऋण लिनुको उद्देश्य | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि, व्यापार, शिक्षा | २८ | २८ |
| २ | व्यापार | १८ | १८ |
| ३ | घर बनाउन | १२ | १२ |
| ४ | शिक्षा र वैदेशिक रोजगार | १६ | १६ |
| ५ | स्वास्थ्य | १० | १० |
| ६ | जग्गा खरिद र घर बनाउन | १६ | १८ |
| जम्मा | | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण-२०७३

माथिको तालिका अनुसार सहकारीमा संलग्न सदस्यहरूले विभिन्न प्रयोजनका लागि ऋण लिएको पाइएको थियो जसमध्ये कृषि, व्यापार, शिक्षाका लागि २८ जनाले कृषि र घर बनाउन लागि १२ जनाले, व्यापारका लागि १८ जनाले, जग्गा खरिद र घर बनाउनका लागि १६ जनाले, शिक्षा र वैदेशिक रोजगार लागि १६ जनाले, स्वास्थ्य लागि १० जनाले, जनाले ऋण लिएको पाइयो । यस मध्ये सबैभन्दा बढी ऋण कृषि, व्यापार, प्रति शिक्षाका लागि प्रतिशतल २८ ऋण लिएका छन् भने सबैभन्दा कम स्वास्थ्य लागि १० प्रतिशतले ऋण लिएको पाइएको थियो ।

## ४. नमूना छनोट सहकारीमा संलग्न सदस्यहरूको ब्याजदर सम्बन्धी प्रतिक्रिया (Response about Interest Rate of Sampled Members)

यस अध्ययन क्षेत्रमा रहेका सहकारी संस्थामा संलग्न हुने सदस्यहरूले अन्य ऋण लिने स्रोतभन्दा कम ब्याजदरमा, भरपर्दो र प्रमाणित रूपमा साख सुविधा प्राप्त गर्ने मौका पाएको पाइयो । उनीहरूलाई साहुमहाजनको चर्को ब्याजदरमा ऋण लिनुपर्ने बाध्यताबाट छुटकारा मिलेको पाइयो । प्रश्नावलीमा समावेश भएका सहकारीमा संलग्न सदस्यबाट प्रतिक्रिया लिने क्रममा संस्थाले उपलब्ध गराउँदै आएको ब्याजदरको बारेमा यस्तो प्रतिक्रिया पाइएको थियो ।

**तालिका ४.२४**

**नमूना छनोट सदस्यको सहकारी संस्थाको ब्याजदर सम्बन्धी प्रतिक्रिया-२०७२**

| क.सं. | प्रतिक्रिया | संलग्न सदस्य सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महँगो छ | – | – |
| २ | सामान्य छ | ३६ | ३६ |
| ३ | सस्तो छ | ६० | ६० |
| ४ | अन्य वित्तीय संस्थासँग बराबर छ | ४ | ४ |
| जम्मा | | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण-२०७३

माथिको तालिका अनुसार छनोटमा परेका सदस्यहरूबाट लिएको प्रतिक्रियामा संस्थाले उपलब्ध गराएको ऋणको ब्याजदर महँगो भन्ने नभएको पाइएको थियो । सामान्य छ भन्नेहरू ३६ प्रतिशत, सस्तो भन्नेहरू ६० प्रतिशत र अन्य वित्तीय संस्थासँग बराबर भन्नेहरू ४ प्रतिशत रहेको पाइयो ।

यसबाट के स्पष्ट हुन्छ भने सहकारी संस्थाले उपलब्ध गराएको ऋणको ब्याजदर उपयुक्त नै रहेको पाइएको थियो । जसले स्थानीय सदस्यहरूलाई आम्दानीमा वृद्धि गर्न मद्दत पुगेको छ । संस्थाले ऋणको साथसाथै सदस्यहरूलाई विभिन्न किसिमका उत्पादन सम्बन्धी तालिम, साक्षरता अभियान, स्वास्थ्य खानेपानी, सचेतना, शिक्षा आदि सेवाहरू प्रदान गर्दै आएको छ । त्यसैगरी यस संस्थाले स्थानीय सदस्यहरूको रोजगारीमा वृद्धि, बचत गर्ने प्रवृत्तिको

विकास, सङ्गठनात्मक र सामूहिक भावनाको विकास जस्ता थुप्रै सामाजिक कार्यहरू सञ्चालन गर्दै आएको छ ।

## ४.८ शैक्षिक अवस्था (Educational Condition)

शिक्षा विकासको आधार हो । शिक्षाले मानिसलाई अध्याँरोबाट उज्यालो तिर लैजान्छ । शिक्षाले मानिसलाई असल नागरिक बनाएर जीवनयापन गर्न सिकाउनुका साथै मानिसलाई सर्वपक्षको विकास गर्न सहयोग गर्दछ । शिक्षाबिना सभ्य र समुन्नत समाजको परिकल्पना गर्न सकिदैन । यस अध्ययनमा सहकारी संस्थामा संलग्न भएका र नभएका सदस्यहरूको शैक्षिक अवस्था, उनीहरूका बालबालिकाहरूको शैक्षिक अवस्था, उनीहरूले पढ्ने विद्यालय, ( निजी र सरकारी) का बारेमा अध्ययन गरिएको थियो । जसलाई छुट्टाछुट्टै शीर्षकमा देखाइएको छ ।

### ४.८.१ नमूना छनोट सदस्यको पारिवारिक शैक्षिक अवस्था (Family Educational Condition of Sampled Members)

शिक्षा विकासको आधार हो । शिक्षा बिना सम्मुन्नत तथा सभ्य समाजको निर्माण गर्न सकिदैन । शिक्षाले मानिसलाई असल नागरिक बनाएर जीवनयापन गर्न सिकाउनुका साथै मानिसलाई सर्वपक्षको विकास गर्न सहयोग गर्दछ । यस अध्ययनको क्रममा नमूना छनोटमा परेका सहकारीमा संलग्न र असंलग्न १०० सदस्यका घरपरिवारको ५७७ जना सदस्यको शैक्षिक अवस्था हेर्दा ५ बर्ष मूनिका बालवालिकाहरू पनि रहेका छन । हाम्रो देशको परिवेशमा औपचारिक शिक्षा ५ वर्ष पुरा भएपछि मात्र सुरु हुने भएकोले यस अध्ययनमा ५ वर्षमुनिका ६० जना बालबालिकाहरूलाई यस अध्ययनमा समावेश गरिएको छैन । यसैले नमूना छनोट सदस्यहरूको पारिवारिक शैक्षिक अवस्थालाई निम्नलिखित ताकिमा देखाइएको छ ।

## तालिका ४.२५

## नमूना छनोट सदस्यको पारिवारिक शैक्षिक अवस्था-२०७२

| क.सं | तह | संलग्न सदस्य परिवारको जनसंख्या | | | असंलग्न सदस्य परिवारको जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | सदस्य | पुरुष | जम्मा | सदस्य | पुरुष | जम्मा |
| १ | प्रा.वि | ३८ | ३३ | ७१ | ४९ | ३५ | ८४ |
| २ | नि.मा.वि. | २६ | २१ | ४७ | २२ | १७ | ३९ |
| ३ | मा.वि | १७ | २२ | ३८ | ११ | १६ | २७ |
| ४ | उ.मा.वि | ९ | १५ | २३ | ६ | ९ | १५ |
| ५ | उच्च शिक्षा | ३ | ५ | ८ | - | ३ | ३ |

स्रोत : स्थलगत सर्वेक्षण-२०७३

तालिकामा नमूना छनोट सदस्यहरूको पारिवारिक शैक्षिक अवस्थालाई देखाइएको छ । जस अर्न्तगत सहकारीमा संलग्न सदस्यहरूको घर परिवारमा प्रा.वि.तह सम्म अध्ययन गर्ने सदस्य ३८ जना र पुरुष ३३ जना गरी जम्मा ७१ जना रहेका छन । नि.मा.वि तह सम्म अध्ययन गर्ने सदस्य २६ र पुरुष २१ जना जम्मा ४७ जना, मा.वि. तह सम्म अध्ययन गर्ने सदस्य १७ जना र पुरुष २२ जना गरी ३८ जना, उ.मा.वि. सम्म अध्ययन गर्ने सदस्य ९ जना र पुरुष १५ गरी जम्मा २३ जना र उच्च शिक्षा सम्म अध्ययन गर्ने सदस्य ३ जना र पुरुष ५ जना गरी जम्मा ८ जना रहेका छन । त्यसैगरी सहकारीमा असंलग्न सदस्यहरूको घर परिवारमा प्रा.वि.तह सम्म अध्ययन गर्ने सदस्य ४९ जना र पुरुष ३५ जना गरी जम्मा ८४ जना रहेका छन । नि.मा.वि तह सम्म अध्ययन गर्ने सदस्य २२ र पुरुष १७ जना जम्मा ३९ जना, मा.वि. तह सम्म अध्ययन गर्ने सदस्य ११ जना र पुरुष १६ जना गरी २७  जना, उ.मा.वि. सम्म अध्ययन गर्ने सदस्य ६ जना र पुरुष १० गरी जम्मा १६ जना र उच्च शिक्षा सम्म अध्ययन गर्ने पुरुष ३ जना रहेका छन । सहकारीमा संलग्न र असंलग्न दुबै सदस्यहरूको परिवारमा प्रा.वि. तह सम्म अध्ययन गर्नेको संख्या सबै भन्दा बढी रहेको पाइयो ।

### ४.८.२ नमूना छनोट सदस्यहरूको शैक्षिक अवस्था (Educational Condition of Sampled Members)

नमूना छनोटमा परेका १०० सदस्यहरूको शैक्षिक अवस्थालाई निरक्षर र साक्षरको आधारमा अध्ययन सर्वेक्षण गरिएको थियो । निरक्षर भन्नाले साधारण पढ्न, लेख्न नसक्ने र साक्षर भन्नाले औपचारिक शिक्षा प्राप्त नगरे तापनि प्रौढ शिक्षा पढेकाहरू, सामान्य रूपमा पढ्न लेख्न सक्ने, र औपचारिक शिक्षा हासिल गरेकालाई बुझिन्छ । अध्ययन सर्वेक्षण गर्दाको समयमा प्राप्त शैक्षिक विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२६**

**नमूना छनोट सदस्यहरूको शैक्षिक अवस्था-२०७२**

| क.सं. | विवरण | सहकारीमा संलग्न सदस्य | | सहकारीमा असंलग्न सदस्य | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | निरक्षर | १६ | १६ | २८ | २८ |
| २ | साक्षर | ८४ | ८४ | ७२ | ७२ |
| | जम्मा | १०० | १०० | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण-२०७३

माथिको तालिका अनुसार नमूना छनोटमा परेका सहकारीमा संलग्न र असंलग्न सदस्यहरूको शैक्षिक अवस्थालाई निरक्षर र साक्षरको आधारमा देखाइएको छ । सहकारीमा संलग्न १६ प्रतिशत निरक्षर र ८४ प्रतिशत साक्षर रहेको पाइयो भने सहकारीमा असंलग्न २८ प्रतिशत निरक्षर र ७२ प्रतिशत साक्षर रहेको पाइयो ।

### ४.८.३ नमूना छनोट सदस्यहरूको तहगत शैक्षिक अवस्था (Levelwise Education Status of Sampled Members)

नमूना छनोटमा परेका सहकारीमा संलग्न र असंलग्न सदस्यहरूको शैक्षिक अवस्थालाई साक्षर, प्रा.वि., नि.मा.वि., मा.वि., उच्च मा.वि. र उच्च शिक्षाको तहमा विभाजन गरी अध्ययन सर्वेक्षण गरिएको थियो । साक्षरमा औपचारिक शिक्षा प्राप्त नगरेता पनि प्रौढ शिक्षा पढेकाहरू वा सामान्य रूपमा लेखपढ गर्न सक्ने, प्रा.वि. मा उत्तिर्ण भएका, नि.मा.वि. मा

उत्तिर्ण भएका, मा.वि. मा उत्तिर्ण भएका, उच्च मा.वि. मा उत्तिर्ण भएकालाई राखिएको थियो । जसलाई तालिकामा देखाइएको छ ।

**तालिका ४.२७**

**नमूना छनोट सदस्यहरूको तहगत शैक्षिक अवस्था-२०७२**

| क्र.सं. | शैक्षिक तह | संलग्न भएका सदस्य | | संलग्न नभएका सदस्य | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | साक्षर | २४ | २४ | ४४ | ४४ |
| २ | प्रा.वि. | २० | २० | २८ | २८ |
| ३ | नि.मा.वि. | १६ | १६ | १६ | १६ |
| ४ | मा.वि. | २४ | २४ | १२ | १२ |
| ५ | उ.मा.वि. | १० | १० | ४ | ४ |
| ६ | उच्च शिक्षा | ६ | ६ | – | - |
| जम्मा | | १०० | १०० | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण-२०७३

माथिको तालिकामा सहकारीमा संलग्न भएका र नभएका सदस्यहरूको वर्तमानको शैक्षिक अवस्थालाई देखाइएको छ । संलग्न भएका सदस्यहरू साक्षर २४, प्रा.वि. २०, नि.मा.वि. १६, मा.वि. २४, उच्च मा.वि. १० प्रतिशत रहेको पाइयो भने संलग्न नभएका तर्फ साक्षर ४४, प्रा.वि. २८, नि.मा.वि. १६, मा.वि. १२ र उ.मा.वि ४ प्रतिशत रहेको पाइयो । संलग्न भएका तर्फ साक्षर सबैभन्दा धैरै १२ जना रहेका छन् भने सबैभन्दा कम नि.मा.वि. र उ.मा.वि. १६/१६ जना उत्तीर्ण रहेको पाइयो । त्यसैगरी संलग्न नभएका तर्फ साक्षर सबैभन्दा धैरै २२ जना र उ.मा.वि. उत्तीर्ण गर्ने सबैभन्दा कम २ जना रहेको पाइयो ।

### ४.८.४ उमेरको आधारमा बालबालिकाको संख्या (Number of Children on the Basis of Age)

यस अध्ययनमा नमूना छनोटमा परेका सहकारीमा संलग्न र असंलग्न १०० जना सदस्यका बालवालिकाको उमेर समूहलाई हेरिएको छ । जसमा ० देखि १५ बर्ष सम्मका बालवालिकालाई मात्र समेटिएको छ । १५ बर्ष भन्दा माथिको उमेर बालवालिकाको उमेर

समूहमा नपर्ने भएकाले उक्त उमेर समूहलाई लिइएको छैन । यसरी उमेरतग आधारमा बालवालिकाको संख्यालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२८**

**उमेरगत विवरण- २०७२**

| क.स. | उमेर बर्ष | संलग्न सदस्य बालबालिका संख्या | प्रतिशत | असंलग्न सदस्य बालबालिका संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ०-५ | ३१ | ३२.९८ | २९ | ३०.२१ |
| २ | ५-१० | ३७ | ३९.३६ | ४३ | ४४.७९ |
| ३ | १० - १५ | २६ | २७.६६ | २४ | २५ |
| | जम्मा | ९४ | १०० | ९६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण-२०७३

माथिको तालिका ४.२८ अनुसार नमूना छनोटमा परेका सहकारी संस्थामा संलग्न भएका ५० सदस्यहरूको ९४ बालबालिकाहरू विभिन्न उमेर समूहका रहेका छन । जसमा ० देखि ५ बर्ष उमेर समूहका ३१ जना, ५ वर्ष देखि १० वर्ष उमेर समूहका ३७ र १० वर्ष देखि १५ वर्ष उमेर समूहका २६ जना रहेको पाइएको छ । सहकारीमा संलग्न नभएका ५० सदस्यको ९६ जना बालबालिकाहरू विभिन्न उमेर समूहका रहेका छन । जसमध्ये ० देखि ५ वर्ष उमेर समूहका २९ जना, ५ देखि १० वर्ष उमेर समूहका ४३ जना र १० वर्ष देखि १५ वर्ष उमेर समूहका २४ जना रहेको पाइएको छ । सबै भन्दा धेरै बालवालिका संलग्न र असंलग्न दुवै सदस्यका ५ देखि १० बर्ष उमेर समूहका ३७ र ४३ रहेका छन ।

### ४.८.५ बालबालिकाहरू पढ्ने शैक्षिक संस्था सम्बन्धी विवरण (Details of Educational Institution Studying Children)

अध्ययन क्षेत्रमा रहेका नमूना छनोटमा परेका सदस्यहरूका बालबालिकाहरूको अध्ययन सर्वेक्षण गर्दाको समयमा पढ्दै गरेको शैक्षिक संस्था सम्बन्धी गरिएको अध्ययनमा सरकारी र निजी गरी छुट्याइएको थियो । सरकारी विद्यालय भन्नाले सरकारी खर्चबाट सञ्चालित, शुल्क कम लाग्ने/नलाग्ने र शिक्षाको गुणस्तर सामान्य भएको विद्यालय हो भने निजी भन्नाले व्यक्ति वा समूहबाट सञ्चालित, शुल्क बढी लाग्ने शिक्षाको गुणस्तर पनि भएको

विद्यालय हो । यस अध्ययनमा ५ देखि १५ वर्ष भित्रका बालबालिकाको शैक्षिक तहलाई समेटिएको थियो । ० देखि ५ वर्षको उमेर विद्यालय उमेर समूह नभएका कारण तिनीहरूको बारेमा यस अध्ययनमा विश्लेषण गरिको छैन किनकी हाम्रो देशको परिवेशमा औपचारीक शिक्षा ५ वर्ष पुरा भएपछि मात्र सुरु हुन्छ र १५ देखि माथि बालबालिकाको उमेर समुहमा नपर्ने भएकाले यस अध्ययनमा ० देखि ५ बर्ष र १५ बर्ष देखि माथिका समूहलाई समेटिएको छैन । त्यसैले यस अध्ययनमा नमूना छनोटमा परेका १०० सदस्यका ५ बर्ष देखि १५ बर्षका बालवालिकाहरूले अध्ययन गर्ने शैक्षिक संस्था सम्बन्धि विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२९**

**शैक्षिक संस्था सम्बन्धी विवरण- २०७२**

| क.सं. | विवरण | संलग्न भएका सदस्य | | | संलग्न नभएका सदस्य | | |
|---|---|---|---|---|---|---|---|
| | | सदस्य सङ्ख्या | बालबालिका सङ्ख्या | प्रतिशत | सदस्य सङ्ख्या | बालबालिका सङ्ख्या | प्रतिशत |
| १ | विद्यालय नजाने | – | – | – | ८ | ४ | ५.९७ |
| २ | सरकारी | ३८ | २१ | ३३.३३ | ५२ | ३४ | ५०.७५ |
| ३ | निजी | ५४ | ३७ | ५८.७३ | २२ | २१ | ३१.३४ |
| ४ | दुवै | ८ | ५ | ७.९३ | १८ | ८ | ११.९४ |
| | जम्मा | १०० | ६३ | १०० | १०० | ६७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण-२०७३

माथिका तालिका ४.२९ मा नमूना छनोटमा परेका सहकारीमा संलग्न भएका र नभएका सदस्यहरूका बालबालिकाहरू पढ्ने शैक्षिक संस्था सम्बन्धी विवरण देखाइएको छ । सहकारीमा संलग्न सदस्यका ५ देखि १५ वर्षभित्रका सबै बालबालिकाहरू विद्यालय जाने गरेको पाइयो भने संलग्न नभएका ४ सदस्यका ४ बालबालिका विद्यालय नगएको पाइयो । जसको कारण १ बालबालिका अपाङ्ग, बाँकी आर्थिक अवस्था कमजोर भएका र बाबु आमाको लापरवाहीको कारण बीचमा नै विद्यालय छाडेका पाइयो । यसैगरी संलग्न भएका १९ सदस्यका २१ बालबालिकाहरू सरकारीमा, २७ सदस्यका ३७ बालबालिका निजी विद्यालयमा र ४ सदस्यले छोरा ३ जनालाई निजीमा र छोरी २ जनालाई सरकारीमा

पढाएको पाइयो । सहकारीमा संलग्न नभएका २६ सदस्यले ३४ जनालाई सरकारीमा, ११ सदस्यले २१ जनालाई निजीमा र ९ सदस्यको ८ छोराछोरी मध्ये २ छोरा १ छोरी निजि विद्यालय र ३ छोरी २ छोरा सरकारी विद्यालयमा पढाएको पाइयो । एउटै सदस्यका केही सरकारीमा र केही निजीमा पढाउनुको कारण छोराछोरी धैरै भएर सबैलाई निजीमा पढाउन नसक्नु र केहीको छोराछोरी प्रतिको भेदभाव रहेको पाइयो ।

### ४.८.६ बालबालिकाको शैक्षिक अवस्था (Educational Condition of Children)

यस अध्ययनमा सहकारीमा संलग्न भएका र नभएका सदस्यहरू मध्ये नमूना छनोटमा परेका १०० जना सदस्यका बालबालिकाहरूको शैक्षिक अवस्थाको अध्ययन गरिएको छ । वर्तमान समयमा यस सहकारीमा संलग्न भएका र नभएका सदस्यहरूले आफ्ना छोराछोरी दुवैलाई विद्यालय पठाएको पाइन्छ । पहिले छोरालाई मात्र स्कुल छोरीलाई घरधन्दा काममा मात्र लगाउथे । आजभोली अभिभावकहरू चेतनाको कारणले शिक्षाको महत्व बुझेर छोराछोरी दुवैलाई समान व्यवहार गरी विद्यालय पठाएका छन । यस अध्ययनमा ५ देखि १५ वर्षसम्मका बालबालिकालाई मात्र समावेश गरिएको छ किनकी ० देखि ५ वर्षको उमेर विद्यालय उमेर समूह नभएको र १५ देखि माथि बालबालिकाको उमेर समुहमा नपर्ने भएकाले यस अध्ययनमा समेटिएको छैन । ५ देखि १५ वर्षसम्मका बालबालिकाको कुल जनसंख्या १३० जना रहेको छ । तिनीहरूमध्ये विद्यालय जाने र विद्यालय नजाने बालबालिकाको विवरण निम्न तालिकाबाट देखिएको छ ।

**तालिका ४.३०**

**बालबालिकाको शैक्षिक अवस्था-२०७२**

| क्र.सं | विवरण | संलग्न सदस्यका बालबालिका | | | असंलग्न सदस्यका बालबालिका | | |
|---|---|---|---|---|---|---|---|
| | | छोरा | छोरी | जम्मा | छोरा | छोरी | जम्मा |
| १ | विद्यालय नजाने | – | – | – | १ | ३ | ४ |
| २ | विद्यालय जाने | ३४ | २९ | ६३ | ३३ | ३१ | ६४ |

स्रोत: स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.३० मा नमूना छनोटमा परेका सदस्यका बालवालिका शैक्षिक अवस्थालाई देखाइएको छ । सहकारीमा संलग्न सदस्यका सबै बालवालिकाहरू विद्यालय जाने गरेको पाइयो भने सहकारीमा संलग्न नभएका सदस्यका ६७ जना बालवालिकाहरूमध्ये १ छोरा र ३ छोरी विद्यालय नजाने गरेको पाइयो । सहकारीमा संलग्न र असंलग्न सदस्यहरूले आफ्नो छोराछोरी प्रति विभेद नराखी विद्यालय पठाउने गरेको पाइयो । नमूना छनेटमा परेका सहकारीमा संलग्न नभएका ५० सदस्यहरूमध्ये ४ जना सदस्यका ४ जना बालवालिका विद्यालय नगएको पाइयो ।

शिक्षा विकासको आधार हो । यसले बालवालिकाको सर्वाङ्गिण विकासमा महत्वपूर्ण भूमिका खेल्दछ । आजका बालवालिका भविष्यका कर्णधार हुन । तिनीहरूलाई राम्रो शिक्षा दिन सकेको खण्डमा मात्र समुन्नत र सभ्य समाजको परिकल्पना गर्न सकिन्छ । वर्तमान समयमा शिक्षा सबैका लागि अपरिहार्य भएको सन्दर्भमा नेपाल सरकारले पनि कोही पनि शिक्षाको अवसरबाट वंचित नहुन भन्ने उद्देश्यले प्रत्येक बर्ष शिक्षामा लगानी वृद्धि गरेको देखिन्छ । यसका साथै विभिन्न सरकारी तथा गैर सरकारी संस्थाबाट गरिब, जेहन्दार विद्यार्थीहरूलाई शिक्षाबाट वंचित हुन नदिन छात्रवृत्ति कार्यक्रमहरू संचालन गरेको पाइन्छ । यति हुदा पनि अध्ययन क्षेत्रका नमूना छनोटमा परेका ४ सदस्यका ४ जना बालवालिकाहरू विद्यालय नगएको पाइयो । उक्त बालवालिकाहरू निम्न कारणले गर्दा विद्यालय नगएको पाइयो ।

१. विद्यालय नजाने ४ बालवालिकामध्ये १ जना सुस्तमनस्थितिका कारण विद्यालय नगएको पाइयो किनकी अध्ययन क्षेत्रमा यस्ता बालवालिकाका लागि विशेष विद्यालयको व्यवस्था नभएको पाइयो ।

२. छोराछोरीको विभेदपूर्ण व्यवहार र आर्थिक अवस्था कमजोरका कारण १ बालिकाले विद्यालया नगएको पाइयो ।

३. अध्ययन क्षेत्रका मानिसहरूको बैद्धेशिक रोजगारको मुख्य गन्तव्य भारत भएकाले केहि परिवार कहिले भारत कहिले नेपाल बस्ने गरेको पाइयो । जसले गर्दा छोराछोरी पनि आमा बुवासँग नेपाल भारत ओहोर दोहोर गर्ने र घरको काम गर्नुपर्ने भएकाले २ बालवालिकाले विद्यालय नगएको पाइयो ।

## ४.९ तालिम प्राप्त गर्नेको विवरण (Profile of Training Receiver)

अध्ययन क्षेत्रमा नमूना छनोटमा परेका सहकरीमा संलग्न सदस्यहरूले आयमूलक/सीपमूलक र शिक्षामूलक/चेतनामूलक तालिम प्राप्त गरेको पाइयो । सहकारीका संलग्न सदस्यले प्राप्त गरेका तालिम सम्बन्धी विवरणलाई तल प्रस्तुत गरिएको छ ।

### ४.९.१ सहकारीबाट प्राप्त सीपमूलक/आयमूलक तालिम प्राप्त गर्नेको विवरण (Profile of Skillfull and Income Training Receiver)

नमूना छनोटमा परेका सदस्यहरूले सहकारीमा संलग्न भएपछि विभिन्न खालका सीपमूलक/आयमूलक तालिमहरू व्यापार, कुखुरा पालन, ब्यूटिपार्लर, क्रिस्टल, धुप तथा मैनबत्ति, सिलाईकटाइ र तरकारी खेती सम्बन्धी तालिमहरू प्राप्त गरेको पाइएको थियो । अध्ययन सर्वेक्षण गर्दाको समयमा सदस्यहरूले प्राप्त गरेका तालिम सम्बन्धी विवरण सङ्ख्या र प्रतिशतलाई तलको तालिकामा देखाइएको छ

**तालिका ४.३१**

**नमूना छनोट सदस्यको सीपमूलक तथा आयमूलक तालिम प्राप्त गर्नेको विवरण-२०७२**

| क्र.सं. | तालिमको विवरण | तालिम प्राप्त गर्नेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सिलाईकटाई, तरकारी खेती सम्बन्धी तालिम, कुखुरा पालन सम्बन्धी तालिम | ४ | ८ |
| २ | सिलाई कटाई, तरकारी खेती सम्बन्धी तालिम | ६ | १२ |
| ३ | तरकारी खेती र कुखुरा पालन सम्बन्धी तालिम | ५ | १० |
| ४ | तरकारी खेती र ब्यूटिसियन सम्बन्धी तालिम | २ | ४ |
| ५ | ब्यूटिसियन, क्रिस्टल, धुप तथा मैनबत्ति, सिलाईकटाइ सम्बन्धी तालिम | १० | २० |
| ६ | क्रिस्टल, धुप तथा मैनबत्ति, सिलाईकटाइ सम्बन्धी तालिम | १७ | ३४ |
| ७ | सीपमूलक तालिम नै नपाएकाहरू | ६ | १२ |
| | जम्मा | ५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण-२०७३

माथिको तालिकामा सहकारीमा संलग्न भएका सदस्यहरूले प्राप्त गरेको तालिम सम्बन्धी विवरणलाई देखाइएको छ । तालिका अनुसार सिलाईकटाई, तरकारी खेती सम्बन्धी तालिम,

कुखुरा पालन सम्बन्धी तालिम पाउनेहरू ८ प्रतिशत रहेका, सिलाई कटाई, तरकारी खेती सम्बन्धी तालिम पाउनेहरू १२ प्रतिशत रहेका, तरकारी खेती र कुखुरा पालन सम्बन्धी तालिम पाउनेहरू १० प्रतिशत रहेका, तरकारी खेती र ब्यूटिसियन सम्बन्धी तालिम पाउनेहरू ४ प्रतिशत रहेका, ब्यूटिसियन, क्रिस्टल, धुप तथा मैनबत्ति, सिलाईकटाइ सम्बन्धी तालिम पाउनेहरू २० प्रतिशत रहेका, क्रिस्टल, धुप तथा मैनबत्ति, सिलाईकटाइ सम्बन्धी तालिम पाउनेहरू ३४ प्रतिशत रहेका र सीपमूलक तालिमा नै नपाएकाहरू १२ प्रतिशत रहेको पाइयो ।

### ४.९.२ चेतनामूलक/शिक्षामूलक तालिम पाउनेको विवरण (Profile of Awareness/ Educational Training Receiver)

अध्ययन क्षेत्रका नमूना छनोटमा परेका सदस्यहरूले सहकारी आधारभूत तालिम, सहकारी शिक्षा, नेतृत्व विकास, कानुनी सचेतना, सदस्य हिंसा सम्बन्धी, बालबालिका सम्बन्धी हक अधिकार, सुशासन, मानव अधिकारजस्ता विभिन्न तालिमहरू प्राप्त गरेको पाइएको थियो । अध्ययन सर्वेक्षण गर्दाको समयसम्म प्राप्त गरेको तालिमहरूको विवरण सङ्ख्या र प्रतिशतलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.३२**

**चेतनामूलक/शिक्षामूलक तालिम पाउनेको विवरण- २०७२**

| क्र.सं. | तालिमको विवरण | तालिम प्राप्त गर्नेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सहकारी आधारभूत, नेतृत्व विकास, प्रजनन स्वास्थ्य तालिम | २० | ४० |
| २ | सहकारी आधारभूत, नेतृत्व विकास, प्रजनन स्वास्थ्य, मानव अधिकार, बाल अधिकार | १२ | २४ |
| ३ | सहकारी आधारभूत, नेतृत्व विकास, प्रजनन स्वास्थ्य, मानव अधिकार, सुशासन | ५ | १० |
| ४ | सहकारी आधारभूत, नेतृत्व विकास, मानव अधिकार, बाल अधिकार, स्वास्थ्य सम्बन्धी तालिम | ७ | १४ |
| ५ | शिक्षा/चेतनामूलक तालिम नपाएकाहरू | ६ | १२ |
| | जम्मा | ५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण-२०७३

माथिको तालिकामा सहकारीमा संलग्न भएका सदस्यहरूले प्राप्त गरेको तालिम सम्बन्धी विवरणलाई देखाइएको छ । सहकारी आधारभूत, नेतृत्व विकास, प्रजनन स्वास्थ्य तालिम पाउनेहरू ४० प्रतिशत रहेका, सहकारी आधारभूत, नेतृत्व विकास, प्रजनन स्वास्थ्य, मानव अधिकार, बाल अधिकार तालिम पाउनेहरू २४ प्रतिशत रहेका, सहकारी आधारभूत, नेतृत्व विकास, प्रजनन स्वस्थ्य, मानव अधिकार, सुशासन सम्बन्धी तालिम पाएकाहरू १० प्रतिशत रहेका, सहकारी आधारभूत, नेतृत्व विकास, मानव अधिकार, बाल अधिकार, स्वास्थ्य सम्बन्धी तालिम पाएकाहरू १४ प्रतिशत रहेका र शिक्षा/चेतनामूलक कुनै पनि तालिम नै नपाएकाहरू १२ प्रतिशत रहेको पाइयो ।

## ४.१० सहकारी संस्थामा आवद्ध स्थानीय समुदायहरूको आर्थिक तथा शैक्षिक प्रभाव (Economic and Educational Effect of Involved Shareholders in Co-operative)

### ४.१०.१ आर्थिक प्रभाव (Economic Effect)

सहकारी संस्थाले आवद्ध भएका स्थानीय समुदायहरूमा पारेको आर्थिक प्रभावलाई विश्लेषण गर्दा मूख्यत आम्दानी, खर्च, बचत, पेशा आदि पक्षहरूलाई अध्ययन गरिएको छ । जसलाई तल बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

१. सहकारी संस्थामा आवद्ध नभएका सदस्यहरू भन्दा आवद्ध भएका सदस्यहरूले वार्षिक रु.१४,६२,४५६ ले बढी आम्दानी गरेको पाइयो । त्यसैले सहकारीमा आवद्ध समुदायहरूको आर्थिक वृद्धि हुनका साथै जीवनस्तरमा समेत सकारात्मक प्रभाव पारेको पाइयो ।

२. सहकारीमा आवद्ध भएकाहरूको आम्दानी बढी भएको हुनाले वार्षिक खर्च पनि रु.१२,६२,६८८ ले बढी रहेको पाइयो ।

३. सहकारी संस्थामा आवद्ध भएका समुदायहरूले अनिवार्य रूपमा रु.५० देखि स्वेच्छिक बचत गरेको पाइयो । जसले गर्दा बचत पनि रु.१९९,७६८ ले बढि देखियो । भने आवद्ध नभएका समुदायहरूले बचत नै नगरेको हुनाले आवद्ध समुदायहरूको आर्थिक समृद्ध रहेको पाइयो ।

४. सहकारीमा आवद्ध समुदायहरू व्यापार, नोकरी, कृषि, गृहिणी लगायत विभिन्न उत्पादनमूलक क्षेत्रमा लगानी गरी उत्पादनमा वृद्धि गरेको पाइयो । त्यसैगरी सहकारीमा आवद्ध नभएका समुदायहरूले कमी मात्रामा उत्पादनमूलक क्षेत्रमा लगानी गरेका पाइयो ।

५. सहकारी संस्थामा आवद्ध भएपछि समुदायहरूले सहुलियत ब्याजदरमा ऋण लिई उत्पादनमूलक क्षेत्रमा लगानी गरी आयस्तरमा वृद्धि गरेको पाइयो ।

६. सहकारीमा आवद्ध समुदायहरूबाट केहीलाई रोजगारीको अवसरमा सिर्जना गरी आर्थिक प्रभाव पारेको पाइयो ।

### ४.१०.२ शैक्षिक प्रभाव (Educational Effect)

कृषि सहकारी संस्थामा आवद्ध भएका समुदायहरूको शैक्षिक अवस्थालाई अध्ययन गर्दा साक्षर, निरक्षर, प्रा.वि., मा.वि., उच्च मा.वि., उच्च शिक्षाका साथै सामुदायिक र निजी संस्था गरी अध्ययन गरिएको छ । सहकारीमा आवद्ध समुदायहरूको शैक्षिक प्रभावलाई तल बँदागत रूपमा प्रस्तुत गरिएको छ :

१. सहकारी संस्थामा आवद्ध समुदायहरू ८४ प्रतिशत साक्षर र १६ प्रतिशत निरक्षर रहेको हुनाले सहकारीमा आवद्ध समुदायहरूको शैक्षिक अवस्था राम्रो भएको मानिन्छ । त्यसैले सहकारीमा आवद्ध भएपछि साक्षरतामा वृद्धि भएको पाइयो ।

२. सहकारीमा आवद्ध भएका समुदायहरूले सामुदायिक संस्था सँगसँगै निजी संस्थामा पनि आफ्ना परिवारहरू पठाएको पाइयो । त्यसैले आवद्ध समुदायहरूको शैक्षिक स्तरमा वृद्धि हुँदै गएको पाइयो ।

३. सहकारी संस्थामा आवद्ध भएपछि समुदायहरूले विभिन्न सीपमूलक जस्तैः ब्यूटिसियन, क्रिस्टल, धुप तथा मैनबत्ति, सिलाईकटाइ, कुखुरापालन, तरकारी खेती, इत्यादि तालिमहरू दिएको हुनाले आत्मनिर्भर भई उत्पादनमा वृद्धि गरेको पाइयो ।

४. विभिन्न शैक्षिक अभिमुखीकरण दिई जनचेतना जगाई आत्मविश्वासमा वृद्धि गरेको पाइयो ।

५. सहकारीमा आवद्ध समुदायहरूले चेतनामूलक जस्तैः सहकारी शिक्षा, बालअधिकार, स्वास्थ्य र सरसफाई, भर्ना सम्बन्धी अभिमुखीकरण, नेतृत्व विकास आदि तालिमहरू ग्रहण गरेको पाइयो ।

६. नमूना छनोटमा परेका सहकारीमा संलग्न र असंलग्न सदस्यको तहगत आम्दानीको आधारमा उनीहरूको बालवालिकाको शैक्षिक प्रभावलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.३३**

**तहगत आम्दानीका आधारमा शैक्षिक प्रभाव-२०७२**

| क्र.सं. | तहगत आम्दानी (रु.000) मा | संलग्न सदस्यका बालवालिका संख्या | | | | असंलग्न सदस्यका बालवालिका संख्या | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सरकारी | | निजी | | सरकारी | | निजी | |
| | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| १ | ०-५० | ९ | ७ | १२ | १० | १२ | १५ | ७ | ३ |
| २ | ५०-१०० | ४ | २ | १५ | १२ | ४ | ३ | ९ | ५ |
| ३ | १००-१५० | ३ | २ | १८ | १६ | १ | २ | १२ | ११ |
| ४ | १५०-२०० | १ | | १९ | १७ | - | १ | ७ | ६ |
| ५ | २०० भन्दा माथि | - | - | १३ | ११ | - | - | ५ | ६ |
| | जम्मा | १७ | ११ | ७७ | ६६ | १७ | २१ | ४० | ३१ |

स्रोतः स्थलगत सर्वेक्षण-२०७३

तालिका ४.३३ आम्दानी रु. ० देखि ५० हजार सम्म हुने सहकारीमा संलग्न धेरै जसो सदस्यले छोराछोरीलाई सरकारी विद्यालयमा पढाउने गरेको पाइयो भने रु.१ लाख पचास हजार भन्दा धेरै आम्दानी हुनेहरूले आफ्ना सबै छोराछोरीलाई निजी विद्यालयमा पढाएको पाइयो । त्यसैगरी संलग्न नहुनेहरूमा पनि आम्दानी कम हुने अर्थात रु.० देखि ५० हजार सम्म आम्दानी हुने सदस्यले ३७ छोराछोरी मध्ये १२ छोरा १५ छोरी सरकारीमा र ७ छोरा ३ छोरी निजीमा पढाएको पाइयो भने रु. २ लाख भन्दा बढि आम्दानी हुने सदस्यहरूले सबै बालबालिका निजी विद्यालय नै पढाउने गरेको पाइयो । माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने धेरै आम्दानी हुनेले धेरै छोरा छोरी निजी विद्यालयमा र थोरै मात्र छोराछोरी सरकारीमा पढाउने कम आम्दानी अर्थात रु.०-५० हजार सम्म मात्र आम्दानी भएका धेरै जसोले बालबालिका सरकारी विद्यालयमा पढाउने गरेको पाइयो । साथै सहकारीमा संलग्न नहुनेको

तुलनामा संलग्न हुने सदस्यका धेरै घर परिवारले आफ्ना छोराछोरीलाई निजी विद्यालय नै पढाउने गरेको पाइयो ।

## ४.११ होस्टे हैसे वचत तथा ऋण सहकारी संस्थाको उपलब्धी (Achievement of Hostay- Hainsay Saving and Credit Co-operative)

नेपालको अन्तरिम संविधान २०६३ ले अर्थतन्त्रको विकासमा सरकारी, सहकारी र निजी क्षेत्रको महत्वपूर्ण भूमिकालाई स्वीकारद गर्दै सहकारीलाई अर्थतन्त्रको एउटा खम्बाको रूपमा स्वीकार गरेको छ । सहकारीको सङ्ख्यात्मक वृद्धि तीव्र छ । ग्रामीण क्षेत्रमा जागरण ल्याउन, वित्तीय सेवा पुऱ्याउन, बचत गर्ने बानीको विकास गर्ने, रोजगारीको सिर्जना गर्न, कृषि क्षेत्रलाई आधुनिकीकरण गर्न, सदस्य सशक्तीकरण गर्न, विभिन्न समुदाय र जातजातिलाई एउटै सूत्रमा आबद्ध गरी सामाजिक सहभागितामा वृद्धि गर्ने जस्ता महत्वपूर्ण कार्यमा सहकारीको उल्लेखनीय भूमिका देखिन्छ । यस अध्ययनबाट प्राप्त मुख्य-मुख्य उपलब्धी तल प्रस्तुत गरिएको छ ।

### १. सङ्गठनात्मक र सामूहिक विकास

यस कार्यक्रममा संलग्न सदस्यहरूमा सङ्गठनात्मक निर्णयअनुसार अगाडि बढ्ने समूहमा छलफल, सल्लाह, सुझाव, विचारहरूको आदान प्रदान गर्ने जस्ता सामूहिक भावनाको विकास भएको पाइयो । त्यस्तै प्रत्येक व्यक्तिमा समितिको निर्णय गर्ने प्रक्रिया तथा तौरतरिका सम्बन्धी राम्रो ज्ञान भएको पाइएको थियो ।

### २. बचत गर्ने बानीको विकास

सहकारी संस्थामा आवद्ध भएपछि अनिवार्य रूपमा निश्चित मात्रा बचत गर्नु पर्दछ । यो बचत सङ्कलन र परिचालन गरी पूँजी निर्माण हुन्छ । प्रत्येक आवद्ध समुदाहरूले मासिकरूपमा बचत अनिवार्य गर्नु पर्ने भएकोले बचत गर्ने बानीको विकास भएको पाइयो ।

### ३. आयस्तरमा वृद्धि

सहकारीमा आवद्ध समुदायहरूले अनिवार्य रूपमा निश्चित मात्रा बचत गर्नु पर्ने एवम् आयमूलक अभिमुखीकरण तालिम प्राप्त गनर्के भएकोले आम्दानीमा वृद्धि भई जीवनस्तर उच्च हुन गएको पाइयो ।

### ४. सहुलियत दरमा ब्याज प्रवाह

सहकारी संस्थाले दिने ऋणको १७ प्रतिशत ब्याजदरले लगानी गरेको पाइयो भने स्थानीय समुदायहरूबाट गरेको बचतलाई १२ प्रतिशतले ब्याज दिने गरेको पाइयो । जुन ब्याज अन्य साहुँ महाजन तथा वित्तीय संस्थाहरूको तुलनामा कम ब्याजमा ऋण प्रवाह गरेको पाइयो ।

### ५. शैक्षिक अभिमुखीकरण

सहकारी संस्थामा आवद्ध भएका स्थानीय समुदायहरूको शैक्षिक स्तर राम्रो रहेको पाइयो । आवद्ध समुदायहरूलाई दिइएको शिक्षा सम्बन्धी जनचेतना, साक्षरता कार्यक्रम, भर्ना सम्बन्धी अभिमुखीकरण र बालअधिकार सम्बन्धी कार्यक्रमले गर्दा आवद्ध समुदायहरूको शैक्षिक स्तरमा सुधार भएको  पाइयो ।

### ६.आय तथा सीपमूलक तालिम

सहकारी संस्थाले आवद्ध समुदायहरूलाई विभिन्न आय तथा सीपमूलक तालिम जस्तैः व्यापार, कुखुरा पालन, ब्यूटिपार्लर, क्रिस्टल, धुप तथा मैनबत्ति, सिलाईकटाइ, तरकारी खेती सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी आवद्ध समुदायहरूको आम्दानी वृद्धि भएको पाइयो ।

### ७. नेतृत्व विकास

सहकारीमा संलग्न हुनु अघि २/४ जनाको अगाडि रहेर आफ्नो नाम समेत भन्न हिचकिचाउने, आफ्नो मनमा लागेका कुराहरू भन्न डराउने सदस्यहरू सहकारीमा संलग्न भएपछि समूह बनाउन, सङ्गठन खोल्न बैठक बस्ने निर्णय लिन समेत सक्षम भएका, आफ्नो हकअधिकारप्रति सचेत भएको पाइएको थियो ।

### ८. आत्मविश्वासमा वृद्धि

सहकारीमा संलग्न हुनु अघि ऋण लिनु भनेको नकारात्मक हो भन्ने सोचाइ भएका सदस्यहरूको सहकारीमा संलग्न भएपछि ऋण लिएर उत्पादकीय क्षेत्रमा खर्च गरी आयआर्जन बढाउने, आफ्नो छुट्टै बचत गर्न सकिने, परिवार र समाजमा सकारात्मक

परिवर्तन ल्याउनका लागि म पनि कोही हुँ र केही गर्न सक्छु भन्ने आत्मविश्वास बढेको पाइएको थियो । यस्तो धारणा राख्नेहरू ८५ प्रतिशत रहेको पाइएको थियो ।

### ९. पारिवारिक खर्चको भूमिकामा वृद्धि

सहकारीका संलग्न भएपछि सहकारीबाट प्राप्त सीपमूलक/चेतनामूलक तालिम र सरल ब्याजदरमा ऋण प्राप्त गरेकाले त्यसबाट उत्पादकीय क्षेत्रमा लगानी गरी आम्दानी बढेको पाइयो । यस आम्दानीबाट परिवारको खर्चमा केही मात्रामा योगदान पुगेको पाइएको थियो ।

### १०. पारिवारिक निर्णय गर्न सक्ने क्षमतामा वृद्धि

परिवारको सानादेखि ठूला निर्णयसम्म पुरूष वा घरमुलीले नै गर्ने गरेकोमा सहकारीमा संलग्न भएपछि सदस्यहरू पनि परिवारको सानादेखि ठूला निर्णय गर्न सक्षम भएको पाइएको थियो । यस्तो क्षमतामा वृद्धि भएको धारणा राख्नेहरू ६५ प्रतिशत र नभएको धारणा राख्नेहरू ३५ प्रतिशत रहेको पाइयो ।

## ४.१२ होस्टे हैसे वचत तथा ऋण सहकारी संस्थाको समस्याहरू (Problems of Hostay-Hainsay Saving and Credit Co-operative)

कुनै पनि कार्यक्रमका राम्रा पक्षहरू भए पनि त्यसभित्र केही न केही दोष तथा नराम्रा पक्षहरू पनि लुकेका हुन्छन् । त्यस्ता दोष तथा नराम्रा पक्षको समयमा पहिचान गरी मूल्याङ्कन र समाधानका उपायहरू पत्ता लगाउन सकेमा त्यस कार्यक्रमले योजनाबद्ध रूपमा कार्यक्रम अगाडि बढाउने एक शुभअवसर पाउँछ । अध्ययन क्षेत्रमा रहेको सहकारीको पनि विभिन्न समस्याहरू रहेको पाइयो जसलाई विभिन्न शीर्षकमा तल प्रस्तुत गरिएको छ ।

### १. आयआर्जन नभएका सदस्यले बढी मात्रामा ऋण माग्नु

यस संस्थाले साख सुविधा बचत, शेयर र सामूहिक जमानतको आधारमा प्रदान गर्ने गरेको छ । तर केही सदस्यहरूले आफ्नो बचत र शेयरको आधारभन्दा बढी ऋणको माग गर्ने र चेतनामूलक, सीपमूलक तालिमहरू लिए तापनि त्यसको उपयोग नगर्नु यसको अर्को

समस्याको रूपमा रहेको पाइयो । यस सम्बन्धी धारणा राख्ने सहकारीका अध्यक्ष लगायत २५ प्रतिशत नमूना छनोटमा परेका शेयर सदस्यहरू रहेका पाइयो ।

### २. ऋणको दुरूपयोग सम्बन्धी समस्या

ऋणको दुरूपयोग भनेको जुन उद्देश्यले ऋण लिएको हो त्यो क्षेत्रमा प्रयोग नगरी अन्य अनुत्पादन क्षेत्रमा ऋणको प्रयोग गर्नु हो । यसरी ऋणको दुरूपयोग हुँदा ऋणीको उत्पादन र सामाजिक प्रतिष्ठामा समेत ह्रास आउन सक्छ भने ऋण लगानी कर्ताले पनि ऋण असुलीका लागि झन्झट बेहोर्नु पर्ने हुन्छ । नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरूलाई सहकारीबाट प्राप्त ऋण उद्देश्य अनुसार नै खर्च गर्नुहुन्छ ? भनी गरिएको प्रश्नमा ७०.३७ प्रतिशतले गर्छु भन्ने धारणा राखेको पाइयो भने बाँकी २७.७७ प्रतिशतले गर्दिन भन्ने धारणा राखेको पाइयो ।

### ३. निरीक्षण र अनुगमन सम्बन्धी समस्या

कुनै पनि कार्यक्रमको समय समयमा निरीक्षण तथा अनुगमन हुनु आवश्यक हुन्छ । निरीक्षण भनेको कुनै पनि कामको अवलोकन, रेखदेख हेरचाह गर्नु र जाँचबुझ गर्ने एउटा प्रक्रिया हो । निरीक्षणविना असल र खराब पक्षहरू मूल्याङ्कन गर्न सकिँदैन । नमूना छनोटमा परेका सदस्यहरूलाई तपाईंले लिएको ऋणको कार्यान्वयन गर्दा सम्बन्धित निकायबाट निर्देशन वा निरीक्षण हुन्छ ? भन्ने प्रश्नमा ८४ प्रतिशतले निरीक्षण हुँदैन भन्ने धारणा राखेको पाइयो भने १६ प्रतिशतले निरीक्षण हुन्छ भन्ने धारणा राखेको पाइयो । यस कार्यक्रमको निरीक्षण र अनुगमन नभएकाले यो एउटा समस्याको रूपमा रहेको पाइयो ।

### ४. तालिम सम्बन्धी समस्या

मानिसको ज्ञान, सीप र क्षमतामा वृद्धि गर्नका लागि हरेक क्षेत्रमा तालिमको आवश्यकता पर्दछ । सदस्यहरूलाई यस्ता ज्ञान, सीप र क्षमताको विकास नभएमा अथवा तालिम नपाएमा उनीहरूले लिएको ऋणको दुरूपयोग हुने ऋण असुलीमा ह्रास आउने, र उत्पादन घट्न गई निरुत्साहित हुन पुग्दछ । अध्ययनका लागि छनोट गरिएका सदस्यहरूलाई तपाईंले सहकारीमा संलग्न भएपछि चेतनामूलक र सीपमूलक तालिम पाउनु भएको छ ? भनि गरिएको प्रश्नमा ८६ प्रतिशतले पाएको धारणा राखेका र बाँकी १४ प्रतिशतले नपाएको

धारणा राखेको पाइयो र सीपमूलक तालिम ८६ प्रतिशले पाएका १४ प्रतिशतले नपाएको धारणा राखेको पाइयो । यहाँ तालिम पाउनेको सङ्ख्या धेरै रहेको देखिए तापनि सहकारीबाट तालिम दिँदा आफन्त सक्रिय सदस्यहरूलाई मात्र धेरै मात्रामा तालिम दिइएको र गरिब, पिछडिएका, दलित तल्लो वर्गका सदस्यहरू तालिमबाट वञ्चित रहेको पाइएको थियो । जसले गर्दा यो एउटा समस्याको रूपमा रहेको पाइयो ।

### ५. भौतिक पूर्वाधारको अभाव

यस सहकारी संस्थाको आफ्नो निजी भवनको अभाव रहेको पाइयो । जसको कारण अभिमुखीकरण, तालिम, गोष्ठी, सेमिनार जस्ता कार्यक्रमहरू सञ्चालनमा समस्या हुन गएको पाइयो । जसले गर्दा सहकारीले सञ्चालन गरेका विभिन्न आय तथा सीपमूलक तालिमहरूलाई प्रभावकारी रूपमा हुन नसकेको पाइयो ।

### ६. सम्पन्न वर्गका सदस्यहरूको बाहुल्यता

गरिब पिछडिएका दलित र तल्लो वर्गको सदस्यहरूलाई उत्पादनमा सक्रिय बनाउन, सचेत र सभ्य नागरिक बनाउनका लागि स्थापित यस संस्थामा सम्पन्न वर्गका केही सदस्यहरूको बाहुल्यता रहेको पाइयो ।

निष्कर्षमा माथिको अध्ययनमा तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरणको आधारमा सदस्य सहकारी संस्थाले स्थानीय समुदायहरूलाई सहुलियत ब्याजदरमा विभिन्न क्षेत्रहरू कृषि, व्यापार, उद्योग, शिक्षा, स्वास्थ्य, वैदेशिक रोजगार र अन्य क्षेत्रका लागि समेत ऋण प्रवाह गरेको पाइयो । जुन ऋणबाट सहकारीमा आवद्ध समुदायहरूले आफ्नो आम्दानीमा वृद्धि गरी जीवनस्तरमा सकारात्मक हुँदै गरेको पाइयो । सहकारी संस्थामा आवद्ध भएका र नभएका समुदायहरूको आर्थिक तथा सामाजिक अवस्थालाई अध्ययन गर्दा सहकारीमा आवद्ध भएका समुदायहरू आवद्ध नभएका समुदायहरूकोभन्दा आर्थिक, सामाजिक, शैक्षिक रूपले सक्षम तथा उन्नतशील हुनका साथै चेतनामा अभिवृद्धि भएको पाइयो । जहाँ सहकारीमा आवद्ध समुदायहरूले निरन्तर बचत गर्न सक्षम हुनु, आफ्नो आयआर्जन तथा उत्पादनमावृद्धि हुनु, आत्मविश्वसमा वृद्धि, विभिन्न आयमूलक तथा सीपमूलक तालिम साथै गरिबी निवारणमा समेत सहयोग पुगेको पाइयो । विभिन्न जातजाति, धर्म, पेशा, समूह, क्षेत्र, व्यावसाय आदि सम्पूर्णलाई समेटी एकीकृत बनाई सामूहिक भावनाको विकास भएको पाइयो । सहकारी

शिक्षा, बालअधिकार, स्वास्थ्य र सरसफाई, भर्ना सम्बन्धी अभिमुखीकरण, नेतृत्व विकास आदि तालिमहरू ग्रहण गरेको पाइयो जसको कारण सहकारीमा आवद्ध समुदायहरूको शैक्षिक स्थितिमा सुधार हुँदै गएको देखिन्छ ।

## ४.१३ सारांश (Summary)

यो अध्ययन नल्लु गा.वि.स. ललितपुरमा सञ्चालन गरिएको होस्टे हैसे वचत तथा ऋण सहकारी संस्था लि.ले स्थानीय सदस्यहरूको आर्थिक र उनीहरूका बालबालिकाहरूको शैक्षिक क्षेत्रमा पारेको प्रभाव शीर्षकमा गरिएको थियो ।

अध्ययन क्षेत्रमा होस्टे हैसे वचत तथा ऋण सहकारी संस्था लि.ले सदस्यहरूलाई प्रवाह गरेको ऋणको अवस्था, यस संस्थामा संलग्न भएका र नभएका सदस्यहरूको आर्थिक र उनीहरूका बालबालिकाहरूको शैक्षिक अवस्थाको अध्ययन गरी सहकारी संस्थाका समस्याहरू पत्ता लगाई प्रभावकारी सुझावहरू दिनु यस अध्ययनका प्रमुख उद्देश्यहरू रहेका थिए ।

उपयुक्त उद्देश्यहरू पूरा गर्न वर्णनात्मक र विश्लेषणात्मक पद्धति अपनाइएको छ । जसका लागि तालिकाको प्रयोग गरी प्राथमिक र द्वितीय तथ्याङ्कद्वारा तथ्याङ्कको विश्लेषण गरिएको थियो ।

प्राथमिक तथ्याङ्क सङ्कलन गर्न तिनखाले प्रश्नावलीहरू (सहकारीका अध्यक्ष, सहकारीमा संलग्न भएका र नभएका सदस्य) द्वारा तथ्याङ्क सङ्कलन गरिएको थियो । सहकारीमा संलग्न भएका, नभएका र सहकारी संस्थाको अध्यक्ष गरी जम्मा १०१ जना छनोट भएका थिए जुन कुल जनसङ्ख्याको ८.०७ प्रतिशतका दरले हुन आउँछ । यही सदस्यहरूको सङ्ख्यालाई प्राथमिक तथ्याङ्कहरूको मुख्य स्रोत बनाइएको थियो भने द्वितीय तथ्याङ्क सङ्कलन गर्ने क्रममा विभिन्न बाह्य स्रोतहरू गा.वि.स. कार्यालय, होस्टे हैसे वचत तथा ऋण सहकारी संस्था लि., ललितपुर उपमहानगरपालिका, जिल्ला विकास समिति, केन्द्रीय तथ्याङ्क विभाग ललितपुर र अन्य सरकारी तथा गैरसरकारी संस्थाबाट प्रकाशित तथा अप्रकाशित तथ्याङ्कहरूको सहयोग लिइएको थियो ।

- होस्टे हैसे वचत तथा ऋण सहकारी संस्था लि. को स्थापना वि.सं. २०६३ साल वैशाख ५ गते भएको हो ।

- यो सहकारी नल्लु गा.वि.स. मा सञ्चालित छ । यसमा ४० वटा समिति र ६० वर्ष मुनीका जम्मा ६६० जना सदस्य शेयर सदस्य रहेका थिए ।
- यस सहकारीले शेयर सदस्यहरूलाई शेयर, बचत, सामूहिक धितो जमानतका आधारमा ऋण दिने गरेको पाइयो ।
- यस सहकारीले ऋण लगानीमा १७ प्रतिशत ब्याज लिने र सदस्यहरूको बचतमा १२ प्रतिशत ब्याज दिने गरेको पाइयो ।
- यस सहकारीद्वारा प्रदान गरिने ऋण कम्तीमा ३ महिना र बढीमा एक वर्षको रहेको पाइयो र समयमा साँवा ब्याज चुक्ता नगरेमा दैनिक ५ रूपैयाँ जरिवाना लिने व्यवस्था रहेको पाइयो ।
- आ.व. २०७१/७२ मा रु. ५१,०७,९०४ ऋण, रु. ४५,९१,३८२ असुली र रु. ५१,६५,२२ बाँकी रहको प्रतिवेदनले देखाइएको छ ।
- आ.व.२०७१/०७२ मा जम्मा रु.५१,०७,९०४ ऋण लगानी गरेकोमा कृषि क्षेत्रमा रु. २२,५४,७२१ वा जम्मा लगानीको ४४.१४ प्रतिशत ऋण लगानी गरेको पाइयो । त्यसैगरी शिक्षामा रु.१५,३७,८७० स्वास्थ्यमा रु.५,१८,९८५ व्यापारमा रु.१,१९,७०९ वैदेशिक रोजगारमा रु.१,५७३७५ जग्गा खरिदमा रु.२,१३,५३४ र घर बनाउनमा रु.३,०५,७१० लगानी गरेको पाइयो । जसको प्रतिशत क्रमशः ३०.११, १०.१६, २.३४, ३.०८, ४.१८, ५.९८ प्रतिशत रहेको छ । सबैभन्दा धेरै लगानी कृषिमा ४४.१४ प्रतिशत र सबैभन्दा थोरै व्यापारमा २.३४ प्रतिशत लगानी गरेको पाइयो ।
- सहकारीमा संलग्न सदस्यका घरपरिवारको जम्मा वार्षिक आम्दानी रु ३२,०३,७१७- र प्रति घरपरिवार औसत आम्दानी रु.६४,०७४.३४ रहेको पाइयो । यो आम्दानीलाई स्रोतको आधारमा छुट्याउँदा कृषि+नोकरीबाट ५१.३९ प्रतिशत, कृषि+व्यापारबाट १४.७२ प्रतिशत, ज्याला/मजदुरीबाट २५.५८ प्रतिशत, जागिर/नोकरीबाट ५.५७ प्रतिशत, उद्यमीबाट २.७४ प्रतिशत आम्दानी रहेको पाइयो ।
- त्यसैगरी सहकारीमा संलग्न नभएका सदस्यका घरपरिवारको जम्मा वार्षिक आम्दानी रु.१७,४१,२६१ र प्रति घरपरिवाार औसत आम्दानी रु.३८,८२५.२२ रहेको पाइयो । जसलाई स्रोतको आधारमा छुट्याउँदा कृषि/नोकरीबाट ५२.६६ प्रतिशत,

कृषि+व्यापारबाट १८.२२ प्रतिशत, ज्याला/मजदुरीबाट २२.१८ प्रतिशत, जागिर/नोकरीबाट ५.९४ प्रतिशत, आम्दानी गरेको पाइयो ।

- संलग्न भएका सदस्यका रु.० देखि ५० हजार आम्दानी हुनेहरू सबभन्दा बढी ३२ घरपरिवार रहेको पाइयो । रु. २ लाख भन्दा माथि आम्दानी हुने ६ घरपरिवाार रहेको पाइयो । सहकारीमा संलग्न नहुनेहरूको रु. ० देखि ५० हजारसम्म आम्दानी हुने सबभन्दा बढी ७२ घरपरिवाार र रु. २ लाख भन्दा माथि आम्दानी हुने सबभन्दा कम ४ घरपरिवार मात्र रहेको पाइयो ।

- संलग्न सदस्यको घरपरिवारको आफ्नो आम्दानीको जम्मा वार्षिक खर्च रु.२७,४१,२१० र औसत प्रति घरपरिवाार खर्च रु.५४,८२४.२ रहेको पाइयो भने संलग्न नभएका सदस्यहरूका घरपरिवारको जम्मा खर्च रु.१४,७८,५२२ र प्रति घरपरिवार औसत खर्च रु.२९,५७०.४४ रहेको पाइयो ।

- सहकारीमा संलग्न सदस्यहरूको सहकारीबाट ऋण लिई संचालित व्यावसायको आम्दानी रु.११,२५,०००, खर्च रु. ७,३०,००० र बचत रु.३,९५,००० रहेको पाइयो ।

- संलग्न सदस्यहरूका घरपरिवारकले आफ्नो आम्दानीबाट उपभोगमा ३९.५० शिक्षामा २४.०६ स्वास्थ्यमा ८.६६ चाडपर्वमा १९.८९ र अन्यमा ७.८८ प्रतिशत खर्च गरेको पाइयो भने संलग्न नभएकाहरू तर्फ उपभोगमा ३९.८८ शिक्षामा १६.६७ स्वास्थ्यमा १७.०८, चाडपर्वमा १४.३८ र अन्य क्षेत्रमा ११.९९ प्रतिशत खर्च गरेको पाइयो ।

- नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यका घरपरिवारको तहगत बार्षिक खर्च रु.० देखि ३० हजार सम्म खर्च गर्ने ३० जना सदस्यको घरपरिवार, त्यसैगरी रु. ३० देखि ६० हजार सम्म २६ घरपरिवार, रु. ६० देखि ९० हजार सम्म १८ घरपरिवार, रु. ९० देखि १२० हजार सम्म २० घरपरिवार, रु.१२० हजार देखि माथि खर्च गर्ने १० जनाको घरपरिवार रहेको पाइयो । सहकारीमा असंलग्न हुनेहरूमा वार्षिक रु.० देखि ३० हजार सम्म खर्च गर्ने ४६ जना सदस्यको घरपरिवार, त्यसैगरी रु. ३० देखि ६० हजार सम्म ३४ घरपरिवार, रु. ६० देखि ९० हजार सम्म १० घरपरिवार, रु. ९० देखि १२० हजार सम्म ६ घरपरिवार, रु. १२० हजार देखि माथि खर्च गर्ने ४ जनाको घरपरिवार रहेको पाइयो ।

- सहकारीबाट ऋण लिई संचालित व्यावसाय व्यापार, कुखुरा पालन, ब्यूटिपार्लर, क्रिस्टल, धुप तथा मैनबत्ति, सिलाईकटाइ, तरकारी खेतीमा क्रमशः रु. १,६५,०००, रु. २,००,०००, रु.१,००,०००, रु. ६०,०००, रु.७५,००० र रु.१,३०,००० खर्च गरिएको पाइयो । सबैभन्दा बढी खर्च व्यापारमा देखियो भने सबैभन्दा कम खर्च स्क्रिटलमा देखियो ।

- सहकारीमा संलग्न सदस्यका घरपरिवारको जम्मा वार्षिक बचत रु.४,६२,५०७ र प्रति घरपरिवारको औसत बचत रू.९२५०.१४ रहेको पाइयो भने सहकारीमा संलग्न नहुनेहरूमा वार्षिक बचत रु. २,६२,७३९ र प्रति घरपरिवारको औसत वार्षिक बचत रु ५,२५४.७८ रहेको पाइयो ।

- नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरूको रु.१ देखि ५ हजारसम्म बचत गर्ने ३० प्रतिशत घरपरिवार, रु. ५ हजारदेखि १० हजारसम्म बचत गर्ने २६ प्रतिशत, रु.१० हजारदेखि १५ हजारसम्म बचत गर्ने १८ प्रतिशत, रु.१५ हजारदेखि २० हजारसम्म बचत गर्ने १२ प्रतिशत, रु. २० हजारदेखि २५ हजारसम्म बचत गर्ने ६ प्रतिशत र रु. २५ हजारभन्दा माथि बचत गर्ने ८ प्रतिशत घरपरिवार रहेको पाइएको थियो भने संलग्न नहुने तर्फ रु.१ देखि ५ हजारसम्म ५० प्रतिशत, रु. ५ हजारदेखि १० हजारसम्म २४ प्रतिशत, रु.१० हजारदेखि १५ हजारसम्म १२ प्रतिशत, रु.१५ हजारदेखि २० हजारसम्म ८ प्रतिशत, रु. २० हजारदेखि २५ हजारसम्म ४ प्रतिशत र रु. २५ हजारभन्दा माथि बचत गर्ने २ प्रतिशत सदस्यका घरपरिवार रहेको पाइयो ।

- नमूना छनोटमा परेका जम्मा १०० जना सदस्यहरू मध्ये सबभन्दा बढी ३०-४० वर्ष उमेर समूहका संलग्न १७ जना र सबभन्दा कम ५० वर्षभन्दा माथिका संलग्न ३ जना रहेको पाईयो भने असंलग्नमा सबभन्दा बढी २० देखी ३० जम्मा १५ जना रहेको पाइयो जहाँ सबैभन्दा कम २० वर्षभन्दा कम उमेर समूहका ५ जना रहेको पाइयो ।

- नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरू निरक्षर १६ प्रतिशत, साक्षर ८४ प्रतिशत र सहकारीमा असंलग्न सदस्यहरू २८ प्रतिशत निरक्षर ७२ प्रतिशत साक्षर रहेको पाइयो ।

- नमूना छनोटमा परेका सहकारीमा संलग्न र असंलग्न १०० सदस्यका ० देखि १५ बर्ष सम्मका १९० जना बालवालिका रहेको पाइयो । जसमा सहकारीमा संलग्न हुने सदस्यका ९४ जना र नहुनेका ९६ जना रहेको पाइयो । सहकारीमा संलग्न हुने र नहुने सदस्य दुवैका ५ बर्ष देखि १० बर्ष उमेर समूहका बालवालिका धेरै भएको पाइयो ।

- सहकारीमा संलग्न सदस्यहरूमा प्रा.वि. उत्तीर्ण ७ जना, नि.मा.वि. ६ जना, मा.वि ११ जना, उच्च मा.वि. उत्तीर्ण गर्ने ४ जना र उच्च शिक्षा उत्तीर्ण गर्ने २ रहेको पाइयो भने संलग्न नभएमा तर्फ प्रा.वि. ११ नि.मा.वि. ६, मा.वि. ३ र उच्च मा.वि. प्राप्त गर्ने १ जना रहेको पाइयो ।

- नमूना छनोटमा परेका सहकारीमा असंलग्न ४ सदस्यका ४ जना बालवालिका गरिबी, बावु आमाको अज्ञानता  र शारिरीक अस्वस्थ्यका कारण  विद्यालय नगएको पाइयो ।

- सहकारीमा संलग्न सदस्यका सबै बालवालिकाहरू विद्यालय गएको पाइयो ।

- नमूना छनोटमा परेका सहकारीमा संलग्न र असंलग्न सदस्यहरूले आफ्नो आम्दानीमा वृद्धि भए अनुसार बालवालिकाहरूलाई निजी विद्यालयमा पढाउने गरेको पाइयो । सहकारीमा संलग्न सदस्यहरूले असंलग्न सदस्यहरूको बालवालिकाहरूको तुलनामा दुई गुणा बढी बालवालिकाहरूलाई निजी विद्यालयमा पढाउने गरेको पाइयो ।

- सहकारीमा संलग्न भएका सदस्यका ३३.३३ प्रतिशत बालबालिका सरकारीमा ५८.७३ प्रतिशत बालबालिका निजीमा पढाएको पाइयो भने संलग्न नभएका तर्फ ५०.७५ प्रतिशत सरकारीमा र ३१.३४ प्रतिशत निजीमा पढाएको पाइयो ।

- सहकारीमा संलग्न भएका १२ प्रतिशतले सीपमूलक तालिम नपाएका र बाँकीले ८८ प्रतिशतले पाएको पाइयो भने चेतनामूलक/शिक्षामूलक तालिम ८८ प्रतिशतले पाएका र बाँकी १२ प्रतिशतले नपाएको पाइयो ।

# अध्याय-पाँच (CHAPTER-FIVE)

## ५. निष्कर्ष र सुझावहरू (CONCLUSION AND RECOMMENDATION)

यस अध्यायमा राखिएका उद्देश्यहरू प्राप्त गर्नका लागि प्राप्त तथ्याङ्कको विश्लेषण गरिसकेपछि प्राप्त भएका नतिजाहरूलाई क्रमशः सारांश, निष्कर्ष र सुझावहरूको रूपमा प्रस्तुत गरिएको छ ।

### ५.१ निष्कर्ष (Conclusion)

नल्लु गा.वि.स. को ललितपुरमा अवलोकन भ्रमण, उत्तरदाताबाट प्राप्त प्राथमिक सूचना, सहकारी संस्था तथा अन्य स्रोतबाट प्राप्त द्वितीय तथ्याङ्कको अध्ययन विश्लेषणबाट निम्नलिखित निष्कर्षमा पुगिएको थियो ।

१. नल्लु गा.वि.स. वडा नं. ३ मा सञ्चालित होस्टे हैसे बचत तथा ऋण सहकारी संस्थाका ६० वर्ष मुनिका ६६० जना सदस्यहरूलाई सहकारीमा संलग्न गराएको पाइयो ।

२. यस सहकारीले शेयर सदस्यहरूलाई उनीहरूको शेयर र बचत रकममा १०० प्रतिशत थपेर ऋण दिने साथै सामूहिक धितो जमानतको आधारमा पनि ऋण दिने गरेको पाइयो ।

३. यस सहकारीले ऋण लगानीमा १७ प्रतिशत ब्याज र बचतमा १२ प्रतिशत ब्याजदर निर्धारण गरेको पाइयो ।

४. यस सहकारीले दिने ऋणको समय अवधि कम्तिमा तीन महिनाको र बढीमा एक वर्षको रहेको पाइयो ।

५. यस सहकारीले कृषि, व्यापार, शिक्षा, स्वास्थ्य, वैदेशिक रोजगार, सदस्यको नाममा घर बनाउन र जग्गा खरिद गर्नका लागि ऋण दिने गरेको पाइयो ।

६. यस सहकरीको आ.व.२०७१/०७२ मा ऋण लगानी रु. ५१,०७९०४,।- गरेको पाइयो ।

७. नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरूले सहकारीमा संलग्न हुनुभन्दा अगाडि १६ प्रतिशतले बैंक तथा वित्तीय संस्थाबाट, ७० प्रतिशतले साहुमहाजनबाट र १४ प्रतिशतले अन्य स्रोतबाट ऋण लिएको पाइयो भने संलग्न भएपछि ७० प्रतिशतले सहकारीबाट ऋण लिएको पाइयो ।

८. सहकारीमा संलग्न सदस्यहरूका प्रतिघरपरिवारको बार्षिक औसत आम्दानी रु.६४,०७४.३४ र संलग्न नभएका सदस्यहरूका प्रतिघरपरिवारको बार्षिक औषत आम्दानी रु.३४,८२५.२२ रहेको पाइयो ।

९. सहकारीमा संलग्न सदस्यका प्रतिघरपरिवारको वार्षिक औसत खर्च रु.५४,८२४.२ र संलग्न नहुने सदस्यका प्रतिघरपरिवारको बार्षिक औषत खर्च रु.२९,५७०.४४ रहेको पाइयो । आम्दानी जस्तै खर्च पनि संलग्न नहुनेको तुलनामा संलग्न हुनेको खर्च दुई गुणाले धेरै रहेको पाइयो ।

१०. सहकारीमा संलग्न सदस्यहरूको प्रतिघरपरिवारको औसत वार्षिक बचत रु.९,२५०.१४ र संलग्न नभएकाको औसत वार्षिक बचत रु.५,२५४.७८ रहेको पाइयो । सहकारीमा संलग्न नहुनेको भन्दा संलग्न हुने घरपरिवारकोको औसत वार्षिक बचत २ गुणाले बढी रहेको पाइयो । सहकारीमा संलग्न सदस्यका घरपरिवारले कुल आम्दानीको २१.५१ प्रतिशत र संलग्न नभएकाले कुल आम्दानीको १६.१८ प्रतिशत बचत गरेको पाइयो ।

११. सहकारीमा संलग्न सदस्यहरूले सहकारीबाट ऋण लिई व्यावसाय संचालन गरेको पाइयो जसको आम्दानी रु.११,२५,०००, खर्च रु.७,३०,००० र बचत रु. ३,९५,००० रहेको पाइयो ।

१२. नमूना छनोटमा परेका सहकारीमा संलग्न भएका सदस्यका ३३.३३ प्रतिशत बालबालिका सरकारीमा ५८.७३ प्रतिशत बालबालिका निजीमा पढाएको पाइयो भने संलग्न नभएका तर्फ ५०.७५ सरकारीमा र ३१.३४ निजीमा पढाएको पाइयो । यसबाट संलग्न नहुनेको भन्दा संलग्न हुनेको २ गुणा भन्दा बढी बालबालिकाहरू निजी विद्यालयमा पढाएको पाइयो ।

१३. नमूना छनोटमा परेका सदस्यहरूले आम्दानी अनुसार बालवालिकाहरूलाई सरकारी र निजी दुवै विद्यालयमा पढाएको पाइयो ।

## ५.२ सुझावहरू (Recommendations)

माथि गरिएको अध्ययन आधारमा सदस्यहरूलाई उत्पादनमुखी, सीपमुखी बनाउने र सामाजिक क्रियाकलापमा सक्रिय बनाई गरिबी निवारण गर्ने कार्यमा सहभागी भएका सङ्घ संस्था वा अधिकारीहरूलाई, यस्ता कार्यक्रम लागु गर्ने निकाय वा आयोजकहरूलाई, नीति निर्माता र त्यससँग सम्बन्धित पक्षलाई यस्ता कार्यक्रमको सफलताको लागि निम्न अनुसार सुझावहरू प्रस्तुत गरिन्छ ।

### ५.२.१ नीति सम्बन्धी सुझावहरू (Policy Related Recommendations)

यस होस्टे हैसे बचत तथा ऋण सहकारी संस्थामा आबद्ध भएका र नभएका नमूना छनोटमा परेका सदस्यहरूको आर्थिक तथा शैक्षिक अध्ययन गर्दा नीतिगत रूपमा निम्न कुराहरूलाई सहकारी संचालक समितिले सुधार गर्नुपर्ने देखियो ।

१. सहकारीले नल्लु गा.वि.स. वडा नं. ३ का ६० बर्ष मुनिका सदस्यलाई मात्र संलग्न गराएको हुदाँ अन्य असंलग्न विवाहित र अविवाहित सदस्यलाई पनि संलग्न गराउन सहकारीले योजना बनाउनुपर्दछ ।

२. सहकारीमा संलग्न सदस्यको प्रति घर परिवारको औषत आम्दानी रु. ६४,०७४.३४ रहेकोमा यसलाई अझै बृद्धि गर्न सहकारीले सदस्यहरूका लागि थप आय आर्जनका कार्यक्रमहरू संचालन गर्नुपर्दछ ।

३. यस सहकारी संस्थाले दिने ऋणको अवधि कम्तिमा ३ महिना र बढीमा १ बर्ष मात्र भएकाले ऋणको समयावधी कम्तिमा १ बर्षको र बढीमा ३ बर्षसम्मको बनाउनु पर्छ ।

४. सहकारीमा संलग्न सदस्यहरूलाई १७ प्रतिशतको सट्टामा बैंक सरह ऋण सहकारीबाट उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ ।

५. शेयर सदस्यहरुको अभिलेख अनुसार केही सदस्यहरुको धेरै कम शेयर रहेको पाइएकोले उनीहरुको शेपर पुँजी बढाउने तर्फ प्रयत्न गरिनुपर्दछ ।

### ५.२.२ प्रयोगात्मक क्षेत्र सग सम्बन्धित सुझावहरू (Practice Related Recommendations)

१. ऋण लिने सदस्यहरूले ऋण लिएको रकम उद्देश्य अनुसार परिचालन गरे वा गरेनन् भनी कम्तिमा बर्षको दुइ पटक जति सहकारी संस्थाले निरीक्षण तथा अनुगमन गर्नुपर्छ ।

२. सहकारी संस्थामा संलग्न सदस्यहरुको शैक्षिक अवस्थालाई सुधार गर्न वा निरक्षरलाई साक्षर बनाउन तर्फ कार्यक्रमको व्यवस्था गर्नुपर्छ ।

३. आफ्नो कार्य क्षेत्र भित्र सामाजिक तथा सांस्कृतिक शैक्षिक र स्वास्थ्य लगायतका सचेतना कार्यक्रमहरु संचालन गरी सामाजिक विकास गर्नमा ध्यान दिनुपर्छ ।

४. सहकारीमा संलग्न पश्चात आम्दानी रु.३२,०३,७१७ र खर्च रु.२७,४१,२१० छ भने बचत रु.४,६२,५०७ रहेको छ । यो बचतलाई उत्पादन मुलक क्षेत्रमा खर्च गर्नुपर्ने देखिन्छ ।

### ५.२.३ आगामी अनुसन्धानसँग सम्बन्धित सुझाव (Further Related Recommendations)

सहकारी संस्थामा आवद्ध भएका र नभएका सदस्यहरूको आर्थिक र शैक्षिक अवस्थाको अध्ययन गर्दा आगामी नयाँ अनुसन्धानकर्ताहरूलाई निम्न सहयोग मिल्नेछ ।

१. सहकारी संस्थाले सदस्य शसक्तिकरणमा पारेको प्रभावको अध्ययन गर्न सनिन्छ ।

२. सहकारी संस्थाले सदस्यहरूलाई प्रवाह गरेको ऋणको प्रभावकारीताको अध्ययन गर्न सकिन्छ ।

३. सहकारी संस्थाले सदस्य तथा साना किसानहरूको आर्थिक, शैक्षिक र सामाजिक क्षेत्रमा पारेको प्रभावको अध्ययन गर्न सकिन्छ ।

## सन्दर्भ सूची (Reference)


अर्थमन्त्रालय (२०६९), *आर्थिक सर्वेक्षण,* काठमाडौं : अर्थमन्त्रालय नेपाल सरकार ।

अधिकारी, विष्णुमाया (२०६७), *साना किसान सहकारी संस्थाले कृषकको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव एका अध्ययन,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, शिक्षा शास्त्र केन्द्रिय विभाग, त्रि.वि.वि., कीर्तिपुर ।

अधिकारी, विष्णुप्रसाद (२०६७), *सहकारी संस्थाले समुदायमा पारको आर्थिक तथा शैक्षिक प्रभावः एक अध्ययन,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, शिक्षा शास्त्र केन्द्रिय विभाग, त्रि.वि.वि., कीर्तिपुर ।

अर्थशास्त्र शिक्षा विद्यार्थी समाज (२०६७), *आर्थिक सम्प्रेषण,* काठमाडौं : अर्थशास्त्र विद्यार्थी समाज ।

अर्याल, नारायण प्रसाद (२०६२), *साना किसान सहकारी संस्था लि.ले स्थानीय कृषकहरुको आर्थिक अवस्थामा पारेको प्रभावः एक अध्ययन,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, शिक्षा शास्त्र केन्द्रिय विभाग, त्रि.वि.वि., कीर्तिपुर ।

ओझा, यज्ञप्रसाद (२०६४), *विरेन्द्र नगरपालिकामा साना सहकारी संस्थाका सदस्यको सामजिक र आर्थिक अवस्थाको सिंहावलोकन,* अप्रकाशित शोधपत्र, समाजशास्त्र तथा मानविकी केनिद्रय विभाग, त्रि.वि.वि., कीर्तिपुर ।

कृषि तथा सहकारी नीति शाखा (२०६५), *कृषि सम्बनिध नीति ऐन, नियम र आदेशहरुको संगालो,* काठमाडौः कृषि तथा सहकारी मन्त्रालय, योजना महासाखा, नेपाल सरकार ।

केन्द्रिय तथ्याङ्क विभाग (२०६८), *नेपालको तथ्याङ्कीय झलक,* ललितपुर : केन्द्रिय तथ्याङ्क विभाग ।

कृषि विकास वैक (२०५४), *कृषि विकास वैक कुशल नीति,* ललितपुर : कृषि विकास वैक नेपाल ।

कोइराला, पद्मा (२०६६), *सहकारी संस्था : राष्ट्रको आर्थिक, सामाजिक, शैक्षिक विकासको अपरिहार्यता (आर्थिक सम्प्रेषण),* कीर्तिपुर : अर्थशास्त्र शिक्षा विद्यार्थी समाज, अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

तिमल्सिना, अमृतनाथ (२०७०), *सहकारी : सन्दर्भ र समिक्षा,* कालमजिवी बहुमुखी सहकारी संस्था लिमिटेड, ललितपुर ।

तिम्सिना, अप्सारा (२०६९) *सहकारी संस्थाले सदस्यहरुको आर्थिक तथा उनीहरुका बालबालिकाको शैक्षिक क्षेत्रमा पारेको प्रभावः एक अध्ययन,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, शिक्षा शास्त्र केन्द्रिय विभाग, त्रि.वि.वि.,कीर्तिपुर ।

दाहाल, (२०५७), *अर्थशास्त्र १०,* भक्तपुरः जनकशिक्षा सामग्री केन्द्र लिमिटेड ।

पोखरेल, डोरेन्द्र कुमार (२०७३), *सहकारी संस्थाले सदस्यहरुको पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव,* कीर्तिपुर नगरपालिका ।

पौड्याल, मुक्तिनाथ (२०६०), *नेपालको ग्रामीण अर्थतन्त्रको विकासमा साना किसान सहकारी संस्थाको भूमिका आनन्दवन स.सं. एक अध्ययन,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

पौड्याल, नारायण प्रसाद (२०६०), *साना किसान सहकारी संस्था लि.ले स्थानीय कृषकहरुको आर्थिक अवस्थामा पारेको प्रभावः एक अध्ययन,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, उमाकान्त, (२०६६), *सहकारी संस्थाले कृषि क्षेत्रमा गरको लगानी एक अध्ययनः चितवन जिल्ला (अप्रकाशित सोधपत्र)* अर्थशास्त्र शिक्षा विभाग, शिक्षा शास्त्र केन्द्रिय विभाग, त्रि.वि.वि., कीर्तिपुर ।

निउरे, ध्रुव प्रसाद (२०६८), *अनुसन्धान पद्धति,* काठमाडौं : क्वेष्ट पब्लिकेशन ।

राष्ट्रिय योजना आयोग (२०६८), *त्रिवर्षिय योजनाको आधारपत्र (२०६९/७०-२०७१/७२),* काठमाडौं : राष्ट्रिय योजना आयोग ।

राष्ट्रिय सहकारी विकास बोर्ड (२०६६), *सहकारी दिग्दर्शन (वार्षिक अंक),* ललितपुर : राष्ट्रिय सहकारी विकास बोर्ड ।

राष्ट्रिय सहकारी विकास बोर्ड (२०६७), *सहकारी दिग्दर्शन (वार्षिक अंक),* ललितपुर : राष्ट्रिय सहकारी विकास बोर्ड ।

राष्ट्रिय योजना आयोग (२०६८), *बाह्रौं त्रिवर्षिय योजना (०६९/७०-२०७१/७२),* काठमाडौं : राष्ट्रिय योजना आयोग ।

वास्कोटा, डी. (२०६५), *सहकारी आन्दोलन एक अवलोकन,* काठमाडौः कृषि सञ्चार महाशाखा, कृषि तथा सहकारी मन्त्रालय, नेपाल सरकार ।

शर्मा, खगराज (२०६९), *गरिवी निवारणको सहयात्रीको रुपमा बचत तथा ऋण सहकारीहरु एक अध्ययन विश्लेषण,* (नेपाल राष्ट्र बैंक समचार) काठमाडौः नेपाल राष्ट्र बैंक गभर्नरको कार्यलय जनसम्पर्क महाशाखा ।

सुवेदी, आनन्दप्रसाद (२०६०), सहकारी संस्थाले गरेको आर्थिक लागानी एक अध्ययन, काठमाडौः कीर्तिपुर ।

होस्टे हैसे बचत तथा ऋण सहकारी संस्था लि. (२०६३), नल्लु गा.वि.स. ललितपुर ।

ADB\N (1988*). Programme Review and Planing Workshop,* Kathmandu : Agriculture Development Bank.

Chaudhary, Parkash (2008). *Role of Co-operative in Riral Women Empowerment*, Unpublished, Dissertation, Central Department of Rural Development, TU, Kirtipur.

Gurung, R. K. (2002). *An economic impact of micro credit project for women (MCPW) in Nepal.* An unpublished dissertation, Central Department of Economics T.U., Kirtipur.

Shrestha, P. Puspa, (2007). *Regional Differential in Gender Empowerment Measure, (From Exclusion to Inclusion),* Lalitpur: Social Inclusion Research Fund

## अनुसूची - १

### होस्टे हैसे बचत तथा ऋण सहकारी संस्थाका अध्यक्षलाई सोधिने प्रश्नको नमुना

सहकारी संस्थाको नाम :-

ठेगाना :-

दर्ता नं. :-

अध्यक्षको नाम : -

ठेगाना :-

१. यस संस्थामा कहिले देखि संलग्न हुनुहुन्छ ?

..........................................................................................

२. यस संस्थाले विशेष गरी कसका लागि कार्यक्रमहरु सञ्चालन गरेका छ ?

..........................................................................................

३. यस संस्थाले पुऱ्याउँदै आएको सेवा कुन-कुन क्षेत्रसँग सम्बन्धित छ ?

..........................................................................................

४. यस संस्थाप्रति सदस्य कत्तिको आकर्षित छन् ?

..........................................................................................

५. धेरै आकर्षित छन भने आकर्षित हुनुका कारणहरु के-के हुन् ?

..........................................................................................

६. हाल सम्म यस संस्थामा जम्मा सदस्य संख्या कति छन् ?

..........................................................................................

७. के सबै सदस्यहरु सक्रिय रुपमा लागेका छन् ?

..........................................................................................

८. यस संस्थाबाट सदस्यहरुलाई ऋण दिँदा के को आधारमा दिनुहुन्छ ?

..........................................................................................

९. यस संस्थाबाट सदस्यहरुलाई दिने ऋण सम्बन्धी व्यवस्था कस्तो रहेको छ ?

..........................................................................................

१०. यस संस्थाबाट सदस्यहरुलाई दिने ऋणको ब्याजदर र सदस्यहरुको बचतको ब्याजदर सम्बन्धी व्यवस्था कस्तो रहेको छ ?

..........................................................................................

११.  यस संस्थाबाट दिइने ऋणको असुली प्रक्रिया सम्बन्धी व्यवस्था कस्तो रहेको छ ?

.....................................................................................................

१२.  यस संस्थाले गर्दै आएको सेवामा कुनै समस्या आएको छ ?

.....................................................................................................

१३.  छ भने कस्ता समस्याहरु आएका छन् ?

.....................................................................................................

१४.  देखिएका समस्याहरु समाधानका लागि कस्तो प्रक्रिया अपनाउनु भएको छ ?

.....................................................................................................

## अनुसूची - २

## सहकारी संस्थामा संलग्न सदस्यहरुको लागि तयार पारिएको प्रश्नावली

**(क) विवरणात्मक प्रश्न**

१.१ नाम :

१.२ ठेगाना :

१.३ उमेर :

१.४ पेशा :

१.५ योग्यता :

२. पारिवारिक विवरण

| परिवार संख्या | उमेर समूह | | | | |
|---|---|---|---|---|---|
| | ०-५ | ५-१५ | १५-४५ | ४५-६० | ६० माथि |
| सदस्य | | | | | |
| पुरुष | | | | | |
| जम्मा | | | | | |

**(ख) आर्थिक विवरणात्मक प्रश्नहर**

१. तपाइको वार्षिक आम्दानीको स्रोतहरु के के हुन् ?

| आम्दानीका स्रोतहरु | वार्षिक आम्दानी (रु.मा) |
|---|---|
| (क) कृषि | ...................... |
| (ख) जागिर | ...................... |
| (ग) उद्योग व्यापार | ...................... |
| (घ) वैदेशिक रोजगार | ...................... |
| (ङ) अन्य | ...................... |

२. तपाईको आम्दानीबाट प्राप्त रकम कुन-कुन क्षेत्रमा खर्च गर्नुहुन्छ ?

| खर्चका स्रोतहरु | खर्च रकम (रु.मा) |
|---|---|
| (क) खाद्यान्न | ...................... |
| (ख) शिक्षा | ...................... |
| (ग) स्वास्थ्य | ...................... |
| (घ) चाडपर्व | ...................... |
| (ङ) अन्य | ...................... |

३. होस्टे हैसे बचत तथा ऋण सहकारी संस्थामा कहिलेदेखि सहभागी हुनुभयो ?

वि.सं. ..............................

४. तपाईले बचत गर्नु भएको छ ?

.........................................................................................

४.१ गर्नु भएको छ भने वर्षमा कति गर्नु भएको छ ?

.........................................................................................

४.२ गर्नुभएको छैन भने किन गर्नुभएन ?

.........................................................................................

५. होस्टे हैसे बचत तथा ऋण सहकारी संस्थामा किन सहभागी हुनुभयो ?

(क) ऋण प्राप्त गर्न ( ) (ख) आत्मनिर्भर बन्न ( )

(ग) साक्षरता लागि ( ) (घ) छिमेकी सदस्य भएकोले ( )

६. होस्टे हैसे बचत तथा ऋण सहकारी संस्थामा आवद्ध हुनुभन्दा पहिले ऋण कोसँग लिनुहुन्थ्यो ?

(क) बैंकसँग ( ) (ख) साहुमहाजन सँग ( )

(ग) आफन्त सँग ( ) (घ) अन्यसँग ( )

७. तपाइले यस संस्थाबाट कुन-कुन उद्देश्यका लागि ऋण लिनु भएको छ ?

(क) शिक्ष ( ) (ख) स्वास्थ्य ( ) (ग) कृषि ( )

(घ) व्यापार ( ) (ङ) अन्य .............

८. तपाइले यस संस्थाबाट ऋण लिई व्यावसाय गर्नु भएको छ ?

क. छ ( ) ख. छैन ( )

९. ऋण लिई कुन कुन व्यावसाय गर्नु भएको छ ?

क................

ख. ...........

ग............

घ.............

१०. ती व्यावसायको आम्दानी, खर्च र बचत के कति छ ?

| क.सं. | व्यावसाय | आम्दानी (रु.) | खर्च (रु.) | बचत (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

११. यस संस्थाबाट लिनुभएको ऋणको ब्याजदर तपाईलाई कस्तो लाग्छ ?

(क) सस्तो ( ) (ख) महंगो ( ) (ग) सामान्य ( )

१२. यस संस्थाबाट प्राप्त ऋण उद्देश्य अनुसार नै खर्च गर्नु हुन्छ ?

(क) गर्छु ( ) (ख) गर्दिन ( )

१३. तपाइले यस संस्थाबाट लिएको ऋणको कार्यान्वयन गर्दा सम्बन्धित निकायबाट निरीक्षण हुन्छ ?

(क) हुन्छ ( ) (ख) हुँदैन ( )

१४. तपाइले यस संस्थामा सहभागी भएपछि कुनै आयमूलक तालिम लिनु भएको छ ?

(क) लिएकी छु ( ) (ख) लिएकी छैन ( )

(ग) ( ) (घ) ( )

१५. तपाई यस संस्थामा आवद्ध भएपछि के फाइदा भएको छ ?

..........................................................................................

१६. यस सहकारी संस्थाका समस्याहरु के-के रहेका छन् ?

..........................................................................................

## (ग) शैक्षिक विवरणात्मक प्रश्न

१. तपाईले आफ्नो बालबाकिलालाई कति वर्षको उमेरदेखि विद्यालय पठाउनुभयो ?

(क) ४ वर्ष ( ) (ख) ५ वर्ष ( )

(ग) ६ वर्ष ( ) (घ) ७ वर्ष ( )

२. हाल तपाइका बालबालिकाहरु कति वर्षका कुन-कुन तहमा कतिजना अध्ययनरत हुनुहुन्छ ?

| तह | वर्ष | बालबालिकाको संख्या |
|---|---|---|
| (क) प्रा.वि. | ............ | .............................. |
| (ख) नि.मा.वि. | ............ | .............................. |
| (ग) मा.वि. | ............ | .............................. |
| (घ) उ.मा.वि. | ............ | .............................. |
| (ङ( उच्च शिक्षा | ............ | .............................. |

३. तपाईका बालबालिका कुन शिक्षण संस्थामा अध्ययरत छन् ?

(क) सरकारी ( ) (ख) निजी ( )

४. यदि सरकारी वा निजी हो भने किन सरकारी विद्यालयमा पढाउनु भयो ?

(क) आर्थिक स्थिति कमजोर भएर ( )

(ख) नजिकै निजी विद्यालय नभएर ( )

(ग) शैक्षिक स्थर फरक नभएर ( )

(घ) अन्य ( )

५. सहकारी संस्थामा संलग्न भएपछि तपाईको परिवारको शैक्षिक स्थितिको प्रभाव कस्तो परेको छ ?

(क) राम्रो ( ) (ख) नराम्रो ( )

## अनुसूची - ३

## सहकारी संस्थामा संलग्न नभएका सदस्यहरुको लागि तयार पारिएको प्रश्नावली

**(क) विवरणात्मक प्रश्न**

१.१ नाम :

१.२ ठेगाना :

१.३ उमेर :

१.४ पेशा :

१.५ योग्यता :

२. पारिवारिक विवरण

| परिवार संख्या | उमेर समूह | | | | |
|---|---|---|---|---|---|
| | ०-५ | ५-१५ | १५-४५ | ४५-६० | ६० माथि |
| सदस्य | | | | | |
| पुरुष | | | | | |
| जम्मा | | | | | |

**(ख) आर्थिक विवरणात्मक प्रश्नहर**

१. तपाइको वार्षिक आम्दानीको स्रोतहरु के के हुन् ?

| आम्दानीका स्रोतहरु | वार्षिक आम्दानी (रु.मा) |
|---|---|
| (क) उद्योग व्यापार | ..................... |
| (ख) जागिर | ..................... |
| (ग) कृषि | ..................... |
| (घ) वैदेशिक रोजगार | ..................... |
| (ङ) अन्य | ..................... |

२. तपाईको आम्दानीबाट प्राप्त रकम कुन-कुन क्षेत्रमा खर्च गर्नुहुन्छ ?

| खर्चका स्रोतहरु | खर्च रकम (रु.मा) |
|---|---|
| (क) उपभोग | ..................... |
| (ख) शिक्षा | ..................... |
| (ग) स्वास्थ्य | ..................... |
| (घ) चाडपर्व | ..................... |
| (ङ) अन्य | ..................... |

३.	तपाईले बचत गर्नु भएको छ ?

...........................................................................................

४.	तपाईले ऋण को सँग लिनु हुन्छ ?

(क) बैंक ( )	(ख) साहुमहाजन ( )

(ग) आफन्तबाट ( )	(घ) अन्यबाट ( )

५.	तपाई यस संस्थामा किन सहभागी हुनु भएन ?

(क) थाहा नभएर ( )	(ख) कुनै फाइदा नदेखेर ( )

(ग) इच्छा नलागेर ( )	(घ) नियम कठिन भएर ( )

६.	तपाईको वार्षिक आम्दानी कति हुन्छ ?

रु.......................................................

७.	वार्षिक खर्च कति छ ?

.....................................................

८.	तपाई हाल यस सहकारी संस्थामा सहभागी हुन चाहनुहुन्छ ?

(क) चाहन्छु ( )	(ख) चाहँदैन ( )

**(ग) शैक्षिक विवरणात्मक प्रश्न**

१.	तपाईले आफ्नो बालबाकिलालाई कति वर्षको उमेरदेखि विद्यालय पठाउनुभयो ?

(क) ४ वर्ष ( )	(ख) ५ वर्ष ( )

(ग) ६ वर्ष ( )	(घ) ७ वर्ष ( )

२.	हाल तपाइका बालबालिकाहरु कति वर्षका कुन-कुन तहमा कतिजना अध्ययनरत हुनुहुन्छ ?

| तह | वर्ष | बालबालिकाको संख्या |
|---|---|---|
| (क) प्रा.वि. | ............. | ................................ |
| (ख) नि.मा.वि. | ............. | ................................ |
| (ग) मा.वि. | ............. | ................................ |
| (घ) उ.मा.वि. | ............. | ................................ |
| (ङ) उच्च शिक्षा | ............. | ................................ |

३.	तपाईका बालबालिका कुन शिक्षण संस्थामा अध्ययरत छन् ?

(क) सरकारी ( )	(ख) निजी ( )

४. यदि सरकारी हो भने किन सरकारी विद्यालयमा पढाउनु भयो ?

(क) आर्थिक स्थिति कमजोर भएर (   )

(ख) नजिकै निजी विद्यालय नभएर (   )

(ग) शैक्षिक स्थर फरक नभएर (   )

(घ) अन्य (   )

५. यदि निजी हो भने किन निजी विद्यालयमा पढाउनु भएको हो ?

(क) आर्थिक स्थिति सबल भएर (   )

(ख) नजिकै सरकारी विद्यालय नभएर (   )

(ग) शैक्षिक स्तरमा फरक भएर (   )

(घ) अन्य (   )